## अपाङ्गता सम्बन्धी

# १० वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना

## २०७३-२०८२

**दोस्रो मस्यौदा**

दोस्रो मस्यौदा

## खण्ड एक

## अपाङ्गताको पृष्ठभूमी र वर्तमान अवस्था

## अन्तर्राष्ट्रिय परिवेश

सन २०११ मा विश्व वैंक र विश्व स्वास्थ्य संगठनद्वारा प्रकाशित अपाङ्गता सम्बन्धि विश्व प्रतिवेदनले जनाए अनुसार संसारको कुल जनसंख्याको १५%मानिसहरूमा कुनै न कुनै रूपमा अपाङ्गता रहेको छ । अपाङ्गता भएका व्यक्तिहरूको कुल जनसंख्याको ८० प्रतिशत गरिब तथा अल्पविकसित देशमा वस्छन जसमध्ये २० प्रतिशत भन्दा बढी गरिवीको रेखामुनी रहेका छन । सामाजिक विभेद तथा उपेक्षा; आधारभूत सेवा सुविधामा न्यून पहुँच; अवरोधयुक्त भौतिक संरचना, प्रणाली र सुविधाहरू; मानव अधिकारहरूको उपयोगमा अवरोध; विभेदकारी नियम,कानुन र अभ्यासहरू र निर्णय प्रकृयामा सहभागी हुन नपाउने अवस्था अपाङ्गता भएका व्यक्तिका विश्वव्यापी साझा सवालहरू हुन ।

१९४८ को मानवअधिकारको विश्वव्यापी घोषणापत्रसँगै अन्तर्राष्ट्रिय परिवेशमा अपाङ्गता भएका व्यक्तिका अधिकारहरूलाई कुनै न कुनै रूपमा स्वीकार गर्न थालिएको हो ।यसै सन्दर्भमा सन १९७१ मा बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि घोषणापत्र ल्याइयो भने १९७५ मा अपाङ्गता भएका व्यक्तिका अधिकारहरूलाई प्रवर्द्ध गर्न छुट्टै घोषणापत्र जारि गरियो । अपाङ्गता भएका व्यक्तिका अधिकारका पक्षमा कामहरूलाई थप प्रभावकारी बनाउन राष्ट्र संघले सन १९८१ लाई अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्षको रूपमा घोषणा गर्यो र सन १९८२ मा अपाङ्गता भएका व्यक्तिहरूको विकास र सशसक्तिकरणको लागि काम गर्न विश्व कार्य योजना (The world Program of Action Concerning Disabled Persons)जारि गरियो । १८८३ देखि१९९२ को अवधिलाई विभिन्न कार्यक्रमहरू सहित अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दशकको रूपमा मनाउने घोषणा भयो । सन १९८९ मा संयुक्त राष्ट्रसंघले पारित गरेको बालअधिकार सम्बन्धी महासन्धीमा अपाङ्गता भएका बालबालिकाका समेत केहि अधिकारहरू समेटिए भने १९९० मा थाइल्याण्डको जोमटिएनमा भएको सबैको लागि शिक्षा सम्बन्धी विश्व सम्मेलनले जारी गरेको घोषणापत्र र सन २००० मा सेनेगलको डकारमा भएको शिक्षा सम्बन्धी विश्व सम्मेलनले अवलम्बन गरेको १५ वर्षे कार्ययोजनाले अपाङ्गता भएका बालबालिकाको शिक्षाको अधिकारलाई पनि सम्बोधन गर्यो । १९९३ मा राष्ट्र संघले पुन: अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरूलाई थप सम्बोधन गर्दै अवसर समानिकरण सम्बन्धि प्रामाणिक नियमहरू जारी गर्यो जुन एक प्रकारको नरम प्रकृतिको कानुन थियो । यस कानुनले पहिलोपटक अपाङ्गतालाई विकासको सवाल सँग जोड्दै अपाङ्गता भएका व्यक्तिहरूलाई विकासका वाहक तथा लक्षित समुह दुवैको रूपमा परिभाषित गर्‍यो ।

उल्लेखित घोषणापत्र, कार्यक्रम र नियमहरूलाई नै आधार बनाएर विकसित देशहरूमा अपाङ्गता भएका व्यक्तिका अधिकारसुनिश्चितताको लागि र उनीहरूलाई समानरूपमा मानवअधिकारको प्रत्याभूति गर्न निकै राम्रो काम गरेको भएतापनि विकासशील, विकास्वन्मुख, अविकसित तथा अल्पविकसित देशहरूमा भने आशातित रूपमा परिणामहरू आउन सकेनन् । मानवअधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा संझौताहरूले सबैलाई समान रूपमा अधिकारहरू प्रदान गरेको भएतापनि उक्त अधिकारहरू अपाङ्गता भएका व्यक्तिहरूको हकमा वास्तविक जीवनमा चरितार्थ हुन सकेनन् । वाध्यकारी कानुनी व्यवस्थाहरूको अभावले गर्दा कतिपय देशहरूका लागि अपाङ्गता वा अपाङ्गता भएका व्यक्तिहरूका सवालहरू प्राथमिकतामा पर्न सकेनन् ।

त्यसैलेअपाङ्गता भएका व्यक्तिकहरूको अधिकारहरूलाई अझ प्रष्ट पार्न र विश्व समुदायलाई अपाङ्गता भएका व्यक्तिका अधिकारहरू प्रति जिम्मेवार बनाउन छुट्टै र बाध्यकारी अन्तर्राष्ट्रिय कानुनको आवश्यकता महसुस गरियो । यसै आवश्यकतालाई मध्यजनर गरि सन २००६ को डिसेम्बर १३ मा संयुक्त राष्ट्रसंघले "अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि" पारित गरि ३० मार्च २००७ देखि हस्ताक्षर र अनुमोदनका लागि खुला गर्यो । २१ औँ सताब्दीकै पहिलो मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनको रूपमा आएको यो महासन्धि ३ मे २००८ देखि विश्वभर लागू भएको छ । नेपालको व्यवस्थापिका संसदले यस महासन्धीलाई २००९ को डिसेम्बर २७ मा अनुमोदन गरेको हो ।

एशिया तथा प्रशान्त क्षेत्रलाइ हेर्ने हो भने यस क्षेत्रमा अपाङ्गता अधिकारलाई प्रवर्द्धन गर्नका लागि यस क्षेत्रमा काम गरिरहेको राष्ट्रसंघीय निकाय "एशिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा समाजिक आयोग (ESCAP) " को भूमिका निकै महत्वपूर्ण रहेको पाइन्छ ।अपाङ्गता भएका व्यक्तिको अधिकार प्रवर्द्धनको लागि एशिया तथा प्रशान्त क्षेत्रमा छुट्टै नीति, योजना र रणनीतिहरू निर्माण गरि काम गर्न १९९२ देखि सुरू गरिएको हो । यसै क्रममा २३ एप्रील १९९२ मा १९९३ देखि २००२ सम्मको अवधिलाई यस क्षेत्रका लागि विभिन्न कार्यक्रम र नीतिहरू सहित अपाङ्गता सम्बन्धी पहिलो क्षेत्रीय दशकको रूपमा घोषणा गरियो । यसैगरि सन २००२ मा "अपाङ्गता भएका व्यक्तिहरूका लागि समावेशी, अवरोधमुक्त र अधिकारमा आधारितसमाज" भन्ने नाराका साथ नयाँ नीति र कार्ययोजना सहित पुन २००३ देखि २०१२ को अवधिलाई एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको विस्तारित दशकको रूपमा घोषणा गरि काम गरियो । अपाङ्गता अधिकारका लागि छुट्टै महासन्धिको आगमन  सँगै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण र सम्बर्द्धनमा नयाँ आयाम थपिए पछि विश्वव्यापी रूपमा महासन्धीको प्रभावकारी कार्यान्वियन र यसको अनुगमन आजको प्रमुख मुद्दा बनेको छ । यसै सन्दर्भलाई आत्मसात गरि युएन स्क्यापको आयोजनामा एशिया तथा प्रशान्त क्षेत्रका सदस्य र सह सदस्य राष्ट्रका सरकार प्रमुख र नागरिक समाजका प्रतिनिधिहरू दक्षिण कोरियाको इन्च्योन शहरमा सन २०१२ को २९ अक्टुवर देखि २ नोभेम्वर सम्म भेला भई २००३ देखि २०१२ सम्मको क्षेत्रीय दशकको कार्यान्वयनको समिक्षा गरे । सोहि सम्मेलनले आगामी समयमा महासन्धिको कार्यान्वयनलाई मुख्य उद्देश्य बनाइ सन २०१३ देखि २०२२ सम्मको अवधिका लागि १० वटा प्रमुख लक्ष, २७ वटा मुख्य अपेक्षित उपलब्धीहरू र ६४ वटा मापनयोग्य सूचकहरू सहितको १० वर्षे क्षेत्रीय रणनीतिको घोषणा गरिएको छ । Make the Rights Real भन्ने मुख्य नाराका साथ घोषणा गरिएको यस रणनीतिलाई **इन्च्योन रणनीति** भनेर नामाकरण गरिएको छ । युएन स्क्यापको सदस्य राष्ट्रको हैसियतले नेपालले पनि एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता सम्बन्धी हरेक क्षेत्रीय नीति, कार्यक्रम र रणनीतिहरूमा आफ्नो पूर्ण प्रतिवद्धता जनाउँदै आएको छर सम्बन्धित हरेक सम्मेलनहरूमा सकृय सहभागिता पनि जनाउँदै आएको छ ।

## राष्ट्रिय परिवेश

नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको वारेमा विस्तृत तथ्याङ्क हाल कुनै पनि निकायसँग छैन । पछिल्लो राष्ट्रिय जनगणना २०६८ मा अपाङ्गता भएका व्यक्तिको समेत गणना गर्ने सामान्य व्यवस्था गरिएको थियो । सो जनगणनाको प्रतिवेदनले जनाए अनुसार नेपालको कुल जनसंख्याको १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू रहेका छन् । नेपालमा अपाङ्गता भएका व्यक्तिहरू लामो समयदेखि सामाजिक विभेदमा परेको र सेवा सुविधा तथा अवसरमा ज्यादै कम पहुँच भएको समुहको रूपमा चिनिन्छन् । समान आधारमा समावेशी शिक्षा, पहुँचयुक्त

स्वास्थ्योपचार र सेवा, रोजगारी, स्वरोजगारी, तालिम, अपाङ्गता मैत्री सार्वजनिक सेवा, सुविधा तथा संरचना, पुनर्स्थापना, सहायक सामग्री र सहयोगी सेवा, अपाङ्गता मैत्री कानुन र निर्णय प्रकृयाहरू, विशेष सामाजिक सुरक्षा, सामाजिक भेदभावबाट मुक्ति, निर्णय प्रकृयाहरूमा अपाङ्गता भएका व्यक्तिको सहभागिता जस्ता विषयहरू हाल नेपालमा अपाङ्गताभएका व्यक्तिको अधिकारका सन्दर्भमा उठिरहेका जल्दावल्दा सवालहरू हुन ।

नेपालमा सरकारले अपाङ्गताका सवालहरूलाई अलग्गै कानुन बनाइ सम्बोधन गर्न २०३९ सालदेखि थालेको हो । राष्ट्रसंघले सन १९८१ लाई अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय वर्ष घोषणा गरे सँगसँगै नेपालले पनि "अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९" लागू गरि यसको सुरूवातगरेको हो । छुट्टै कानुन बनाइ काम गर्न २०३९ सालबाट थालिएको भएतापनि यस अघिनै गैर सरकारी स्तरमा अपाङ्गता भएका व्यक्तिहरूका लागि केहि कामहरूको सुरूवात भने भैसकेको थियो । २०२१ सालदेखि दृष्टिविहीनहरूको लागि, २०२३ सालदेखि सुस्तश्रवणहरूका लागि र २०२६ सालदेखि शारीरिक अपाङ्गता भएकाहरूका लागि शिक्षा दिनसंस्थागत प्रयासहरू सुरु भैसकेका थिए । यसैगरि २०३० सालमा सरकारी स्तरमा विशेष शिक्षा परिषदको स्थापना गरि अपाङ्गता भएका व्यक्तिहरूलाइ शिक्षामा पहुँच पुर्‍याउने थप प्रयासहरू भएका थिए ।

"नेपाल अधिराज्यको संविधान २०४७" ले पहिलो पटक अपाङ्गता भएका व्यक्तिका केहि अधिकारहरूलाई निर्देशक सिद्दान्तहरूमा उल्लेख गर्‍यो । २०३९ सालमा बनेको कानुनको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पर्ने लामो समयसम्म बन्न नसकेको नियमावली "अपाङ्ग संरक्षण तथा कल्याण नियमावली" २०५१ सालमा बन्यो । २०५३ सालमा विशेष शिक्षालाई प्रवर्द्धन गर्नको लागि छुट्टै विषेश शिक्षा नीति निर्माण गरियो जसले विशेष शिक्षा परिषदमा अपाङ्गता क्षेत्रको प्रतिनिधित्व समेत सुनिश्चित गर्यो ।

२०४७ सालको राजनैतिक परिवर्तन पछि बनेको नयाँ सम्बिधानले जनतालाई आफ्ना वर्गीय, पेशागत र सामुहिक सवालहरूमा स्वयम सकृय र संगठित भई काम गर्न अधिकार प्रदान गर्‍यो । यस अवसरको उपयोग गरि अपाङ्गता भएका व्यक्तिहरू पनि गैर सरकारी स्तरमा आफ्नो अधिकारको लागि संस्थागत रूपमा संगठित हुन थाले । २०५० सालमा "राष्ट्रिय अपाङ्ग महासंघ नेपाल"को स्थापना भयो । राष्ट्रिय अपाङ्ग महासंघको स्थापना सँगै अपाङ्गताको अधिकारमुखी र सामाजिक अवधारणाको विस्तारै प्रचार र प्रसार हुन थाल्यो । १९९३ मा संयुक्त राष्ट्रसंघले जारी गरेका अवसर समानीकरण सम्बन्धी प्रामाणिक नियमहरूले अपाङ्गतालाई सामाजिक र विकासको दृष्टिकोणबाट व्याख्या गर्यो । यसले अपाङ्गता कुनै व्यक्तिगत रोग, समस्या वा असक्षमता नभएर सामाजिक विभेद र विभिन्न अवरोधहरूबाट सृजित एक अवस्था हो जसबाट व्यक्तिलाई मुक्त गरि समाजमा समान हैसियतमा सकृय र उत्पादनशील जीवन ज्यून सक्ने बनाउन सकिन्छ भन्ने वृहत दृष्टिकोण अघी सार्दै अपाङ्गता दान, दया र पुण्यको विषय नभई विकास प्रकृया र मानवअधिकारसँग आवद्ध गरेर सम्बोधन गर्नुपर्ने विषय हो भन्ने मान्यता स्थापित गर्यो ।यस मुल्य र मान्यतालाई नेपालमा स्थापित र प्रचार प्रसार गर्न अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित गैर सरकारी संस्था, अपाङ्गता भएका व्यक्तिहरूका लागि काम गर्ने गैर सरकारी संस्था, अपाङ्गता अधिकार कर्मी र मानवअधिकार कर्मीहरूको पहल निकै राम्रो रहेको छ भने यस नयाँ अवधारणालाई नेपाल सरकारले पनि क्रमश संस्थागत गर्दै लगेको छ ।

नेपालमा अपाङ्गता क्षेत्रमा काम गर्ने संघ संस्थाहरूको सकृयता सँगै राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई क्रमश नीति र कार्यक्रमहरूमा पनि सम्बोधन गर्दै आएको छ । अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र दिने

कामको सुरूवात २०५७ सालदेखि गरियो भने  वदलिँदो चाहना र अपाङ्गताको वदलिँदो अवधारणालाई आत्मसात गरि नेपाल सरकारले २०६३ सालमा अपाङ्गताको परिभाषा र वर्गीकरणलाई पुन परिभाषित गर्‍यो । सोहि साल महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना समेत निर्माण गरि लागू गर्यो ।अपाङ्गताको नयाँ परिभाषा र वर्गीकरण अनुसार परिचयपत्रलाई अपाङ्गताको गम्भीरताको आधारमा चार प्रकारमा वर्गीकरण गरि महिला तथा बालबालिका कार्यालयबाट उपलब्ध गराउने व्यवस्था गरियो र  परिचयपत्र वितरण सम्बन्धी निर्देशिकालाई थप विस्तृत बनाइयो । अपाङ्गतालाई अन्य सवालसँग सँगसँगै जाने सवाल (Cross Cutting issue) को रूपमा ग्रहण गरि केहि सेवा सुविधाहरू शिक्षा ऐन, स्थानीय स्वायत्व शासन ऐन, सार्वजनिक यतायात सम्बन्धी ऐन, भवन निर्माण आचारसंहिता, निजवामति सेवा ऐन तथा नियमावलीमा उल्लेख गरिएको छ । हाल अपाङ्गता भएका व्यक्तिहरूलाई निजामति सेवामा ५ प्रतिशत सिट आरक्षण गरिएको छ भने सरकारी विद्यालय तथा कलेज दुवैमा शिक्षा नि:शुल्क गरिएको छ । हवाइ तथा स्थलका सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्तिहरूलाई भाडामा ५० प्रतिशत छुट दिएको छ भने आयकरको दायरा अपाङ्गता भएका व्यक्तिको हकमा ५० प्रतिशतले फराकिलो पारिएको छ । अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापनाको लागि राष्ट्रिय अपाङ्ग कोषको व्यवस्था गरिएको छ भने महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयमार्फत ७५ वटै जिल्लामा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिएको छ । अपाङ्गता भएका बालबालिका र व्यक्तिहरूलाई पनि अन्य बालबालिका सरहनै समावेशी वातावरणमा शिक्षा दिनुपर्छ भन्ने पछिल्लो मान्यतासँगै नेपालमा पनि शिक्षा विभागले समावेशी शिक्षाको अवधारणालाई आत्मसात गरेको छ । गैर सरकारी निकायहरूसँग साझेदारी गरि महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयलये अपाङ्गताको सवालमा जनचेतना, पुनर्स्थापना र शसक्तिकरणका कामहरू गर्दै आएको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत अपाङ्गता भएका व्यक्तिहरूलाई मासिक रु ३०० देखि १००० सम्म भत्ताको व्यवस्था गरिएको छ । २०६९ सालमा अपाङ्गता भएका व्यक्तिहरूका लागि भौतिक संरचना र सञ्चार सेवा पहुँचयुक्त बनाउन मन्त्रीपरिषदबाट छुट्टै निर्देशिका पारित गरि लागू गरिएको छ ।

नेपाल सरकारले अपाङ्गताको सवाल हेर्न महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयमा २०७१ साल देखि एउटा छुट्टै अपाङ्गता अधिकार समन्वय साखा गठन गरेको छ भने प्रधानमन्त्री कार्यालय, स्थानीय विकास तथा संघीय मामिला, स्वास्थ्य तथा जनसंख्या लगायत अन्य केहि मन्त्रालयहरूले पनि अपाङ्गताको सवाल हेर्न छुट्टै डेस्कको व्यवस्था गरेका छन् ।

२०६२/०६३ को जनआन्दोलन र यसले ल्याएको परिवर्तन पश्चात निर्माण गरिएको अन्तरिम संविधानमा अपाङ्गता भएका व्यक्तिका अधिकारहरूलाई थप समावेश गरिएको छ भने सोहि संविधान अन्तर्गत गठन भएको संविधान सभामा २ जना अपाङ्गता भएका व्यक्तिहरू सभासदको रूपमा समेत मनोनित भएका थिए ।

२०७२ सालमा संविधान सभाबाट जारी नेपालको नयाँ संविधानमा अपाङ्गता भएका व्यक्तिहरूका लागि विभिन्न प्रावधानहरू समावेश गरिएका छन् । नि:शुल्क शिक्षा हासिल गर्न पाउने, ब्रेल तथा साङ्केतिक भाषामा शिक्षा लिन पाउने, समावेशी सिद्दान्तको आधारमा राज्यका विभिन्न निकायहरूमा सहभागी हुन पाउने, अपाङ्गताको आधारमा भेदभाव गर्न नपाइने र यस्ता भेदभावहरूलाई दण्डित गरिने, प्रतिनिधि सवा तथा प्रादेशिक सभाको

लागि हुने समानुपातिक निर्वाचन प्रणालीमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व हुनुपर्ने, राष्ट्रिय सभामा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व हुनुपर्ने लगायत राष्ट्रिय समावेशी आयोगमा अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व गराउनु पर्ने जस्ता महत्वपूर्ण प्रावधानहरू नेपालको नयाँ संविधानमा उल्लेख भएका छन् ।

गैर सरकारी क्षेत्रलाई हेर्ने हो भने हरेक जिल्लामा अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित संस्थाहरू सकृय छन् भने यसको राष्ट्रिय नेतृत्व राष्ट्रिय अपाङ्ग महासंघले गरेको छ । अपाङ्गता क्षेत्रमा काम गर्ने केहि तालिम तथा स्रोतकेन्द्रहरू पनि गैर सरकारी क्षेत्रमा कार्यरत रहेका छन भने स्वास्थ्य सेवा तथा विशिष्ट स्वास्थ्य सेवा उपलब्ध गराउन अस्पतालहरू पनि स्थापित भएका छन् । विभिन्न विकासक्षेत्रमा गैर सरकारी निकायहरूले सञ्चालन गरेका पुनर्स्थापना केन्द्रहरू कार्यरत रहेका छन भने नेपाल सरकारले पनि राष्ट्रिय अपाङ्ग कोषको स्थापना गरि काम गर्दै आएको छ । नेपालमा अपाङ्गता अधिकारको क्षेत्रमा नेपालमा डि.पी.ओ.डी. डेनमार्क, एफ.एफ.ओ. नर्वे, सीवीएम, युनिसेफ, ह्याण्डीक्याप इन्टरनेशनल, प्लान नेपाल, माइ राइट्स, सेभ द चिल्ड्रेन, एन.एल.आर. आइफेस/युएसएआइडी, अष्ट्रेलियन दुतावास, एविलिस फाउन्डेसन लगायत विभिन्न अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी निकायहरूले लगानी तथा काम गरिरहेका छन् । यसरी अन्तर्राष्ट्रिय गैर सरकारी निकायबाट हुने सहयोगहरूको ठूलो हिस्सा नेतृत्व विकास, जनचेतना,पैरवी,शसक्तिकरण, अपाङ्गता सम्बन्धी नीति निर्माण संस्थागत क्षमता विकास, तालिम, अभिमुखिकरण जस्ता क्षेत्रमा उपयोग भएको छ भने सानो हिस्सा शिक्षा, स्वास्थ्योपचार, विशिष्ट स्वास्थ्य सेवा, सहायक सामग्री, सूचना तथा सञ्चारमा पहुँच,अपाङ्गता मैत्री संरचना निर्माण, आय आर्जन आदिमा पनि उपयोग गरिएको छ ।

## समस्या र चुनौतिहरू

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धनका लागि क्रमीक रूपमा विभिन्न कामहरू भैरहेको र राज्यले अपाङ्गतालाई वदलिँदो परिप्रेक्ष सँग स्वीकार गर्दै गएको भएतापनि एशिया तथा प्रशान्त क्षेत्रका अन्य विकाशशील देशहरूको तुलनामा अझै धेरै गर्न बाँकी रहेको छ । राज्यले अपाङ्गता भएका व्यक्तिहरूको विस्तृत तथ्याङ्क राख्न सकेको छैन र यसलाई अध्यावधिक गर्ने संयन्त्र निर्माण गर्न पनि सकेको छैन । अर्कोतिर कानुनमा भएका व्यवस्थाहरूको पूर्ण रूपमा प्रभावकारी कार्यान्वयन गर्न सकेको छैन । अपाङ्गताको सवालमा काम गर्न विभिन्न निकाय र सरोकारवालाको संलग्ता र समन्वयमा हुनुपर्ने अनिवार्यता भएतापनि सरकारी तथा गैरसरकारी निकाय बीचमा र विभिन्न सरकारी निकायहरूको बीचमा नै पनि राम्रोसमन्वय कायम हुन सकेको छैन । त्रीवर्षीय योजनामा अपाङ्गता भएका व्यक्तिहरूका लागि राखिएका कार्यक्रमहरू विभिन्न मन्त्रालयहरू मार्फत ठोस रूपमा र योजनावद्ध तरिकाले आउन सकेका छैनन र यसको अनुगमनको पाटो पनि प्रभावकारी हुन सकेको छैन । अपाङ्गता क्षेत्रको लागि छुट्याइने बजेट असाध्यै न्यून रहेको छ र उक्त बजेटको परिचालन तथा अनुगमन गर्ने संयन्त्रहरू अपाङ्गताको सवालमा पर्याप्त रूपमा सूसुचित हुन नसक्दा प्रभावकारी छैनन् । अपाङ्गताको आधारमा हुने विभेद र असमान व्यवहारलाइ राज्यले दण्डनीय बनाउन सकेको छैन । यसैगरि यतायात र भौतिक संरचनाहरू अपाङ्गता मैत्री नहुँदा धेरै सेवा सुविधा र अवसरहरूबाट अपाङ्गता भएका व्यक्तिहरू मात्र बञ्चित भएका छैनन बालबालिका र ज्येष्ठ नागरिकहरू समेत बञ्चित भएका छन् । राज्य अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको आवश्यकताको आधारमा सहायक सामग्रीहरू पर्याप्त मात्रामा उपलब्ध गराउन सफल भएको छैन भने प्रारम्भिक अवस्थामै अपाङ्गताको पहिचान गरि पुनर्स्थापना सेवा समुदाय स्तरमा पुर्याउन सकिएको छैन । ग्रामीण क्षेत्रमा अपाङ्गता भएका बालबालिकाको मृत्यू दर उच्च छ भने सहयोगी सेवाको अभावमा गम्भीर अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूको दैनिक जीवन असाध्यै कठिन अवस्थामा रहेको छ । दैनिक परिवारको सेवा

र सहयोग चाहिरहने अति अशक्त र पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूको मर्यादित र सम्मानित जीवनको लागि परिवारलाई कस्तो सहयोग गर्ने भन्ने वारेमा राज्यसँग कुनै कार्यक्रमहरू छैनन् । परिचयपत्र वितरणलाई सबैको पहुँचमा अझै पुर्याउन सकिएको छैन भने यसको दुरूपयोगलाई रोक्न प्रभाकारी कामहरू हुन सकेका छैनन् । निर्णय प्रकृयामा अझै पनि अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता न्यून रहेको छ । विभिन्न अवरोधहरूको उपस्थिति लगायत उपयुक्त प्रणाली र कानुनहरूको अभावले अन्य व्यक्तिहरूको तुलनामा शिक्षा, स्वास्थ्य, रोजगारीर सार्वजनिक जीवनमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच ज्यादै न्यून रहेको छ ।

## अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना २०६३ को समिक्षा

२०६३ सालमा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको पहलमा अपाङ्गता सम्बन्धि राष्ट्रिय नीति तथा कार्ययोजना निर्माण गरियो । राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र राष्ट्रिय योजना आयोग समेतको सकृय सहभागिता र प्रयासमा बनेको यस नीति तथा कार्ययोजना निर्माणमा विभिन्न विषयगत मन्त्रालयहरूको समेत सहभागिता रहेको थियो । शिक्षा, स्वास्थ्य, रोजगारी, तालिम, पहुँच, पुनर्स्थापना लगायत जम्मा १७ वटा प्राथमिकता क्षेत्र निर्धारण गरि महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको मन्त्री स्तरीय निर्णयबाट लागु गरिएको यस नीति तथा कार्ययोजनाको कार्यान्वियन भने अपेक्षा गरेअनुरूप प्रभाकारी हुन सकेन । यस नीति तथा कार्ययोजना अनुरुप विभिन्न जिल्लामा अलग्गै जिल्ला नीति र कार्ययोजना निर्माण गरि काम गर्ने प्रयासहरू पनि भए । केहि जिल्लाहरूमा अन्तराष्ट्रिय गैर सरकारी निकाय र स्थानीय सरकारको लगानीमा जिल्ला विकास समितिमार्फत केहि कार्यक्रमहरू कार्यान्वियन भई उपलब्धीहरू हासिल पनि भएका छन् । तर अधिकांश जिल्लामा यो नीति तथा कार्ययोजनाको कुनै असर देखिएन । समग्रमा हेर्दा नीति तथा कार्ययोजनाले चाहे अनुसार न त सरकारले बजेट नै विनियोजना गर्‍यो न यस नीति तथा कार्ययोजनाका आधारमा वार्षिक कार्यक्रमहरूनै बन्न सके । यद्दपी कार्यान्वियन पक्ष जे जस्तो भएपनि सरकारले गरेको यो प्रयासआफैमा सकारात्मक थियो ।

यो नीति तथा कार्ययोजनाको कार्यान्वियन प्रभावकारी हुन नसक्नुका पछडिका कारणहरूलाई केलाउन नेपाल सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपालले विभिन्न सरोकारवाला निकाय, अपाङ्गता भएका व्यक्तिका संस्थाहरू, अपाङ्गता अधिकारकर्मी र सरकारी निकायका प्रतिनिधिहरूसँग विभिन्न चरणमा बैठक र छलफलहरू आयोजना गर्‍यो । यस बाहेक जिल्ला कार्यनीति बनाइएका जिल्लाहरूमा उक्त नीतिको कार्यान्वयनको अवस्थाको अनुगमन पनि गर्‍यो र सूचनाहरू सङ्कलन गर्‍यो । प्राप्त सूचनाका आधारमा उक्त २०६३ सालको अपाङ्गता सम्बन्धी नीति तथा कार्ययोजना प्रभावकारी रूपमा कार्यान्वियन हुन नसक्नुका पछाडी देहायबमोजिम प्रमुख कारणहरू पाइएका छन् ।

१. वदलिँदो राजनैतिक परिवेशले राज्य र राजनैतिक दलहरूलाई संविधान सभा, राज्यको पुनर्संरचना र नयाँ सम्बिधान तर्फ बढि केन्द्रित गर्‍यो र अपाङ्गता सम्बन्धि नीतिगत व्यवस्थाहरुको कार्यान्वियन प्राथमिकतामा पर्न सकेन । यससँगै सरकार छिटो छिटो परिवर्तन भैरहने, मन्त्रीहरू फेरिइरहने र कर्मचारीहरूको छिटो छिटो सरूवा भैरहने प्रवृत्तिको कारणले पनियसको कार्यान्वयनलाई प्रभावित तुल्यायो ।
२. यस नीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वियन सरकारको कुनै एक निकायबाट मात्र संभव थिएन । विभिन्न मन्त्रालय र यस मातहतका निकायहरूले आ-आफ्नो तर्फबाट काम गर्नुपर्ने थियो । यसको लागि

एउटा प्रभावकारी राष्ट्रिय स्तरमा समन्वय गर्ने निकायको आवश्यकता थियो । तर त्यस्तो अधिकारसम्पन्न र कृयाशील निकाय बन्न नसक्नुले नै यसको कार्यान्वयनमा मुख्य नकारात्मक असर पार्‍यो ।

३. सबै मन्त्रालयले यस निति तथा कार्ययोजनामा पूर्ण स्वामित्व ग्रहण गर्न सकेनन् र यस नीति तथा कार्ययोजनाको कार्यान्वयनको लागि हरेक मन्त्रालयलाई जिम्मेवार भएर काममा लगाउने र त्यसको अनुगमन गर्ने कुनै अधिकार सम्पन्न निकाय भएन । जसको कारण यो दस्तावेज सबैको लागि बाध्यकारी दस्तावेज बन्न सकेन ।
४. यो नीति तथा कार्ययोजनाको कार्यान्वयन भए नभएको अनुगमन गर्ने र मुल्याङ्कन तथा समिक्षा गर्ने कुनै कुनै निकाय वा संयन्त्र गठन गरिएन र यस निति तथा कार्यायोजना निर्माणमा योजना आयोग स्वयम सहभागी भएको भएतापनि यस विषयमा त्यस निकायबाट कुनै अनुगमन हुन सकेन ।
५. नीति तथा कार्ययोजना निर्माण भएतापनि यसको कार्यान्वयनकै लागि भनेर सरकारले कुनै बजेटको व्यवस्था गर्न सकेन ।
६. यस नीति तथा कार्ययोजनाको वारेमा सरकारी तथा गैर सरकारी सरोकारवाला निकायहरूलाई पर्याप्त अभिमुखीकरण र सूचना प्रवाह हुन सकेन ।

## यस अपाङ्गता सम्बन्धी १० वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना निर्माणको आवश्यक्ता

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धीको धारा ४ मा उल्लेख गरिएका राज्यका दायित्वहरू मध्ये (क) र (ग) मा उल्लेखित प्रावधानहरूले स्पष्ट रूपमा सरकारलाई अपाङ्गता भएका व्यक्तिहरूका लागि स्पष्ट नीतिहरू निर्माण गर्न निर्देश गरेको छ । अपाङ्गताका सवालहरू कुनै एउटै सरकारी निकायले मात्र सम्बोधन गर्न नसकिने हुनाले विभिन्न निकायहरुलाई अपाङ्गताका विभिन्न सवालहरूमा काम गर्न एकैठाउँमा ल्याउनको लागि पनि एक छुट्टै एकिकृत नीति तथा कार्ययोजनाको आवश्यकता रहेको छ । २०६२/०६३ को राजनैतिक आन्दोलनको परिणामस्वरूप देश नयाँ परिवेशमा प्रवेश गरेको छ । गणतन्त्रको घोषणासँगै नयाँ संविधान मार्फत संघीय राज्य संरचनाको अभ्यासमा प्रवेश गर्नलागेको मुलुकले समावेशी विकासको नीतिलाई अंगीकार गरेको छ । नेपालको हालै जारी नयाँ संविधानको धारा ४२ मा उल्लेख गरिएको सामाजिक न्यायको हकमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेशी सिद्दान्तको आधारमा राज्यका निकायहरूमा सहभागी गराउनुपर्ने र उनीहरूलाई समान आधारमा राज्यका सार्वजनिक सेवा सुविधा र अवसरहरूमा समान पहुँच पुर्‍याउनुपर्ने स्पष्ट प्रावधान उल्लेख गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूका पक्षमा समावेशी विकासको प्रतिफल सुनिश्चित गर्न अपाङ्गता क्षेत्रका लागि छुट्टै प्रभावकारी रणनीति र योजनाहरू हुनु आवश्यक छ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धीलाई अनुमोदन गरेको ५ वर्ष वितिसक्दा पनि यसको कार्यान्वयनको लागि स्पष्ट दिशा लिन नसकेको यस परिवेशमा उक्त महासंधिमा उल्लेखित अधिकारहरूको कार्यान्वयनलाई समेट्दै एशिया तथा प्रशान्त क्षेत्रका लागि बनेको १० वर्षे इन्च्योन रणनीतिलाई समेत आत्मसात गरि नेपालमा अपाङ्गता क्षेत्रका नीति र कार्यनीतीहरूलाई पुन संशोधन र सुधार गर्नुपर्ने जरूरी छ । २०६३ सालमा बनेको नीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयन हुन नसक्नुका कारणहरूबाट सिक्दै त्यस्ता कमजोरीहरू फेरि दोहोरिन नदिन नीति तथा कार्ययोजनामा थप व्यवस्थाहरू गर्नु आवश्यक छ । तसर्थ यि विभिन्न कारणहरूले यस नयाँ नीति तथा कार्ययोजनाको आवश्यकता महसुस गरिएको हो ।

## राष्ट्रिय नीति तथा कार्ययोजना निर्माण प्रकृया

अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना २०६३ को अवधि २०७३ सालमा समाप्त हुँदै गरेको सन्दर्भ र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी २००६ लाई नेपालले अनुमोदन गरेको तथा सन २०१३ देखि २०२२ सम्मको लागि प्यासेफिक क्षेत्रको लागि अपाङ्गता भएका व्यक्तिहरूका लागि नयाँ क्षेत्रीय दशकको घोषणा र नेपालको नयाँ संविधान २०७२ मा अपाङ्गता भएका व्यक्तिहरूका केहि महत्वपूर्ण विशेष अधिकारहरूलाई समेत सुनिश्चित गरिसकेको परिप्रेक्षमा नेपालमा पनि अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनामा संशोधन तथा परिमार्जन गरि नयाँ अवधिको लागि नयाँ नीति तथा कार्ययोजना लागू गर्न बान्छनीय भएको हो ।

यस कार्यलाई अगाढि वढाउनको लागि अपाङ्गता अधिकारको लागि मुख्य सरोकारवाला मन्त्रालय भएको नाताले महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको नेतृत्वमा विभिन्न विषयगत मन्त्रालयका प्रतिनिधिहरू समेत रहनेगरि एउटा अपाङ्गता सम्बन्धी नीति तथा कार्ययोजना निर्माण समिति गठन गरियो । उक्त समितिको निर्णय वमोजिम पहिलेको नीति तथा कार्ययोजनाको समेत विस्तृत अध्यन गरि सो नीति तथा कार्ययोजनामा रहेका उपयुक्त नीति, रणनीति र कार्ययोजनाहरूलाई कायमै राख्दै विभिन्न सरोकारवाला निकाय र विज्ञहरूसँग छलफल गरि नीति तथा कार्ययोजनाको मस्यौदा तयार गर्नको लागि राष्ट्रिय अपाङ्ग महासंघलाई समन्वयको जिम्मेवारी दिइयो ।

सोहि जिम्मेवारीका आधारमा महासंघले नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागका प्रतिनिधिहरू, अपाङ्गता भएका व्यक्तिका संघ संस्थाहरू, अपाङ्गता अधिकार कर्मीहरू, सांसदहरू, नीति सम्बन्धी विज्ञहरू र पाँचै विकास क्षेत्रमा समेत अपाङ्गता भएका व्यक्तिहरूसँग छलफल गरि यो नीति तथा कार्ययोजना तयार गरिएको हो । मस्यौदामा सुझाव लिनको लागि अन्तरकृया, गोष्ठि, वैठक, समुह केन्द्रित छलफल (Focused Group Discussion) र इमेल मार्फत लिखित रूपमा पृष्ठपोषणहरू लिने कामहरू गरिए । यस क्रममा यस्ता मुख्य रूपमा केन्द्रीय स्तरमा सान ठुला गरि सरकारी निकायऽ अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू, अपाङ्गता अधिकार कर्मीहरू र अपाङ्गता भएका व्यक्तिका प्रतिनिधि संस्थाहरूसँग ८ अन्तरकृयाहरू, क्षेत्रीय स्तरमा अपाङ्गता क्षेत्रमा काम गर्ने संघ संस्थाहरूसँग ५ वटा गोष्ठीहरू,विभिन्न अपाङ्गता वर्ग सँग सम्बद्ध ८ वटा समुह केन्द्रित छलफलहरूआयोजना गरियोभने मस्यौदामा छलफल गर्न महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको संयोजकत्वमा मस्यौदा समितिको विभिन्न चरणमा बैठकहरू वस्यो । मस्यौदामा विभिन्न सरोकारवाला र विज्ञहरूसँग थप छलफल गरि राष्ट्रिय स्तरको एउटा वृहत गोष्ठि आयोजना गरि मस्यौदालाई थप परिस्कृत बनाइयो । यसपश्चात विभिन्न विषयगत मन्त्रालयहरूबाट मस्यौदामा राय सुझावहरू लिइ मस्यौदालाई अन्तिम रूप दिइयो ।

# खण्ड दुई:

# अपाङ्गता सम्बन्धी १० वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना

# २०७३-०८२

## राष्ट्रिय नीति तथा कार्ययोजनाका वृहत उद्देश्यहरू

यस अपाङ्गता सम्बन्धि राष्ट्रिय नीति तथा कार्ययोजनाका देहायबमोजिम वृहत उद्देश्यहरू रहेका छन् ।

१. आम नागरिक सरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूको राज्यको संविधानमा उल्लेखित अधिकारहरू र राज्य प्रदत्त सबै सेवा सुविधा र अवसरहरूमा समान पहुँच स्थापित गर्नु ।

२. अपाङ्गता अधिकार सम्बन्धी महासन्धीले सुनिश्चित गरेका मानवअधिकारहरूको पूर्ण उपयोग गर्न पाउने बातावरण सृजना गर्नु ।

३. अपाङ्गता भएका व्यक्तिका सवालहरूलाई विकासका प्रकृयाहरुमा समावेश गरि देशको समावेशी विकासमा योगदान पुर्‍याउनु ।

हाम्रो स्रोत

## राष्ट्रिय नीति तथा कार्ययोजनाका प्रमुख क्षेत्रहरू

यस नीति तथा कार्ययोजनाले देहायबमोजिम २० वटा प्रथमिकताका क्षेत्रहरू निर्धारण गरेको छ

१. राष्ट्रिय तथा स्थानीय समन्वय
२. कानुन तथा नीतिहरूमा सुधार
३. शिक्षा
४. स्वास्थ्य
५. तालिम, रोजगार तथा स्वरोजगार
६. सूचना तथा सञ्चार
७. पहुँच तथा अवरोधमुक्त बातावरण
८. पुनर्स्थापना
९. सामाजिक सुरक्षा
१०. अपाङ्गता भएका महिला
११. अपाङ्गता भएका यूवा
१२. अपाङ्गता भएका बालबालिका
१३. जनचेतना तथा पैरवी
१४. शसक्तिकरण
१५. खेलकुद, मनोरञ्जन र विश्राम
१६. सहायक सामग्री तथा सहयोगी सेवाहरू
१७. अपाङ्गता र विपद् व्यवस्थापन
१८. सूचना र तथ्याङ्क

दोस्रो मस्यौदा

# १ : राष्ट्रिय तथा स्थानीय समन्वय

## १.१.वर्तमान अवस्था

क) नेपाल पक्ष राष्ट्र रहेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ को धारा ३३ (१) मा "प्रस्तुत महासन्धिको कार्यान्वयन सँग सम्बन्धित कुराहरूका लागि आफ्नो संगठनको प्रणाली अनुसार सरकारी संरचनाभित्र एक वा एक भन्दा बढी सम्पर्क विन्दुहरू तोक्ने तथा विभिन्न क्षेत्र तथा तहहरूमा भएका सम्बन्धित कामहरू सहज तुल्याउन सरकारी संरचनाभित्र एक समन्वयकारी निकाय स्थापना गर्न वा तोक्ने" भनिएको छ । यस्ता सम्पर्क विन्दुहरू तोक्ने सवालमा हाल केहि मन्त्रालयहरू सकारात्मक देखिएका छन र काम पनि सुरू गरिसकेका छन् । प्रधानमन्त्री कार्यालयमा पनि यस्तो सम्पर्क विन्दु तोकिएको छ । समावेशी विकासमा विभिन्न निकाय र सरोकारवालाहरूवीच समन्वय अत्यन्तै जरूरी हुने भएकोले सरकार र सरकारका निकायहरू पनि यस विषयमा क्रमश सकारात्मक भैरहेको छ ।

ख) हाल संसदमा पेश भएको अपाङ्गता अधिकार सम्बन्धी विधेयकको दफा ३८ (१) ले "अपाङ्गता भएका व्यक्तिको अधिकार सेवा सुविधा र संरक्षण सम्बन्धी काम कारवाहिमा समन्वय, रेखदेख, प्रवर्धन गर्ने तथा सो सम्बन्धी काममा निर्देशन दिने काम समेतको लागि एक अपाङ्गता राष्ट्रिय निर्देशक समिति हुनेछ" भनि उक्त समितिको संरचना समेत तोकेको अवस्था छ ।

ग) नेपाल सरकारले समेत हस्ताक्षर गरेको युएन स्क्यापका सदस्य राष्ट्र र सम्बद्ध सदस्य राष्ट्रहरूको संयुक्त भेलाद्वारा जारी अपाङ्गता भएका व्यक्तिहरूको एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको पछिल्लो क्षेत्रीय रणनीति २०१३-२०२२ अर्थात इन्च्योन रणनीतिको मूल सिद्दान्त र नीतिगत निर्देशन अन्तर्गत वुँदा ७ को आठौँ वुँदामा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी काम गर्न विभिन्न निकायहरूबीच समन्वय हुनुपर्ने कुरामा जोड दिँदै राष्ट्रिय, उप-राष्ट्रिय र स्थानीय समन्वयको आवश्यकतालाई प्रस्ट्याइएको छ ।

घ) महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय अन्तर्गत छुट्टै अपाङ्गता अधिकार समन्वय साखाको गठन भइ हाल कार्यरत रहेको छ भने स्थानीय स्तरमा महिला तथा बालबालिका कार्यालयलाई अपाङ्गताको सवाल हेर्ने जिम्मेवार निकायको रूपमा तोकिएको छ ।

ङ) स्थानीय विकास तथा संघीय मामिला मन्त्रालय अन्तर्गत अपाङ्गता भएका व्यक्तिका स्थानीय प्रतिनिधिहरू समेतको प्रतिनिधित्व रहनेगरि जिल्ला स्तरमा छुट्टै अपाङ्गता जिल्ला समन्वय समिति गठन गरिएको छ भने समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई समन्वय गर्न जिल्लामा जिल्ला सीबीआर समितिको पनि गठन भएको छ ।

च) महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय बाहेक स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्थानीय विकास तथा संघीय मामिला मन्त्रालय, प्रधानमन्त्री कार्यालय, निर्वाचन आयोग जस्ता निकायहरूमा अपाङ्गताको सवाल हेर्ने छुट्टै डेस्कको व्यवस्था गरिएको छ ।

## १.२. मुद्दा तथा समस्याहरू

क) अपाङ्गता भएका व्यक्तिका सवालहरू शिक्षा, स्वास्थ्य, मानवअधिकार, रोजगारी, शसक्तिकरण, पहुँच, सामाजिक सहभागिता, जीवनयापन, सामाजिक सुरक्षा लगायतअन्य धेरै विषयवा सम्बन्धित निकायहरूसँग प्रष्ट रूपमा जोडीएका छन् । गरिवी निवारण लगायत विकासनिर्माणका विभिन्न सवालहरूमा अपाङ्गताका सवालहरूलाई सँगसँगै जोडेर लैजानुपर्ने आजको आवश्यकता हो । सावेशीकरणको सिद्दान्त अनुसार अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई समाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक सबै क्षेत्रमा समावेश गर्नुपर्ने र उनीहरूको सहभागिता सुनिश्चित गर्नुपर्ने देखिन्छ । तर यि सबै कामहरू गर्न राज्यको कुनै एउटा मात्र निकायबाट संभव छैन । यसमा विभिन्न निकायहरूले आ-आफ्ना विषयसँग सम्बन्धित अपाङ्गताका सवालहरूमा काम गर्नुपर्ने हुन्छ । तसर्थ एउटा प्रभावकारी समन्वयकारी निकायको अस्तित्व यस क्षेत्रमा काम गर्नेहरूका लागि प्रमुख सवाल हो ।

ख) नेपालमा यस भन्दा पहिले पनि विभिन्न समयमा अपाङ्गता सम्बन्धि नीति र कार्यक्रमहरू नवनेका होइनन् । तर ति नीति तथा कार्ययोजनाहरू प्रभावकारी रूपमा कार्यान्वियन हुन सकेनन् । यसको पछाडीको एउटा महत्वपूर्ण कारण ति नीति तथा कार्ययोजनाहरू कार्यान्वयन गर्न राष्ट्रिय र स्थानीय स्तरमा विभिन्न निकायहरूका बीचमा हुनुपर्ने समन्वयको अभाव हो । यस्तो समन्वय कायम गर्नको लागि महिला तथा बालबालिका मन्त्रालयको नेतृत्वमा २०५६ सालमा २४ सदस्यीय "अपाङ्ग सेवा राष्ट्रिय समन्वय समिति" गठन गरियो । सुरुको केहि समय सकृय देखिएपनि उक्त समितिको सकृयता विस्तारै घट्न थाल्यो । समितिलाई सकृय गराउन सरकारले कुनै बजेटको व्यवस्था गर्न नसक्नु र समितिले काम गर्ने संरचना, यसको अधिकारक्षेत्र र जिम्मेवारीहरू पनि प्रष्ट रूपमा तोक्न नसक्नु पनि समिति कृयाशील हुन नसक्नुको कारण हो । समन्वयको अभावमा अपाङ्गताको सवालमा विभिन्न निकायहरूलाई समानरूपमा जिम्मेवार बनाउन सकिएन र राष्ट्रिय नीति तथा कार्ययोजनामा उल्लेख भएका नीति र कार्यक्रमहरूविभिन्न मन्त्रालयहरूको नीति र कार्यक्रमको हिस्सा बन्न सकेनन् ।अपाङ्गताको सवाल केबल महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको एउटा साखामा मात्र समिति हुन पुग्यो ।

ग) अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरूको सहयोगमा अपाङ्गता क्षेत्रमा विभिन्न गैर सरकारी निकायहरूले पनि काम गरिरहेका छन जुन सकारात्मक कुरा हो । तर यस्ता संघ संस्थाले गरेका कामहरूले राज्यका नीति र कार्यक्रमहरूलाई कति योगदान गरेको छ भन्ने कुराको कुनै मुल्याङ्कन छैन । स्थानीय स्तरमा विभिन्न संघ संस्थाहरूका बीचमा हुनुपर्ने समन्वयको अभावले गर्दा स्रोतको परिचालन न्यायिक हुन सकेको छैन र पटकपटक कार्यक्रमहरूमा दोहोरपन पनि देखिने गरेको छ ।

घ) स्थानीय स्तरमा स्थानीय विकास तथा संघीय मामिला मन्त्रालय अन्तर्गत अपाङ्गता जिल्ला समन्वय समिति गठन गरिएको भएतापनि सबै जिल्लामा सकृय रूपमा काम गर्न सकिरहेको छैन । यसैगरि जिल्लामा पुन अर्को प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला सीविआर समिति पनि गठन गरिएको छ जसको काम पनि अपाङ्गता अधिकारका कामहरूमा समन्वय स्थापित गर्नुनै हो । तर यि दुवै समितिका कामहरूको बीचमा एकातिर तालमेलको अभाव रहेको छ भने अर्कोतिर यस्ता समितिहरूको गठनको वेला राजनैतिक

खिचातानीले समेत अप्ठेरो बनाउने गरेको पाइएको छ । तसर्थ सम्बोधन नगरि नहुने राष्ट्रिय तथा स्थानीय समन्वयसँग जोडीएका प्रमुख सवालहरू देहायबमोजिम रहेका छन् ।

- राष्ट्रिय स्तरमा अधिकार सम्पन्न र सकृय समन्वय समिति
- समितिको परिभाषित काम गर्ने संरचना, जिम्मेवारीहरू र अधिकार क्षेत्र
- समितिको लागि पर्याप्त बजेटको व्यवस्था
- समितिमा अपाङ्गता भएका व्यक्तिहरूको र अपाङ्गता सम्बन्धि विशेषज्ञहरूको अर्थपूर्ण समहभागिता
- स्थानीय स्तरमा अपाङ्गताको सवालमा हुने कामहरूको विचमा समन्वय र तालमेल कामय गर्न स्थानीय संयन्त्र ।

## १.३. उद्देश्य

१.३.१.अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाको कार्यान्वयनमा सम्बन्धित सबै निकायहरूको संलग्नता र सहकार्यमा प्रभावकारीता ल्याउने ।

## १.४.नीति

१.४.१.अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाको कार्यान्वयनको लागि सम्बन्धित सबै राष्ट्रिय तथा स्थानीय स्तरका सरकारी तथा गैर सरकारी सरोकारवालाहरूबीचमा समन्वय स्थापित गरिनेछ ।

## १.५.रणनीति

१.५.१.अपाङ्गता भएका व्यक्तिको सकृय प्रतिनिधित्व रहने गरि विभिन्न विषयगत मन्त्रालयहरू, प्रधानमन्त्री कार्यालय र योजना आयोग समेत सम्मिलितराष्ट्रिय समन्वयकारी निकाय र संयन्त्रमार्फत राष्ट्रि स्तरको समन्वयलाई प्रभावकारी बनाइनेछ ।

१.५.२.स्थानीय स्तरमा पनि विभिन्न सरकारी निकायहरू, सेवा प्रदायक संस्थाहरू तथा अपाङ्गता भएका व्यक्तिका प्रतिनिधि सम्मिलित समन्वयकारी निकायमार्फत स्थानीय समन्वयलाई प्रभावकारी बनाइनेछ ।

१.५.३.समन्वयलाई चुस्त र प्रभावकारी बनाउने विभिन्न विषयगत मन्त्रालयहरूमा अपाङ्गताको सवाल हेर्ने अलग्गै संयन्त्र वा फोकल प्वाइन्ट व्यवस्था गरि कृयाशिल गराइनेछ ।

## १.६. अपेक्षित उपलब्धी

१.६.१.राष्ट्रिय स्तरमा अपाङ्गता सम्बन्धी कामहरूमा विभिन्न निकयहरूबीचमा समन्वय गर्न एक सक्षमनिकाय र संयन्त्रनिर्माण भई कृयाशील हुनेछ ।

१.६.२.जिल्लामा अपाङ्गताको सवालमा गरिने कामहरूमा समन्वय गर्न प्रत्येक जिल्लामा अपाङ्गता भएका व्यक्तिहरू समेतको प्रतिनिधित्व र सहभागिता हुनेगरि सकृय निकाय र संयन्त्र निर्माण भई कृयाशील हुनेछ ।

मस्यौदा

१.६.३.प्रत्येक विषयगत मन्त्रालय र यसका स्थानीय निकायहरूमा अपाङ्गताका सवालहरूप्रतिको जवाफदेहिता वृद्धि हुनेछ।

१.६.४. अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार तथा सेवा सुविधाको लागि अन्तर्राष्ट्रिय विकास निकायहरूसँगको समन्वय र सहकार्यमा वृद्धि हुनेछ ।

## १.७. कार्ययोजना

| क्रम | कृयाकलाप | कार्यान्वियन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय स्तरमा समन्वय गर्न महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका मन्त्रीज्यूको अध्यक्षतामा बढिमा २५ सदस्यीय अपाङ्गताअधिकार राष्ट्रिय निर्देशन समिति गठन गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | विभिन्न विषयगत मन्त्रालयहरू, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र अन्य सरोकारवाला निकायहरू । | २०७३ साल | गठित आधिकारिक समिति, समितिका सेवासर्तहरू., कार्यविधि, सचिवालयको स्थापना, समितिको कामकारवाहिको लागि बजेटको व्यवस्था । |
| २ | जिल्ला स्तरको समन्वयलाई प्रभावकारी बनाउन जिल्लामा प्रमख जिल्ला अधिकारीको अध्यक्षतामा एउटै बढिमा ११ सदस्यीय अपाङ्गता जिल्ला समन्वय समिति गठन गर्ने । | जिल्ला प्रशासन कार्यालय, महिला तथा बालबालिका कार्यालय महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | जिल्लास्थित महिला तथा बालबालिका कार्यालय, स्थानीय अन्य सरकारी निकायहरू, जिल्लामा अपाङ्गता क्षेत्रमा कार्यरत गैर सरकारी निकाय, राष्ट्रिय अपाङ्ग महासंघका सदस्य संस्थाहरू । | २०७३ साल | ७५ वटा जिल्ला समन्वय समितिहरू, समितिको सेवा सर्त, कार्यविधि, परिभाषित अधिकार तथा जिम्मेवारीहरू, समितिको काम कार्वाहिको लागि बजेटको व्यवस्था । |
| ३ | हरेक विषयगत मन्त्रालयमा अपाङ्गताको सवाल हेर्ने छुट्टै अधिकृत स्तरको अपाङ्गता सम्पर्क व्यक्ति (Disability Focal Person) तोक्ने । | विभिन्न विषयगत मन्त्रालयहरू | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय,राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अपाङ्गता क्षेत्रमा कार्यरत अन्य गैर सरकारी निकायहरू । | २०७३ साल | तोकिएको सम्पर्क व्यक्ति तथा तोकिएका जिम्मेवारीहरू । |
| ४ | विभिन्न मन्त्रालयहरूका अपाङ्गता सवाल हेर्ने सम्पर्क व्यक्तिलाई अपाङ्गता विषयमा अभिमुखीकरण तालिम दिने | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अपाङ्गता सम्बन्धी विभिन्न तालिम तथा स्रोत केन्द्रहरू | २०७३ साल | सम्पन्न भएका अभिमुखीकरण कार्यक्रमको संख्या, अभिमुखीकरणबाट लाभान्नवितहरूको संख्या । |
| ५ | अपाङ्गता भएका व्यक्तिहरूका अधिकार तथा सेवा सुविधाहरूका लागि सहयोग अभिवृद्धि गर्न राष्ट्रिय/अन्तर्राष्ट्रिय | समाजकल्याण परिषद महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | अन्य विभिन्न विषयगत मन्त्रालयहरू,सामाजकल्याण परिषद,राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न | हरेक साल निरन्तरता दिने | सम्पन्न भएका विभिन्न वैठकहरूको संख्या, वैठक तथा अन्तरकृयामा भएका प्रतिवद्धताहरू, अपाङ्गता क्षेत्रमा वृद्धि |

| | | | | | |
|---|---|---|---|---|---|
| | गैर सरकारी संस्थाहरूसँग समन्वयात्मक बैठक तथा अन्तरकृयाहरू सञ्चालन गर्ने । | | अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू । | | भएको अन्तर्राष्ट्रिय सहयोग, |
| ६ | अपाङ्गता सम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजनाको कार्यान्वियन र कार्यप्रगतिको चौमासिक समिक्षा गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | | २०७३ साल बाट निरन्तर | सम्पन्न भएका चौमासिक समिक्षा बैठक र वैठकका निश्कर्षहरू |

**अपाङ्गता अधिकार राष्ट्रिय निर्देशिन समितिको संरचना**

माननीय महिला बालबालिका तथा समाजकल्याण मन्त्रीको संयोजकत्वमा बन्ने अपाङ्गता अधिकार राष्ट्रिय निर्देशन समितिको संरचना देहायबमोजिम हुनेछ ।

**अध्यक्ष :** माननीय मन्त्री, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय

**सदस्यहरू**

विभिन्न विषयगत मन्त्रालयहरूबाट सह सचिव स्तरीय प्रतिनिधि**–** ८ जना

राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, प्रतिनिधि – १ जना

वर्गीय प्रतिनिधित्व हुनेगरि विभिन्न अपाङ्गता भएका व्यक्तिहरू -७ जना

अपाङ्गता भएका व्यक्तिका अभिभावकहरूको तर्फबाट प्रतिनिधि – ३ जना

अपाङ्गता सम्बन्धी स्रोत केन्द्र, तालिम केन्द्र तथा सेवा प्रदायक संस्थाका प्रतिनिधि – २ जना

अपाङ्गता अधिकार सम्बन्धी विज्ञको तर्फबाट – २ जना

**सदस्य सचिव :** महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय प्रतिनिधि १ जना

**अपाङ्गता अधिकार जिल्ला समन्वय समितिको संरचना**

जिल्ला स्तरमा गठन गरिने अपाङ्गता अधिकार समन्वय समितिको संरचना देहायबमोजिम हुनेछ ।

**संयोजक :** प्रमुख जिल्ला अधिकारी

**सदस्यहरू**

स्थानीय सरकारी निकायहरूबाट अधिकृत स्तरीय प्रतिनिधिहरू – ४ जना

वर्गीय प्रतिनिधित्व हुनेगरि अपाङ्गता भएका व्यक्तिहरू– ४ जना

अपाङ्गता भएका व्यक्तिका अभिभावक प्रतिनिधि – १ जना

**सदस्य सचिव :** महिला तथा बालबालिका अधिकृत

दोस्रो मस्यौदा

# २ : कानुन तथा नीतिहरूमा सुधार

## २.१. वर्तमान अवस्था

क) नेपाल अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीको पक्ष राष्ट्र भएको छ र यो महासन्धी नेपालको कानुन सरह लागू भैसकेको छ । यस महासन्धी अनुकुल राज्यका विभिन्न कानुनहरूलाई संशोधन गर्नु, सुधार गर्नु, परिमार्जन गर्नु र आवश्यकता अनुसार नयाँ कानुन र ऐनहरू निर्माण गर्नु राज्यको सामान्य दायित्व अन्तर्गत पर्छ ।

ख) युएनस्क्यापका सदस्य राष्ट्र तथा सम्बद्ध सददस्य राष्ट्रहरूको संयुक्त भेलाले पारित गरेको एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको क्षेत्रीय रणनीति २०१३ -२०२२ (इन्च्योन रणनीति) प्रति नेपाल पनि प्रतिवद्ध भई हस्ताक्षर गरेको हुनाले यस रणनीति र महासन्धी अनुसार सरकारले नीति तथा कार्ययोजना निर्माण गरि काम गर्नुपर्ने दायित्व रहेको छ ।

ग) नेपाल सरकारले अपाङ्ग संरक्षण तथा कल्याण ऐनलाई अपाङ्गता अधिकार सम्बन्धी महासन्धी अनुकुल संशोधन गरि अन्तिम स्वीकृतिको लागि व्यवस्थापिका संसदमा पेश गरिसकेको छ ।

घ) सरकारले अपाङ्गताको सवाललाई एकिकृत योजना बनाई विभिन्न निकायहरूलाई संलग्न गराई काम गर्ने अभ्यासको थालनी २०६३ सालबाट थालेको हो भने राष्ट्रिय योजना आयोगले निर्माण गर्ने विभिन्न आवधिक योजनाहरूमा पनि अपाङ्गताका सवालहरूलाई समेट्ने प्रयासहरू भएका छन् ।

ङ) नेपालको नयाँ संविधान २०७२ ले शिक्षा, स्वास्थ्य, सामाजिक न्यायको हक, सामाजिक सुरक्षा लगायत प्रादेशिक तथा संघीय संसदहरूमा समेत अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्वलाई सुनुश्चित गरेको छ । यसलाई कार्यान्वयनमा ल्याउनको लागि विभिन्न ऐन कानुनहरूमा संशोधन गर्नुपर्ने देखिन्छ ।

च) नेपालका हाल विद्यमान केहि कानुन, नियमावलीहरू र नीतिहरूले अपाङ्गताका केहि सवालहरूलाई सम्बोधन गर्दै आएका छन । जस्तै शिक्षा ऐन, शिक्षा नियमावली, वालबालिका सम्बन्धी ऐन, स्थानीय स्वायत्त शासन ऐने, निजामति सेवा ऐन तथा नियमावली, समाजकल्याण ऐन, विशेष शिक्षा नीति, विद्यालय क्षेत्र सुधार कार्यक्रम आदि ।

## २.२. मुद्दा तथा समस्याहरू

क)२०३९ सालमा बनेको अपाङ्ग संरक्षण तथा कल्याण ऐन लामो समयसम्म संशोधन हुन नसकेका कारणले वदलिँदो परिवेश र आवश्यकता अनुसार अपाङ्गता अधिकारको सवालमा पछिल्लो समयमा भएको विकास क्रमले ल्याएको नविन र अधिकारमुखी अवधारणाहरू ऐन, नीति र कार्यक्रमहरूमा समेटीन सकेका छैनन् ।

ख) पर्याप्त कानुनी व्यवस्थाहरूको अभावमा अपाङ्गता भएका व्यक्तिका अधिकार सम्बन्धी महासन्धी २००६ को मर्म र भावनाअनुसार राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई सेवा सुविधाहरू उपलब्ध गराउन सकेको छैन ।



नेपाल

ग) विभिन्न क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूमाथि अपाङ्गताको आधारमा गरिने विभेदहरूको विरूद्धमा कानुनी उपचारहरू गर्न सकिनेगरि कानुनी प्रावधानहरू बनाइएको छैन । यसको परिणामस्वरूप अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा पहुँच पर्याप्त रूपमा भएको छैन ।

घ) राष्ट्रिय अपाङ्ग महासंघले २०६९ सालमा नेपालका विद्यमान कानुनहरूलाई महासन्धिले गरेका व्यवस्थाहरूसँग तुलना गरेर गरेको एक अध्ययन देखाएको नतिजा अनुसार नेपालमा धेरै कानुनी प्रावधानहरू अझै पनि अपाङ्गता भएका व्यक्तिहरूको लागि दयामुखी सोचबाट अभिप्रेरित भएको र कतिपय विभेदकारी समेत भएको पाइएको छ । महासन्धिको धारा ४ (ख) मा उल्लेखित राज्यका दायित्वमा "अपाङ्गता भएका व्यक्तिहरू विरूद्ध भेदभाव सृजना गर्ने विद्यमान कानुन नियम प्रथा तथा प्रचलनलाई संशोधन वा उन्मुलन गर्न कानुन बनाउने लगायतका सबै उपयुक्त उपायहरू अबलम्बन गर्ने " भनिएको छ । तसर्थ यस्ता कानुनहरूलाई समय र आवश्यकता अनुकुल परिवर्तन गर्नु र विभेद जनिने व्यवस्थाहरू अन्त्य गर्नु आवश्यक छ ।

ङ) नेपाल संघीय संरचनामा प्रवेश गरेसँगै अधिकांश कानुनहरूमा सुधार, परिमार्जन र संसोधनका कामहरू सुरू भएका छन् जसमा अपाङ्गता अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रावधानहरू समावेश गरिनुपर्ने जरूरी छ ।

## २.३. उद्देश्य

२.३.१.राज्यका विभिन्न कानुनहरूमा अपाङ्गता भएका व्यक्तिहरुका हक र अधिकारहरू सुनिश्चित गर्ने ।

२.३.२.कानुनमा रहेका अपाङ्गता प्रति विभेद जनिने व्यवस्थाहरूको अन्त्य गरि अपाङ्गता भएका व्यक्तिहरूलाई समान कानुनी अधिकारहरू दिलाउने ।

## २.४.नीति

२.४.१.अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धीको भावना र मर्म अनुकुल हुनेगरि विभिन्न ऐन, कानुन, नियमावली र नीतिहरूमा संशोधन सुधार र परिमार्जन गरिनेछ र उनीहरूका लागि आवश्यकता अनुसार विशेष प्रावधानहरूको समेत व्यवस्था गरिनेछ ।

२.४.२.राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूमा तथा अपाङ्गता अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी कानुनहरूमा उल्लेखित प्रावधानहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

२.४.३.अपाङ्गतको आधारमा गरिने विभेदहरूको अन्त्य गर्न कानुनी प्रावधानहरू निर्धारण गरिनेछ र यसको प्रभाकारी कार्यान्वयनमा जोड दिइनेछ ।

## २.५. रणनीतिहरू

२.५.१.अपाङ्गता अधिकार ऐनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक नियमावली निर्माण गर्ने ।

मस्यौदा

२.५.२.अपाङ्गता भएका व्यक्तिहरूप्रति विभेद जनिने कानुनहरू लगायत संशोधन गर्नुपर्ने प्रावधानहरूको विस्तृत अध्ययन गर्ने, सरोकारवालाहरूमा छलफल गर्ने र संशोधनका प्रकृयाहरू सञ्चालन गरिनेछ ।

२.५.३.विभिन्न विषयगत कानुन र नीतिहरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि कुनै विभेद जनिने व्यवस्था भएमा त्यस्ता व्यवस्थाहरू खारेज गरिनेछ ।

२.५.४.अपाङ्गता भएका व्यक्तिहरू प्रति हुने कुनैपनि विभेदकारी प्रथा,अभ्यास र प्रचलनहरूलाई निषेध र निरूत्साहित गर्न कानुनबमोजिम हुने कार्वाही र सामाजिक सचेतना अभिवृद्धि गरिनेछ ।

## २.६. अपेक्षित उपलब्धी

२.६.१.अपाङ्गता अधिकार सम्बन्धी एक अलग्गै छाता कानुन हुनेछ जसमा अपाङ्गता भएका व्यक्तिहरूका सबै विशेषाधिकारहरू संरक्षित हुनेछन्।

२.६.२.नेपालका अन्य विषयगत कानुन र नीतिहरूमा अपाङ्गताको परिप्रेक्षबाट सुधार र संशोधन गर्नुपर्ने विषयहरू पहिचान हुनेछन् र त्यस्ता कानुनहरूमा आवश्यक संशोधन र सुधार हुनेछ ।

२.६.३. नयाँ बन्ने वा अव संशोधन हुने विभिन्न विषयगत ऐन, कानुन तथा नीतिहरूमा अपाङ्गताका सवालहरू समावेश हुनेछन् ।

२.६.४.विभिन्न विषयगत मन्त्रालयले निर्माण गर्ने तथा योजना आयोगले निर्माण गर्ने अल्पकालिन तथा दीर्घकालिन नीति, रणनीति तथा कार्यक्रमहरूमा यस राष्ट्रिय नीति तथा कार्ययोजना अनुसारका कार्यक्रमहरू समावेश भइ कार्यान्वयन हुनेछन् ।

## २.७. कार्ययोजना

| क्रम | कृयाकलाप | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | अपाङ्गता अधिकार विधेयक संसदबाट पारित भएपछि यसलाई कार्यान्वयन गर्न आवश्यक नियमावली निर्माण गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, कानुन तथा न्याय मन्त्रालय, अर्थ मन्त्रालय, मन्त्री परिषदको कार्यालय | विभिन्न विषयगत मन्त्रालय तथा विभागहरू,राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अपाङ्गता क्षेत्रका स्रोतकेन्द्रहरू, भएका व्यक्तिका संस्थाहरू र सम्बन्धित अन्य गैर सरकारी निकायहरू। | २०७३ साल | सरकारबाट स्वीकृत सम्बन्धित नियमावली |
| २ | नेपालका विभिन्न विषयगत कानुन, नीयमावली र सरकारका आवधिक योजना र नीतिहरूलाई अपाङ्गताको परिप्रेक्षबाट | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, विषयगत मन्त्रालयहरू, कानुन तथा न्याय मन्त्रालय | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अन्य वर्गीय संघ तथा महासंघहरू, अपाङ्गता भएका | आवश्यकता अनुसार निरन्तर गर्ने | अध्ययन प्रतिवेदन र संशोधनका लागि तयार पारिएका सुझावहरू, संशोधन प्रकृयाहरूको थालनी |

| | | | | | |
|---|---|---|---|---|---|
| | अध्ययन तथा विश्लेषण गरि आवश्यक सुधार तथा संशोधनका लागि पहल गर्ने । | सम्बन्धित सरोकारवाला निकायहरू | व्यक्तिका संस्था, सम्बन्धित अन्य गैर सरकारी संस्था, विश्वविद्यालय तथा अध्ययन तथा अनुसंधान केन्द्रहरू । | | |
| ३ | अपाङ्गता अधिकार सम्बन्धी कानुनहरूमा उल्लेखित प्रावधान अनुकुल हुनेगरि सेवा सुविधा उपलब्ध गराउन वार्षिक नीति कार्यक्रम र बजेटहरूमा अपाङ्गता सम्बन्धी कार्यक्रमहरू समावेश गर्ने । | सबै विषयगत मन्त्रालयहरू, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्री परिषद कार्यालय | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अपाङ्गता भएका व्यक्तिका संस्थाहरू र सम्बन्धित अन्य गैर सरकारी निकायहरू, विभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू । | प्रत्येक वर्ष निरन्तर गर्नुपर्ने | सरकारका विभिन्न कार्ग्रम र नीतिहरूमार्फत अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रवाह गरिएका |

हाम्रोसंसार

# ३: शिक्षा

## ३.१. वर्तमान अवस्था

क) वर्तमान अवस्थामा नेपाल सरकारले अपाङ्गता भएका बालबालिका वा विद्यार्थीहरूको लागि समावेशी शिक्षाको नीति लिएको छ । अरू बालबालिका सरह नै अपाङ्गता भएका बालबालिकाहरूले अरू बालबालिका सँगै समावेशी वातावरणमा पढ्न लेख्न पाउनुपर्छ भन्ने मुल्य र मान्यतालाईआत्मसात गर्दै अपाङ्गता भएका बालबालिकाहरूका विशेष आवश्यकताहरूलाईसमावेशी अवधारणा अनुसार क्रमश सम्बोधन गर्दै लगिरहेको छ ।

ख) विक्रम सम्बत २०२१ सालमा दृष्टिविहीन बालबालिकाहरूका लागि विशेष शिक्षाबाट सुरू भएको प्रयास हाल सबैका लागि समावेशी शिक्षा तर्फ उन्मुख भैसकेको छ । नेपाल सरकारले अपाङ्गता भएका बालबालिका र व्यक्तिहरूको शिक्षाकालागि कानुनी र नीतिगत प्रयासहरू विक्रम सम्बत २०३९ को ऐन मार्फत गर्दै आएको छ । २०३९ सालमा बनेको अपाङ्ग संरक्षण तथा कल्याण ऐनमा उल्लेखित समानताको हकमा अपाङ्गता भएकै आधारमा शिक्षा वा तालिबाट बञ्चित गर्न नपाइने भनि सुनिश्चित गरिएको छ । सोहि ऐनले गरेको शिक्षा सम्बन्धि व्यवस्थामा अपाङ्गता भएका व्यक्तिहरूलाई कुनैपनि शिक्षण संस्थामा शुल्क लिन नपाइने, अपाङ्गता भएका व्यक्तिहरूलाई पढाउने शिक्षकहरूलाई तालिमको व्यवस्था गर्नुपर्ने, बहिरा, दृष्टिविहीन, बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूलाई शिक्षा दिन विशेष शिक्षाको व्यवस्था गर्ने लगायतका व्यवस्थाहरू गरिएका छन् ।

ग) विक्रम सम्बत २०५३मा अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष शिक्षा नीतिको व्यवस्था गरियो जसमा विशेष विद्यालय र एकिकृत विद्यालय भनि दुई प्रकारका विद्यालयहरूको व्यवस्था गरियो । यस नीतिमा विद्यालयहरूलाई अपाङ्गता मैत्री वनाउने, शिक्षकहरूलाई तालिमको व्यवस्था गर्ने, प्राथमिक तथा माध्यमिक तहमा नि:शुल्क शिक्षा दिने, विशेष विद्यालयहरू खोल्न पाइने लगायतका ३३ वटा नीतिहरू तय गरिएको छ ।

घ) नेपाल सरकारको १३ औँ त्रीवर्षीय योजनाले विपन्न, सिमान्तकृत समुदाय अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षामा पहुँच सुनिश्चित गर्न लक्षित कार्यक्रमहरू ल्याउने रणनीति लिएको छ । यसैगरि सोहि योजनाको कार्यनीतिमा सबै तहको शिक्षामा महिला, आदिवासी जनजाति, मधेशी, दलित, विशेष आवश्यक्ता भएका व्यक्ति लगायत लक्षित समुहको पहुँच सुनिश्चित गर्न आरक्षण, छात्रवृत्ति लगायत विकल्पहरूको विस्तार गर्ने कुरा उल्लेख गरेको छ ।

ङ) हाल नेपाल सरकारले अपाङ्गता भएका बालबालिका र व्यक्तिहरूलाई शिक्षामा पहुँच वृद्धि गर्नको लागि विभिन्न सेवा सुविधाहरूको व्यवस्था पनि गरेको छ । जस अन्तर्गत श्रोतकक्षाको व्यवस्था, छात्रवृत्तिको व्यवस्था, निःशुल्क शिक्षा, ब्रेल पुस्तक र सामग्रीहरूको व्यवस्था, दृष्टिविहीन विद्यार्थीले परीक्षामा लेखक राख्न पाउने, परीक्षामा अपाङ्गताको कारणले लेख्न ढीलाइ हुने विद्यार्थीले बढीमा १ घण्टा ३० मिनेटसम्म थप समय पाउने, वहिरा विद्यार्थीहरूको लागि विशेष कक्षा वा विशेष विद्यालयहरूको व्यवस्था, वौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको लागि विशेष कक्षाको व्यवस्थाहरू पर्छन् ।

च) नेपाल सरकारले सबैको लागि शिक्षाको अवधारणालाई अंगिकार गरिसकेको छ र २००९ देखि देश अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि महासन्धीको पक्षराष्ट्र भैसकेकोछ ।महासंधिको धारा २४ ले अपाङ्गता भएका बालबालिकाहरूको शिक्षाको लागि राज्यले चाल्नुपर्ने कदमहरूको बारेमा स्पष्ट निर्देशहरू गरेको छ ।

छ) नेपाल सरकार शिक्षा विभागले समावेशी शिक्षालाई अझ प्रभावकारी बनाउन समावेशी शिक्षा सम्बन्धि अलग्गै नीति निर्माण गरि लागू गर्ने तयारी गरिरहेको छ । बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूका लागि अलग्गै पाठ्याक्रमको समेत निर्माण गरिसकिएको छ । विद्यालयका भौतिक संरचनाहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार अपाङ्गता मैत्री बनाउन सकिनेगरि नियम र मापदण्डहरू सरकारले तयार गरि लागू गरिसकेको छ ।

ज) नेपालका केहि जिल्लाहरूमा गैर सरकारी क्षेत्रबाट र सरकारी स्तरबाटै पनि अपाङ्गता भएका बालबालिकाहरूको शिक्षाको लागि नमुना कामहरू भएका छन् जसलाई शिक्षा विभागले अन्य जिल्लाहरूमा अनुकरण गर्न वा गराउन सक्छ । गैर सरकारी क्षेत्रले समावेशी शिक्षा र विशेष शिक्षामा गरेका सफल प्रयोग र हासिल सिपहरूलाई शिक्षकहरूमा हस्तान्तरण गरेर एकातिर स्रोत कक्षालाई थप स्रोत सम्पन्न बनाउन सकिन्छ भने अरू शिक्षकहरूलाई अपाङ्गता भएका बालबालिकाहरू प्रति सहज र मैत्रीपूर्ण बनाउन सकिन्छ ।

झ) सिकाई प्रकृया, परीक्षा र सिकाई मुल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्नमा सरकार सक्षम र लिचिलो हुनेहो भने अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा पहुँच उल्लेख्य रूपमा बढाउन सकिन्छ । हाम्रै देशमा यसका सफल उदाहरणहरू पनि छन् जसलाई उपयोग गर्न सकिन्छ ।

## ३.२.मुद्दा तथा समस्या

क) शिक्षा सबैको लागि भनि र कानुनी तथा नीतिगत तहमा अपाङ्गता भएका बालबालिका र व्यक्तिहरूलाई कुनै विभेद नगरिने भनिएको भएतापनि कार्यान्वयनको तहमा यो प्रभावकारी हुन सकेको छैन ।सैद्दान्तिक तथा कानुनी दुवै आधारमा अन्य सरह अपाङ्गता भएका व्यक्तिहरूले समान आधारमा समावेशी वातावरणमा शिक्षा हासिल गर्न पाउने अधिकार हुन्छ तर नेपालको कुल विद्यालय भर्ना दर ९६ प्रतिशत भैसक्दा पनि अधिकांश विद्यालय जाने उमेरका अपाङ्गता भएका बालबालिकाहरूभने विद्यालय बाहिरनै रहेका छन् । अपाङ्गता भएका बालबालिकाहरूको विद्यालय छोड्ने दर अन्य बालबालिकाहरूको तुलनामा उच्च छ भने बहिरा बालबालिकाको सिकाई उपलब्धी ज्यादै न्युन रहेको तथ्य विभिन्न अध्ययनहरूले देखाएका छन् ।

ख) बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको लागि लचिलो शिक्षा प्रणालीको विकास हुन सकेको छैन भने कतिपय विद्यमान सिकाईमुल्याङ्कन र परीक्षा प्रणालीहरू अपाङ्गता भएका बालबालिकाहरूका लागि मैत्रीपूर्ण छैनन् ।

ग) शिक्षकहरू अपाङ्गताको विषयमा पूर्णरूपमा सुसुचित छैनन् भने अपाङ्गता भएका बालबालिकाहरूमा समावेशी वातावरणमा शिक्षा दिने सन्दर्भमा शिक्षकहरूलाई पर्याप्त तालिम उपलब्ध छैन । अपाङ्गता भएका बालबालिकाहरूलाई समावेशी कक्षामा अन्य सरह सिकाई प्रकृयामा सहभागी हुनको लागि आवश्यक सहयोग र थप क्षमता विकासको लागि काम गर्ने उद्देश्यका साथ सुरूवात गरिएको स्रोत कक्षाको अवधारणालाई वास्तवमा सहि अर्थमा उपयोग गर्न सकिएको छैन ।

घ) विद्यालयको भौतिक बातावरण अपाङ्गता भएका बालबालिहरूका लागि मैत्रीपूर्ण नहुँदा, विद्यालय जान लामो बाटो हिँड्नुपर्ने र छात्रवासहरूको व्यवस्था नहुँदा पनि अपाङ्गता भएका बालबालिकाहरू बिचैमा विद्यालय छोड्न बाध्य छन् ।

ङ) चेतनाको अभावको कारणले शिक्षकहरूले अपाङ्गता भएका बालबालिकाहरूसँग गर्ने व्यवहारहरू सहज र मैत्रीपूर्ण नहुने, साथिभाईहरूबाट विभेद सहनुपर्ने र अभिभावकहरू समेत आफ्ना अपाङ्गता भएका छोराछोरीहरूलाई विद्यालय पठाउने कुरामा उदासिन देखिने हुनाले पनि अपाङ्गता भएका बालबालिकाहरूको विद्यालयमा पहुँच पुग्न सकेको छैन ।

च) कतिपय अवस्थामा सहयोगी र सहायक सामग्रीको अभावमा पनि उनीहरू विद्यालय जान सकेका छैनन् भने कतिपय अवस्थामा उनीहरूको विशेष शिकाईआवश्यकता(learning needs) लाई सम्बोधन गर्न नसक्दा अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा टिकाउन सकिएको छैन ।

छ) अपाङ्गता भएका बालबालिकाहरू किन विद्यालय आउन सकिरहेका छैनन् भन्ने वारेमा कुनै ठोस अध्ययनहरू गरिएका छैनन र उनीहरूको शिक्षाको अधिकारका पक्षमा काम गर्ने अभिभावक, समुदाय, व्यक्ति स्वयम र विद्यालयलाई तयार गर्न ठोस कामहरू पर्याप्त हुन सकेका छैनन् ।

## ३.३.उद्देश्य

३.३.१.अपाङ्गता भएका बालबालिका तथा विद्यार्थीहरूका लागि विना कुनै भेदभाव समावेशी सिद्दान्तका आधारमा अन्य सरह गुणस्तरीय, रोजगारमुखी, आवश्यकतामा आधारित र जीवनपर्यन्त शिक्षामा समान पहुँच सुनिश्चित गर्दै सक्षम, प्रतिश्पर्धी,मर्यादित र उत्पादनशील नागरिक बनाउनु ।

## ३.४.नीति

३.४.१.आवश्यक सबै उपाय अवलम्बन गर्दै आवश्यक परे विशेष कानुनी प्रावधानहरू समेत निर्माण गरि विद्यालयबाहिर रहेका सबै अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालय भित्र ल्याइनेछ र यसको लागि समुदाय र अभिभावकको समेत सहयोग लिइनेछ ।

३.४.२. अपाङ्गता भएका व्यक्तिहरूको गुणस्तरीय उच्च शिक्षा तथा व्यावसायिक शिक्षामा समान पहुँच स्थापित गर्न चाहिने आवश्यक सबै कानुनी, प्रणालीगत लगायत शिक्षण सिकाइ सम्बन्धी वातावरण तयार गरिनेछ ।

३.४.३.अपाङ्गता भएका बालबालिका तथा यूवाहरूलाई गुणस्तरीय शिक्षामा पहुँच पुर्याउन शिक्षकहरूको क्षमता विकास,विद्यालय, विश्वविद्यालय र कलेजहरूको भौतिक तथा शैक्षिक बातावरणलगायत पाठ्यपुस्तक, शिक्षण सिकाइ प्रकृया, मुल्याङ्कन तथा परीक्षा प्रणाली,पाठ्य पुस्तक तथा सामग्रीहरू र शैक्षिक सामग्रीहरूअपाङ्गता मैत्री वा पहुँचयुक्त बनाइनेछ ।

## ३.५.रणनीति

३.५.१.अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी अनुकुलहुनेगरि शिक्षा सम्बन्धी ऐन, नीति र नियमावलीहरूमा समयसापेक्ष सुधार ल्याईनेछ ।

३.५.२.शिक्षा प्रणाली, पाठ्याक्रम, पाठ्यपुस्तक तथा सिकाइ प्रकृया र विद्यालय बातावरण अपाङ्गता भएका बालबालिकाहरूको लागि सहज र मैत्रीपूर्ण बनाइनेछ ।

३.५.३. विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयभित्र ल्याउन र अपाङ्गता भएका बालबालिकाहरूप्रति सकारात्मक सोच विकास गर्न चेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ र विद्यार्थी तथा अभिभावकलाइ यस विषयमा अभिप्रेरित र प्रोत्साहित गरिनेछ ।

३.५.४.अपाङ्गता भएका बालबालिका तथा उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूका विशेष आवश्यक्ताहरूलाई मध्यनजर गरि विषय विज्ञहरूको सहयोग लिई सिकाइ प्रकृया, मुल्याङ्कन प्रणाली र परीक्षा प्रणालीलाई लचिलो र मैत्रीपूर्ण बनाइनेछ ।

३.५.६.स्रोत कक्षालाई यसकोसहि अवधारणा अनुकुल कार्यान्वयन गराउँदै अपाङ्गता भएका बालबालिकाहरूलाई कक्षाकोठाको समावेशी बातावरणमा अरू बालबालिकाहरूसरह समान रूपमा सिक्न चाहिने थप स्रोत, सिप र ज्ञानहरू दिने माध्यमको रूपमा विकास गरिनेछ ।

३.५.६.अपाङ्गता भएका बालबालिका तथा उच्च शिक्षा अध्ययन गरिरहेका अपाङ्गता भएका विद्यार्थीहरूको सिकाइ उपलब्धीमा वृद्धि गर्न, उनीहरूको विद्यालय वा शैक्षिक संस्थामा टिकाउदरमा वृद्धि गर्न र सिकाइ प्रकृयामा पूर्ण रूपमा सहभागी गराउन आवश्यक पर्ने अध्ययन र अनुसन्धानहरू गराउने ।

३.५.७.नेपालका विभिन्न ठाउँमा सरकारी वा गैर सरकारी क्षेत्रबाट भएमा अपाङ्गता भएका बालबालिकाहरूलाई समावेशी वातावरणमा शिक्षा प्रदान गरिएका सफल र प्रभावकारी प्रयोगहरूको अध्ययन गरि सबै जिल्लाहरूमा यस्ता प्रयोगहरू गर्न गराउन आवश्यक कार्यक्रमहरू तय गरि लागु गर्ने ।

३.५.८. विद्यालय वा कलेज जान दैनिक भौतिक अवरोध र लामो दुरी तय गर्नुपर्ने कारणले विद्यालय वा कलेज जान नसक्नेहरूकालागि पहुँचयुक्त छात्रवासको व्यवस्था मिलाउने र तत्काल विद्यालय गएर अध्ययन गर्न नसक्ने अवस्थामा रहेका बालबालिका वा विद्यार्थीहरूको लागि घरमा वसेर पनि लेख्न पढ्न वा अध्ययन गर्न वा गराउने व्यवस्थालाई मिलाइनेछ ।

३.५.९. समावेशी शिक्षा अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई समान रूपमा शिक्षा दिन सक्ने गरि शिक्षकहरुको क्षमता विकासका लागि विभिन्न तालिम, अभिमुखिकरण र अवलोकन भ्रमण जस्ता कामहरूमा जोड दिनेर विश्वविद्यालयमा अपाङ्गता सम्बन्धि अध्ययनलाई प्रवर्द्धन गराउने ।

## ३.६. अपेक्षित उपलब्धी

३.६.१.सबै विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिका विद्यालय भर्ना हुनेछन्र छात्रवृत्ति प्राप्त गर्नेछन ।

३.६.२.सबै विद्यालय, विश्वविद्यालय तथा कलेजहरूको भौतिक वातावरण अपाङ्गता मैत्री हुनेछ र अपाङ्गता भएका बालबालिकावा विद्यार्थीहरूले विद्यालय, विश्वविद्यालय र कलेज भित्रका सेवा सुविधाहरूको स्वतन्त्र र समान रूपमा उपयोग गर्न पाउनेछन् ।

३.६.३.विद्यमान शिक्षा सम्बन्धि नीति र कानुनहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी र अपांगता अधिकार ऐन अनुकुल सुधार हुनेछ ।

३.६.४.सरकारका शिक्षा सम्बन्धी योजना तथा शैक्षिक विकास कार्यक्रमहरूलेअपाङ्गता भएका बालबालिकावा सबै उमेरका विद्यार्थीहरूको आवश्यकता अनुसारको शैक्षिक कार्यक्रम र प्रणालीलाई सम्बोधन गर्नेछन् ।

३.६.५.परीक्षा प्रणाली, शैक्षिक सामग्रीको प्रयोग, मुल्याङ्कन प्रणालीहरू र शिक्षण सिकाइ पद्धतिहरूले अपाङ्गता भएका सबै उमेरका विद्यार्थीहरूको आवश्यकतालाई सम्बोधन गर्नेछन् र पाठ्यपुस्तकहरू अपाङ्गता मैत्री हुनेछन र पहुँचयुक्त ढाँचामा पाठ्य पुस्तक लगायत पाठ्य सामग्रीहरू उपलब्ध हुनेछन् ।

३.६.६.स्रोत शिक्षक लगायत अन्य सबै शिक्षकहरूले समावेशी शिक्षा सम्बन्धी पर्याप्त तालिम प्राप्त गर्नेछन् र उनीहरूको शिक्षण क्षमतामा विकास हुनेछ र यसको सकारात्मक प्रभाव अपाङ्गता भएका बालबालिकाको सिकाइ उपलब्धिमा पर्नेछ ।

३.६.७.समावेशी शिक्षा सम्बन्धमा समुदायमा जनचेतनामा अभिवृद्धि हुनेछ र समुदाय तथा अभिभावक आफ्ना अपाङ्गता भएका बालबालिकाहरूको शिक्षा प्रति सचेत र जिम्मेवार हुनेछन ।

## ३.७. कार्ययोजना

| क्रम | कृयाकलाप | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | अपाङ्गता भएका बालबालिका हरूको लागि समावेशी शिक्षाको लागि सम्बन्धित मन्त्रालय वा विभागले स्पष्ट नीति र विस्तृत कार्यक्रमहरू निर्माण गरि लागू गर्ने । | शिक्षा मन्त्रालय, शिक्षा विभाग | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय र अन्य अपाङ्गता क्षेत्रमा काम गर्ने सरोकारवाला निकायहरू | २०७३ साल | निर्माण गरि लागू गरिएको नीति र शैक्षिक कार्यक्रमहरू । |
| २ | नेपाली साङ्केतिक भाषामा एकरूपता कायम गर्ने र अध्याविधक गर्दै लैजाने | शिक्षा मन्त्रालय | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय । | २०७३ साल | एकरूपता कायम भएको र अध्यावधिक गरिएको साङ्केतिक भाषा |
| ३ | विशेष शिक्षा परिषदको क्षमता विकास गरि समावेशी शिक्षा लगायत अपांगता भएका | शिक्षा विभाग, शिक्षा मन्त्रालय । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | २०७३ साल | विशेष शिक्षा परिषदको क्षमता विकास गर्न सञ्चालित |

| | | | | | |
|---|---|---|---|---|---|
| | बालबालिकाहरूलाई दिने विशेष शिक्षाको विषयमा निरन्तर शिक्षा विभागलाई परामर्श, सुझाव, पृष्ठपोषण र सिफारिसहरू गर्न सक्षम तुल्याउने । | | | | कार्यम्रहरू तिनको सङ्ख्या र त्यस्ता कार्यक्रमबाट भएको उपलब्धी । |
| ४ | विद्यालयमा अध्ययन गरिरहेका र विद्यालय बाहिर रहेका अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गर्ने । | शिक्षा विभाग, जिल्ला शिक्षा कार्यालय/लेखाजोखा केन्द्र | महिला तथा बालबालिका कार्यालय र स्थानीय स्तरमा बालबालिका तथा अपाङ्गताको क्षेत्रमा काम गरिरहेका गैर सरकारी निकायहरू | २०७३ साल | संङ्कलित वर्गिकृत तथ्याङ्क |
| ५ | विद्यालय तथा विश्वविद्यालय स्तरमा रहेकाविद्यमान परीक्षा तथा मुल्याङ्कन प्रणालीमा रहेका कमीकमजोरीहरू पहिचान गर्न सरोकारवाला र विज्ञहरूसँग अन्तरकृया र छलफलहरू गरि आवश्यक सुधार र परिमार्जन गर्ने । | शिक्षा विभाग पाठ्यक्रम विकास केन्द्र परीक्षा नियन्त्रण कार्यालय | शिक्षा मन्त्रालय, राष्ट्रय अपाङ्ग महासंघ, राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू, राष्ट्रसंघीय निकायहरू । | | उपस्थिति, छलफल गरिएका विषयवस्तु, निश्कर्षहरू, प्रतिवेदन |
| ६ | अपाङ्गताको विषयमा र समावेशी शिक्षाको विषयमा शिक्षकहरूलाई दिइने तालिम प्याकेजको निर्माण गर्ने र तालिमहरू दिने । | शैक्षिक जनशक्ति विकास केन्द्र | शिक्षा विभाग | २०७३ साल देखि निरन्तर | निर्मित तालिम प्याकेज र सञ्चालित तालिमहरू |
| ७ | अभिभावक र विद्यालयका अन्य विद्यार्थिहरूको लागि जनचेतना अभिवृद्धि गर्ने सामग्रीहरूको निर्माण गर्ने र समुदायमा जनचेतना जगाउने कार्यक्रमहरू गर्ने (जस्तै रेडीयो सन्देश, हाते पुस्तक, पोष्टर, डकुमेन्ट्री, अभिमुखीकरण कार्यक्रम आदि) | शिक्षा विभाग,पाठ्यक्रम विकास केन्द्र जिल्ला शिक्षा कार्यालय, नगरपालिका र गाउँपालिका र विद्यालयहरू | | २०७३ देखि निरन्तर | निर्मित सामग्रीहरू |
| ८ | अपाङ्गता र अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने विभेदको परिप्रेक्षबाट विद्यमान पाठ्यपुस्तकहरूको अध्ययन गर्ने र सुझाव र सिफारिसहरूका आधारमा | पाठ्याक्रम तथा पाठ्यपुस्तक विकास केन्द्र | | २०७४ साल | अध्ययन प्रतिवेदन |

कोसेली प्रयोग

| | | | | | |
|---|---|---|---|---|---|
| | पाठ्यपुस्तकहरूमा सुधार गर्ने । | | | | |
| ९ | विद्यालय, विश्वविद्यालय, कलेज लगायत सबै शैक्षिक संस्थाहरूको भौतिक संरचनाहरू सरकारले तोकेको मापदण्ड अनुसार अपाङ्गता मैत्री बनाउने । | शिक्षा मन्त्रालय,शिक्षा विभाग,राष्ट्रिय पुननिर्माण प्राधिकरण, परियोजना कार्यान्वय इकाई (PIU),जिल्ला शिक्षा कार्यालय | जिल्ला शिक्षा कार्यालयहरू, विश्वविद्यालयहरू, कलेज तथा सबै प्रकारका शैक्षिक संस्थाहरू | २०७३ साल देखि निरन्तर | अपाङ्गता मैत्री बनाइएका विद्यालयको संख्या र Case studies. |
| १० | अपाङ्गता भएका बालबालिका तथा सबै उमेरका विद्यार्थीहरूका लागि भौतिक रूपमा मैत्रीपूर्ण र पहुँचयुक्त छात्रवासको सुविधा उपलब्ध गराउने । | शिक्षा मन्त्रालय, शिक्षा विभाग,विश्वविद्यालयहरू,जिल्ला शिक्षा कार्यालय | | | छात्रवासको सुविधा प्राप्त गर्ने अपाङ्गता भएका बालबालिकाको संख्यामा भएको वृद्धि । |
| ११ | देशका विभिन्न स्थानमा समावेशी शिक्षामा गरिएका सफल र प्रभावकारी प्रयोगहरूको अवलोकन गर्ने र सफल अभ्यासहरूलाई देशका विभिन्न जिल्लामा प्रयोगमा ल्याउने । | शिक्षा विभाग | राष्ट्रिय अपाङ्ग महासंघ, बालबालिकाको सवालमा काम गर्ने तथा अपाङ्गताको क्षेत्रमा काम गर्ने गैर सरकारी नकायहरू | २०७३ बाट निरन्तर | अवलोकनको प्रतिवेदन |
| १२ | ब्रेल पुस्तक र समाग्रीहरू पर्याप्त उत्पादन गर्ने, अडियो पुस्तकहरू निर्माण गर्ने र उत्पादन गर्ने, दृष्टिविहीन विद्यार्थीलाई कम्प्युटर तालिम दिने, शिक्षा विभाग र मन्त्रालयको वेवसाइटलाई अपाङ्गता मैत्री वनाउने । | पाठ्याक्रम तथा पाठ्यपुस्तक विकास केन्द्र | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र अन्य सरोकारवाला निकायहरू | २०७४ साल | उत्पादित ब्रेल पुस्तक र सामग्रीहरू उत्पादित अडियो सामग्रीहरू कम्प्युटर तालिम लिएका विद्यार्थीहरूको संख्या अपाङ्गतामैत्री शिक्षा मन्त्रालय र शिक्षा विभागको वेवसाइट |
| १३ | स्रोत शिक्षकहरूलाई साङ्केतिक भाषा, ब्रेल सम्बन्धि ज्ञान तथा सीप, दृष्टीविहीन विद्यार्थीहरूलाई कम्प्युटर सिकाउने प्रविधि सम्बन्धी थप सीप र ज्ञान प्रदान गर्न तालिम दिने । | शैक्षिक जनशक्ति विकास केन्द्र | | २०७३ र २०७४ साल | तालिम प्राप्त शिक्षकहरूको संख्या । |
| १४ | बौद्धिक अपांगता भएका बालबालिका, अटिज्म प्रभावित बालबालिका लगायत विभिन्न सिकाइ सम्बन्धी अपांगता भएका बालबालिकाहरूलाइ शिक्षा दिनको लागि आवश्यक विशेष | शिक्षा विभाग, शैक्षिक जनसक्ति विकास केन्द्र | राष्ट्रिय अपांग महासंघ, अटिज्म विषयमा काम गर्ने संस्था, अपांगता सम्बन्धी स्रोत केन्द्रहरू, बौद्धिक अपांगता अभिभावक महासंघ आदि | २०७३ र २०७४ | निर्माण गरिएका पाठ्य सामग्री, शैक्षिक सामग्री, शिक्षण पद्धति र तालिम प्राप्त शिक्षकहरूको संख्या । |

| | | | | | |
|---|---|---|---|---|---|
| | पाठ्यक्रम, शिक्षण पद्धति, शैक्षिक सामग्री र शैक्षिक जनशक्ति तयार तयार गर्ने । | | | | |
| | बालिका शिक्षा, अनौपचारिक शिक्षा र प्रौढ शिक्षा जस्ता सरकारका विशेष कार्यक्रमहरूमा अपाङ्गता भएका बालिका र महिलाको सहभागिता अनिवार्य गराउने | शिक्षा विभाग | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | २०७३ सालदेखि निरन्तर | अनौपचारिक वा प्रौढ शिक्षाबाट लाभान्नवित अपाङ्गता भएका महिलाहरूको संख्या |
| | विद्यमान शैक्षिक पाठ्याक्रम र पाठ्यपुस्तकहरूलाई अपाङ्गताको परिप्रेक्षबाट अध्ययन गर्ने । | | | | |
| | विद्यालयका पाठ्यपुस्तक, पाठ्य सामग्री र पाठ्याक्रममा अपाङ्गता सम्बन्धि सामग्रीहरू र विषयवस्तुहरू समावेश गर्ने | पाठ्याक्रम विकास केन्द्र | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल लगायत अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू | २०७५ साल सम्ममा सम्पन्त गरिसक्ने | समावेश गरिएका सामग्रीहरू |
| | विद्यालयका अतिरिक्त कृयाकलापहरूमा अपाङ्गता सम्बन्धि विषयवस्तुहरू समावेश गराउने | शिक्षा विभाग | | २०७३ सालबाट निरन्तर | समावेश गरिएका विषयवस्तुहरू |

दोस्रो मस्यौदा

# ४: स्वास्थ्य

## ४.१.वर्तमान अवस्था

क) नेपाल पक्षराष्ट्र रहेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धीको धारा २५ मा अपाङ्गता भएका व्यक्तिहरूका लागि राज्यले अन्य व्यक्तिहरूले पाएसरहकै र सोहि गुणस्तरको यौन, प्रजनन् लगायतका स्वास्थ्य सेवाहरू उपलब्ध गराउनुपर्ने, अपाङ्गताको कारणले आवश्यक पर्ने थप र विशेष स्वास्थ्य सेवा, यथासमयमा अपाङ्गताको पहिचान तथा हस्तक्षेपहरू गर्नुपर्ने, समुदाय स्तरमा स्वास्थ्य सेवाहरू उपलब्ध गराउनुपर्ने प्रावधानहरू उल्लेख गरिएका छन् । यसैगरि धारा २६ मा शारीरिक, मानसिक, समाजिक सबै प्रकारका क्षमता विकासको लागि प्रभावकारी पुनर्स्थापना सेवाहरू उपलब्ध गराउनुपर्ने प्रावधानहरू छन् ।

ख) नेपालले प्रतिवद्वता जनाएको र युएन स्क्यापले जारी गरेको एशिया प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको लागि क्षेत्रीय रणनीति २०१३ – २०२२ ले तय गरेका १० लक्षहरू मध्ये चौथो मुख्य उद्देश्य सामाजिक सुरक्षालाई सवलिकरण गर्ने भन्ने हो जस अन्तर्गत एउटा लक्ष अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना लगायत स्वास्थ्य सेवाहरूमा पहुँच पुर्याउने भनिएको छ । नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति २०७१ ले समुदायमाआधारित पुनर्स्थापना कार्यक्रम मार्फत अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सेवामा पहुँच स्थापित गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।

ग) नेपाल सरकारले सरकारी अस्पतालहरूमा अपाङ्गता भएका व्यक्तिहरूको लागि सामान्य उपचार र स्वास्थ्य परीक्षण निःशुल्क उपलब्ध गराएको छ । नेपाल सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले सञ्चालन गरेको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमको लागि ७५ वटै जिल्लामा बार्षिक रूपमा केहि बजेटको व्यवस्था गरिएको छ जसमा स्वास्थ्योपचारको लागि पनि केहि रकम खर्च गर्न पाउने व्यवस्था छ ।

घ) मुख्य सरकारी अस्पतालहरूमा अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक पर्ने सुधारात्मक सल्यकृयाहरू(Corrective Surgery)गर्न सकिने व्यवस्था छ भने केहि गैर सरकारी क्षेत्रबाट सञ्चालित अस्पताल, संस्था र पुनर्स्थापना केन्द्रहरूले पनि अपाङ्गता भएका व्यक्तिहरूका लागि सल्यकृया, थेरापी, कृतृम अङ्ग लगायतका विशिष्टिकृत स्वास्थ्य सेवा(Specialized Health Services)र पुनर्स्थापना सेवाहरू उपलब्ध गराइरहेका छन् ।यस्ता विभिन्न विकास क्षेत्रमा रहेका पाँच पुनर्स्थापना केन्द्रहरूलाई नेपाल सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले निशुल्क कृतृम अंग र सहायक सामग्री उपलब्ध गराउन केहि अनुदान सहयोग पनि उपलब्ध गराउँदै आएको छ ।

## ४.२.मुद्दा तथा समस्या

क) कानुनी तथा नीतिगत व्यवस्थाहरू विद्यमान भएका भएतापनि अपाङ्गता भएका व्यक्तिहरूका विशिष्ट आवश्यकताहरूलाईनै मध्यनजर गरि स्वास्थ्य सेवा र स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू सञ्चालित हुन सकेका छैनन् । जिल्ला तथा गाउँस्तरमा समयमै अपाङ्गताको पहिचान गरि उपयुक्त परामर्श दिन सक्ने, प्रारम्भिक हस्तक्षेप र पुनर्स्थापनाका कामहरू गर्ने सक्ने र प्रेषण सेवा दिन सक्ने मानव स्रोतको अभाव छ ।

ख) जिल्ला अस्पतालहरूमा सुधारात्मक सल्यकृयाहरू गर्ने व्यवस्थाहरू छैनन् र अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको शारीरिक वा मानसिक अवस्थाको कारणले भविश्यमा अन्य थप समस्याहरू आउन नदिनको लागि आवश्यक परामर्श, सल्लाह र स्वास्थ्य सेवाहरू दिने व्यवस्थाहरू छैनन् ।

ग) स्थानीय स्तरमा रहेका अस्पताल र स्वास्थ्य चौकिहरूमा थेरापी तथा शारीरिक तथा मानसिक कृयाशीलतामा अभिवृद्धि गराउन आवश्यक पर्ने  पुनर्स्थापना तथा अभ्यस्तता (Rehabilitation &31abilitation) सम्बन्धी सेवाहरू उपलब्ध छैनन् र यस विषयमा मानव स्रोत उत्पादनमा केहि खास पहल हुन सकेको छैन । अस्पताल तथा स्वास्थ्य केन्द्रहरूका भौतिक संरचना र सेवाहरू अपाङ्गतामैत्री छैनन् ।

घ) बौद्धिक अपाङ्गता, मस्तिष्क पक्षघात, मनोसामाजिक अपाङ्गता भएका, छारेरोगबाट प्रभावित व्यक्तिहरूले निरन्तर सेवन गर्नुपर्ने औषधिहरू सहजरूपमा उपलब्ध छैनन् । स्पाइनल कर्ड इन्ज्युरी भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने कतिपय सामग्रीहरू जस्तै युरिन व्याग, क्याथेटर र उनीहरूले निरन्तर सेवन गर्नुपर्ने औषधीहरू निःशुल्क रूपमा उपलब्ध छैनन् ।  स्वास्थ्यका प्रवर्धनात्मक कार्यक्रमहरूमा  एकातिर अपाङ्गता भएका व्यक्तिहरूको पहुँच न्यून छ भने अर्कोतिर स्वास्थ्य सम्बन्धी जनचेतनामुलक सामग्रीहरू नै अपाङ्गता भएका व्यक्तिहरूका लागि (खास गरेर बहिरा, दृष्टिविहीन, अल्पदृष्टियुक्त व्यक्ति, बौद्धिक अपांगता भएका व्यक्ति आदिका लागि) पहुँचयुक्त छैनन् ।

ङ) स्वास्थ्य सम्बन्धी जानकारी र सूचनाहरू राखिएका सरकारी वेवसाइटहरू दृष्टिविहीन व्यक्तिहरूका लागि पहुँचयुक्त छैनन् । प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारी, सूचना र परामर्श सेवाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितालाई महत्व दिइँदैन । हेमोफिलियाबाट प्रभावित व्यक्तिहरूको लागि औषधिउपचार असाध्यै महँगो र धान्न नसकिने छ । अपाङ्गता भएका बालबालिकाहरू अपाङ्गताको आधारमा गरिने विभेदका कारणले थप कुपोषणको मारमा रहेका छन् भने गम्भीर प्रकृतिको शारीरिक वा मानसिक अवस्थामा रहेका अपाङ्गता भएको बालबालिकाको मृत्युदर पनि उच्च रहेको छ ।

च) अपांगता भएका महिलाहरूको प्रजनन् स्वास्थ्यको अवस्था अन्य महिलाहरूको तुलानामा असाध्यै नाजुक रहेको विभिन्न अध्ययनहरूले देखाएको छ । प्रजनन् स्वास्थ्य सम्बन्धी आधारभूत जानकारीहरूबाट उनीहरू प्राय बञ्चित हुनेगरेको तथ्य एकातिर रहेको छ भने अर्कोतिर अन्य महिलाको तुलनामा अपांगता भएका महिलाहरूलाई गर्भवति तथा सुत्केरि अवस्थामा अझ थप विशेष हेरचाहको आवश्यक हुन्छ । तर हाम्रा अस्पतालका प्रसुति कक्षहरू यसरी विशेष अवस्थामा रहेका अपांगता भएका महिलाहरूलाई विशेष सेवा दिन सक्नेगरि भौतिक र मानसिक दुवै रूपमा तयार छैनन् भन्ने कुरा अपांगता भएका महिलाहरूले यस विषयमा पटक पटक गर्नेगरेका गुनासाहरूले प्रष्ट पारेको छ ।

## ४.३.उद्देश्यहरू

४.३.१.अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य सरह समान आधारमा आधारभूत स्वास्थ्य सेवा र आवश्यकता अनुसारको परामर्श तथा विशेष सेवा र विशिष्टिकृत स्वास्थ्य तथा पुनर्स्थापना सेवामा पहुँच पुर्याई मर्यादितऽ स्वस्थ र कृयाशील नागरिकको रूपमा जीवनयापन गर्न सक्षम तुल्याउने  ।

४.३.२.अपांगता भएका महिलाहरू लगायत सबै अपांगता भएका व्यक्तिहरूलाईप्रजनन् स्वास्थ्यमा समान पहुँच स्थापित गर्ने र प्रवर्धनात्मक तथा प्रजनन् स्वास्थ्य सम्बन्धी कार्यक्रम र स्वास्थ्य सम्बन्धी सूचना तथा जानकारीहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच अभिवृद्धि गर्ने ।

## ४.४.नीतिहरू

४.४.१.अन्य सरह अपाङ्गता भएका व्यक्तिहरूलाईआधारभूत स्वास्थ्य सेवा तथा आवाश्यकता अनुसारको विशिष्टिकृत स्वास्थ्य सेवा स्थानीय स्तरमा नै उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

४.४.२.गैर सरकारी क्षेत्रबाट अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध भैरहेका विशिष्टिकृत तथा पुनर्स्थापना सेवाहरूलाइ थप प्रवर्धन र विस्तार गरिनेछ ।

४.४.३.स्वास्थ्य सम्बन्धि सूचना तथा सूचना प्रवाह प्रणाली तथा माध्यमहरूलाई क्रमश अपाङ्गता मैत्री बनाउँदै लगिने र अपाङ्गता सम्बन्धी सूचनाहरूलाई बढीभन्दा बढी समावेश गरिने ।

४.४.४.बाल स्वास्थ्य तथा पोषण सम्बन्धी सरकारका कार्यक्रमहरूमा अपाङ्गता भएका बालबालिकाहरूका लागि लक्षित कार्यक्रमहरू लागू गर्ने ।

४.४.५. अपाङ्गता रोकथाम तथा न्यूनिकरणका विषयमा हाल चलिरहेका कार्यक्रमहरूलाई थप प्रभावकारी बनाइनेछ

## ४.५.रणनीतिहरू

४.५.१.अपाङ्गता भएका व्यक्तिहरूको लागि चाहिने विशिष्ट उपचार सेवा र परामर्श सेवाको लागि क्षेत्रीय तथा जिल्ला स्तरका सरकारी अस्पतालहरूको क्षमता विकास र स्तरवृद्धि गरिनेछ ।

४.५.२.स्वास्थ्य संस्था र स्वास्थ्य चौकीको भौतिक संरचनाहरू नेपाल सरकारले तोकेको मापदण्ड अनुसार अपाङ्गता मैत्री बनाउँदै लगिनेछ  र गाउँ स्तरमै समयमै अपाङ्गता पहिचान, आवश्यक परामर्श र प्रेशण सेवा दिन सक्ने जनशक्ति तयार गर्ने र स्थानीय स्वास्थ्य चौकि मार्फत सेवा उपलब्ध गराइनेछ ।

४.५.३.अपाङ्गता भएका महिलाहरूको प्रजनन् स्वास्थ्य सम्बन्धी रहेका समस्या र चुनौतिको अध्ययन गरि अपाङ्गता भएका महिला केन्द्रित विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

४.५.४.अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो शारीरिक वा मानसिक अवस्थाको कारणले निरन्तर सेवन गर्नुपर्ने औषधीहरू पहिचान गरि क्रमश निःशुल्क रूपमा उपलब्ध गराउँदै लगिनेछ ।

४.५.६.अपाङ्गता भएका ब्यक्तिहरूले आफ्नो शारीरिक अवस्थाको कारणले भविश्यमा स्वास्थ्यमा पर्न सक्ने नकारात्मक प्रभावहरूकम गराउन नियमित स्वास्थ्य परामर्श, उपचार तथा थेरापी सेवाहरू निशुल्क उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

मस्यौदा

४.५.७. समुदायमा आधारित पुनर्स्थापना सेवा मार्फत अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वास्थ्य सेवालाई गाउँ स्तर सम्म पुर्‍याइनेछ ।

## ४.६. अपेक्षित उपलब्धी

४.६.१.अपाङ्गता भएका व्यक्तिहरूलेक्षेत्रीय तथा केन्द्रीय सरकारी अस्पतालहरूमा कम्तिमा नि:शुल्क सुधारात्मक सल्यकृयाको सेवा र जिल्ला अस्पतालहरूमा कम्तिमा आधारभूत फिजियो थेरापी र परामर्श सेवा प्राप्त गर्नेछन ।

४.६.२. मनोसामाजिक अपाङ्गता, मानसिक अस्वस्थता, बौद्धिक अपाङ्गता, मेरूदण्ड पक्षघात, मस्तिष्क पक्षघात, छारेरोग, हेमोफिलिया आदिबाट प्रभावित अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो अपाङ्गताको कारणले नियमित सेवन गर्नुपर्ने औषधी नि:शुल्क रूपमा प्राप्त गर्नेछन् ।

४.६.३. समयमै अपाङ्गता पहिचान र प्रारम्भिक हस्तक्षेप (early identification and early intervention) गर्न सक्नेगरि जिल्ला अस्पतालको क्षमता विकास हुनेछ ।

४.६.४.सरकारी सहयोगमा गैर सरकारी निकायबाट स्वास्थ्य सेवा पाउने अपाङ्गता भएका व्यक्तिहरूको संख्यामा वृद्धि हुनेछ ।

४.६.५.स्वास्थ्य प्रवर्धन र स्वास्थ्य सम्बन्धि सूचनाहरूमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा अभिवृद्धि हुनेछ र मन्त्रालय र विभागले वेवसाइटमा राख्ने सूचनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूकोलागि पहुँचयुक्त हुनेछन ।

४.६.६.अभिभावकहरूले अपाङ्गता भएका बालबालिकाहरूको स्वास्थ्यको लागि गर्नुपर्ने विशेष हेरचाह लगायत थप पोषण सम्बन्धि जानकारीहरू प्राप्त गर्नेछन् ।

४.६.७.अस्पताल तथा स्वास्थ्यकेन्द्रहरूका भौतिक तथा अन्य सेवा सुविधाहरू अपाङ्गता भएका व्यक्तिहरूले सहजरूपमा उपयोग गर्न सक्नेछन्

४.६.८.जन्मजात, चोटपटक,सङ्क्रमण आदिको कारण मानिसमा आउने शारीरिक तथा मानसिक समस्यहरूमा कमि आउनेछ

४.६.९.अपाङ्गता भएका महिलाहरूले प्रशुतिको अवस्थामा उनीहरूको आवश्यकता अनुसार थप विशिष्ट सेवा प्राप्त गर्नेछन् ।

## ४.७.कार्ययोजना

| क्रम | कृयाकलाप | कार्यान्वियन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वियन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | प्रत्येक जिल्ला अस्पतालमा अपाङ्गता भएका व्यक्तिहरूका लागि कम्तिमा | स्वास्थ्य सेवा विभाग, जिल्ला अस्पताल, जिल्ला जनस्वास्थ | | **२०७३ देखि** २०७५ सम्म | जिल्ला अस्पतालमा उपलब्ध फिजियो |

| | | | | | |
|---|---|---|---|---|---|
| | फिजियो थेरापी तथा स्वास्थ्य सम्बन्धी परामर्श सेवा दिने व्यवस्था गर्ने । | कार्यालय | | | थेरापिष्टहरू , सेवाग्राहीको संख्या |
| २ | क्षेत्रीय तथा अञ्चल अस्पतालहरूमा अपाङ्गता भएका व्यक्तिहरूको लागि गरिने सुधारात्मक सल्यकृयाहरू गर्न सक्ने गरि चिकित्सक र सुविधाहरूको व्यवस्था गर्ने र अपाङ्गता भएका व्यक्तिहरूका लागि परामर्श केन्द्रको स्थापना गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, क्षेत्रीय र अञ्चल अस्पतालहरू | | २०७३ देखि २०७५ सम्म | स्थापित परामर्श केन्द्रहरू र सुधारात्मक सल्यकृयाको लागि थप गरिएका सेवा सुविधा र चिकित्सकहरूको संख्या । |
| ३ | अपाङ्गता भएका बालबालिका/व्यक्तिहरूका लागि उपलब्ध गराउनुपर्ने सुधारात्मक सल्यकृया र थेरापी सेवालाई निःशुल्क उपलब्ध गराउने | क्षेत्रीय र अञ्चल अस्पतालहरू | | २०७३ देखि निरन्तर | निशुल्क सेवा उपलब्ध गराउन सरकारले गरेको नीतिगत व्यवस्था, निर्णयहरू र यस्तो सेवा पाउने अपाङ्गता बालबालिका र व्यक्तिहरूको संख्या |
| ४ | अपाङ्गता भएका व्यक्तिहरूको लागि गैर सरकारी स्तरबाट भैरहेका प्रभावकारी स्वास्थ्य र पुनर्थापना सेवाहरूलाइ थप प्रवाह गर्न अनुदान उपलब्ध गराउने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | | निरन्तर | अनुदान प्राप्त गरि निशुल्क सेवा दिने गैर सरकारी नकायहरूको संख्या र सेवाको गुणस्तर |
| ५ | स्वास्थ्यको प्रवर्धन तथा तथा स्वास्थ्य सम्बन्धी सार्वजनिक सुचनाहरूलाई दृष्टिविहीन, बहिरा, बौद्धिक अपाङ्गता भएका व्यक्ति, मनोसामाजिक अपाङ्गता भएका व्यक्ति सबैका लागि उपुयुक्त हुनेगरि निर्माण गर्ने र प्रचारप्रसार गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, बाल स्वास्थ्य महासाखा | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल तथा अपाङ्गता क्षेत्रमा काम गर्ने अन्य सरोकारवाला निकायहरू । | २०७३ बाट निरन्तर | विभिन्न वैकल्पिक ढाँचामा निर्माण गरिएका पहुँचयुक्त सूचना सामग्रीहरू र प्रचार प्रसारको लागि गरिएका कामहरूको संख्या । |
| ७ | स्वास्थ्य मन्त्रालय तथा विभागहरूका वेवसाइटलाई अपाङ्गता मैत्री बनाउने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल तथा अपाङ्गता क्षेत्रमा काम गर्ने अन्य सरोकारवाला निकायहरू । | २०७३ साल सम्ममा | पहुँचयुक्त सूचना र वेवसाइटहरू |
| ८ | अपाङ्गता भएका बालबालिकाहरूका लागि विशेष पोषण, हेरचाह र सरसफाई सम्बन्धी विशेष जनचेतना कार्यक्रम र सामग्रीहरू निर्माण गरि प्रचार गर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, जिल्ला जनस्वास्थ कार्यालय, स्वास्थ चौकी | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल तथा अपाङ्गता क्षेत्रमा काम गर्ने अन्य | निरन्तर | निर्माण गरिएका चेतनामुलक सामग्रीहरू र यसको प्रयोग र प्रचारप्रसारको लागि गरिएका कृयाकलापहरू |

मस्यौदा

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सरोकारवाला निकायहरू । | | |
| ९ | महिला स्वास्थ्य स्वयमसेविका र स्वास्थ्य चौकिका स्वास्थ्यकर्मीलाइ अपाङ्गता पहिचान, परामर्श र रेफरल सम्बन्धि तालिम उपलब्ध गराउने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग,जिल्ला जनस्वास्थ कार्यालय, स्वास्थ चौकीहरू | | २०७४ सम्ममा | स्वास्थ्य चौकिबाट यस्ता सेवाहरू प्राप्त गर्ने अपाङ्गता भएका व्यक्तिहरूको संख्या |
| १० | अस्पताल, स्वास्थ्यकेन्द्र र स्वास्थ्य चौकीका भौतिक संरचनाहरू नेपाल सरकारले तोकेको मापदण्ड अनुसार अपाङ्गता मैत्री बनाउने । | स्वास्थतथा जनसंख्या मन्त्रालय, स्वास्थ सेवा विभाग, जिल्ला जनस्वास्थ कार्यालय | | निरन्तर | अपाङ्गता मैत्री भौतिक संरचना भएका अस्पताल र स्वास्थ्य केन्द्रहरूको संख्या |
| ११ | जन्मजात लगायत अन्य विभिन्न  अपाङ्गताका कारण र रोकथाम सम्बन्धि जनचेतना कार्यक्रमहरू सञ्चालन गर्ने । | स्वास्थ मन्त्रालय, स्वास्थ सेवा विभाग, जिल्ला जनस्वास्थ कार्यालय, स्थानीय स्वास्थ चौकीहरू | स्वास्थ्य क्षेत्रमा तथा अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न सरकारी तथा गैर सरकारी सरोकारवालाहरू | निरन्तर | जन्मजात अपाङ्गता हुने दरमा आएको न्यूनिकरण र सञ्चालित जनचेतनामुलक कार्यक्रमहरूको संख्या |
| १२ | जिल्ला अस्पताल मार्फत मनो परामर्श सेवा क्रमश सुरुवात गर्दै जाने र मनो सामाजिक समस्या भएका व्यक्तिहरूले निरन्तर सेवन गर्नुपर्ने औषधीहरू निःशुल्क उपलब्ध गराउने | स्वास्थ तथा जनसंख्या मन्त्रालय, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, गैर सरकारी क्षेत्रका सरोकारवालाहरू | | २०७३ देखि २०७४ | जिल्ला अस्पताल मार्फत मनो परामर्श सेवा प्राप्त गर्ने र निशुल्क औषधी प्राप्त गर्ने व्यक्तिहरूको संख्या |
| १३ | अस्पतालहरूका प्रशुति कक्ष र प्रशुति गृहका लेवर वेडहरूलाई अपाङ्गता मैत्री बनाउने र अपाङ्गता भएका महिलाको हकमा थप उपयुक्त अनुकुलताको व्यवस्था गर्ने | स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग | | २०७५ सम्ममा | अपाङ्गता मैत्री बनाइएका प्रशुति गृहहरू र उपलब्ध विशेष व्यवस्थाहरू |
| १४ | अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वास्थ्य विमाको व्यवस्था गर्ने | स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग | | २०७५ सम्ममा | स्वास्थ्य विमा सम्बन्धी सरकारी नीति र यसबाट लाभान्वित हुने व्यक्तिको संख्या |
| १५ | अपाङ्गताको कारणले निरन्तर प्रयोग गर्नुपर्ने स्वास्थ्यसँग जोडिएका साधन र उपकरण (जस्तै क्याथेटर, डाइपरहरू आदि ), नियमित जाँच र परामर्श, नियमित सेवन गर्नुपर्ने औषधी (जस्तै छारेरोग, हेमोफिलिया, बौद्धिक अपाङ्गता, सेरेब्रल | केन्द्रीय, तथा क्षेत्रीय अस्पतालहरू | | २०७४ सम्ममा | अपाङ्गता भएका व्यक्तिहरूको लागि निशुल्क उपलब्ध गराइने औषधीहरु सम्बन्धी सरकारी निर्णय र यसबाट लाभान्वित हुने व्यक्तिहरूको संख्य । |

मस्यौदा

| | | | | | |
|---|---|---|---|---|---|
| | पाल्सी, स्पाइनल कर्ड इन्ज्यूरी लगायतसँग सम्बन्धित औषधीहरू ) सल्यकृया र उपचार अस्पताल वा स्वास्थ्यकेन्द्रबाट नि:शुल्क उपलब्ध गराउने । | | | | |
| १६ | अपाङ्गता सम्बन्धी पुनर्स्थापना र परामर्श सेवा सम्बन्धी सघन प्रकृतिको तालिमको लागि कोर्स तयार गरि सञ्चालन गर्ने र भइरहेका यस्ता प्रकारका तालिहरूको स्तरवृद्धि गरि विभिन्न ठाउँमा सञ्चालन गर्न सम्बन्धित संस्थाहरूलाई प्रवर्द्धन गर्ने । | स्वास्थ्य मन्त्रालय र महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | | २०७५ सम्ममा | निर्माण गरिएको तालिम पाठ्याक्रम , सञ्चालित तालिमहरूको संख्या र तालिमबाट लाभान्वितहरूको संख्या । |
| १७ | फिजियो थेरापिष्ट, अकुपेशनल थेरापिष्ट लगायत अपाङ्गताको प्रारम्भिक पहिचान, हस्तक्षेप, रेफरल तथा परामर्श सेवा दिन सक्ने मानव स्रोत उत्पादन गरि परिचालन गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय । | | २०७४ देखि निरन्तर | उत्पादित मानस्रोतको संख्या |
| १८ | अस्पतालका प्रशुति कक्षमा काम गर्ने कर्मचारी चिकित्सक र स्वास्थ्य परिचारिकालाई प्रशुतिको अवस्थामा रहेका अपाङ्गता भएका महिलाहरूसँग गर्नुपर्ने व्यवहार र हेरचाहको वारेमा अभिमुखिकरण र तालिम दिने गर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | | २०७६ साल सम्ममा सम्पन्न गरिसक्ने | सञ्चालित तालिमहरूको संख्या र लाभान्वति संख्या |
| १९ | अस्पतालहरूमा अपाङ्गता मैत्री लेवर बेडको व्यवस्था गर्ने र प्रशुतिगृह र यस अन्तर्गतका अन्य सेवा र सुविधाहरूलाई अपाङ्गता भएका महिलाहरूका लागि पहुँचयुक्त बनाउने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | | २०७६ साल सम्ममा सम्पन्न गरिसक्ने | पहुँचयुक्त प्रशुति गृह, प्रशुति कक्ष, व्यवस्था गरिएका लेवर बेडहरूऽ अपाङ्गता भएका महिलाहरूको हकमा अस्पतालहरूमा तोकिएका विशेष सेवाहरूको प्रकार । |

# ५: तालिम, रोजगार र स्वरोजगार

## ५.१.वर्तमान अवस्था

क) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी २००६ को धारा २७ ले अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य सरह काम र रोजागरिको हक हुनुपर्ने र राज्यले उनीहरूको यो हकलाइ सुनिश्चित गराउन आवश्यक बातावरण निर्माण गर्नुपर्ने साथै अपाङ्गताको आधारमा काम र रोजगारीमा गरिने भेदभावलाई अन्त्य गर्नुपर्ने प्रावधान उल्लेख छ। महासंधिको सोहि धारामा अपाङ्गता भएका व्यक्तिहरूलाई भर्ना, नियुक्ति, छनौट, वृत्ति विकासमा भेदभाव गर्न नपाइने, कार्यस्थल सुरक्षित र अपाङ्गता मैत्री हुनुपर्ने, समान कामको लागि समान ज्याला दिनुपर्ने, काम गर्ने वातावरण सहज बनाउन उपयुक्त अनुकुलता उपलब्ध गराउनुपर्ने, स्वरोजगार, उद्यमशिलता विकास, तालिम आदिमा समान पहुँच उपलब्ध गराउनुपर्ने जस्ता प्रावधानहरू उल्लेख गरिएको छ।

ख) नेपाल प्रतिवद्ध रहेको यु.एन. स्क्यापद्वारा जारी एशिया प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको लागि क्षेत्रीय रणनीति (इन्च्योन रणनीति)२०१३-२०२२ को पहिलो लक्ष नै अपाङ्गता भएका व्यक्तिको गरिवीलाइ न्यूनीकरण गर्ने र काम तथा रोजगारिलाई सवलिकरण गर्ने भन्ने छ। एशिया तथा प्यासेफिक क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षणको लागि लागू गरिएको यस क्षेत्रीय रणनीतिमा सकारका रोजगारी प्रवर्धन र व्यावसायिक तालिमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता र पहुँच वृद्धि गर्नुपर्ने कुरामा जोड दिइएको छ।

ग) हाल संसदमा छलफलको लागि पेश भएको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी विधेयकमा अपाङ्गता भएका व्यक्तिहरूको रोजगारी र जीवनयापनका लागि ……….व्यवस्था गरिएको छ।

घ) नेपालको निजामति सेवा ऐन तथा नियमावलीले कुल आरक्षित सिटको पाँच प्रतिशत अपाङ्गता भएका व्यक्तिहरूका लागि व्यवस्था गरेको छ।

ङ) नेपाल सरकारको युवा स्वरोजगार कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई स्वरोजगारीको लागि आर्थिक सहयोग गर्ने गरिएको छ। नेपाल सरकारको १३ औँ त्रीवर्षीय योजनामा अपाङ्गता भएका व्यक्तिहरूका लागि अलग्गै खण्डमा नीति तथा कार्ययोजनाको व्यवस्था गरिएको छ। जसमा एउटा रणनीति " अपाङ्गता भएका व्यक्तिहरूलाईआर्थिक रूपले शसक्त बनाईरोजगारिमा पहुँच र स्वरोजगारीका अवसर प्राप्त हुने बातावरण निर्माण गर्ने " रहेको छ।

च) जिल्ला घरेलु कार्यालयले दिने व्यावसायिक तथा सिप विकास तालिममा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गराउने गरिएको छ भने महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले अपाङ्गता भएका व्यक्तिहरूको लागि लोकसेवा तयारीकक्षा सञ्चालन गर्दैआएको छ। गैर सरकारी क्षेत्रबाट राष्ट्रिय अपाङ्ग महासंघ नेपाल लगायतका विभिन्न संघ संस्थाहरूले नीजि क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको रोजगारी

प्रवर्धनको लागि पैरवी, अन्तरकृया, अध्ययन तथा अनुसंधान र सचेतना अभियानहरू सञ्चालन गरिरहेका छन् ।

## ५.२.मुद्दा तथा समस्या

क) उल्लेखित अन्तर्राष्ट्रिय प्रतिवद्धता, नीतिगत तथा कानुनी व्यवस्थाहरूको बाबजुद पनि नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको रोजगारी, स्वरोजगारी वा आर्थिक गतिविधिमा पहुँच ज्यादै न्युन रहेको छ । रोजगारीको लागि शिक्षा र तालिम सबैभन्दा महत्वपूर्ण सर्त भएको हुनाले र यि दुवै क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच तुलनात्मक रूपमा ज्यादै कम भएको हुनाले पनि यसको असर रोजगारिमा पर्न गएको छ ।

ख) योग्यता र सीप भएका अपाङ्गता भएका व्यक्तिहरूले पनि सञ्चार तथा भौतिक संरचनामा रहेका अवरोध, मैत्रीपूर्ण सार्वजनिक यातायातको अभाव, कार्यस्थलमा हुनेगरेका विभेद, ज्यालामा हुनेगरेको विभेद, कार्यस्थल अपाङ्गता मैत्री नहुने अवस्था, अपाङ्गता भएका व्यक्तिलाई रोजगारीमा समेट्दा थप आर्थिक व्ययभार पर्छ भन्ने रोजगारदाताहरूको मानसिकता, अपाङ्गतालाई व्यक्तिगत कमजोरि वा असक्षमताको रूपमा हेर्ने परिपाटी, कार्यस्थलमा अपाङ्गता भएका व्यक्तिहरूका लागि व्यवस्था गर्नुपर्ने उपयुक्त अनुकुलता (Reasonable Accommodation) को बारेमा रोजगारदाताहरूलाई जानकारी नहुने कारणले पनि अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारिमा पहुँच प्राप्त गर्न सहज भएको छैन ।

ग) अपाङ्गता भएका व्यक्तिहरूलाई श्रम बजारमा पहुँच पुर्याउन सरकारका कुनै खास नीति र कार्यक्रमहरू छैनन् । खास गरेर नीजि क्षेत्रमा रहेका रोजगारीका अवसरहरूमा योग्यता र सीप भएका अपाङ्गता भएका व्यक्तिलाई समेटन र उनीहरूलाई बढी भन्दा बढी सीप र तालिमहरूमा पहुँच पुर्याउन जरूरी छ । यसबाहेक निजामति सेवामा पनि अपाङ्गता भएका व्यक्तिका नाममा आरक्षणको अरूहरूले दुरूपयोग गरेका गुनासाहरू पर्याप्त छन भने लोकसेवा आयोगको परीक्षा अपाङ्गता मैत्री नभएको कारणले उनीहरूलाईआरक्षणको उपयोग गर्न असहज भएको छ । सरकारी कार्यालयहरूमा कार्यस्थलहरू अपाङ्गता मैत्री नभएको कारणले पनि अपाङ्गता भएका व्यक्तिहरूले आफ्ना क्षमताहरू पूर्णरूपमा प्रदर्शन गर्न नपाएका र कतिपय अवस्थामा चाहेर पनि काम गर्न नसकेका गुनासाहरू पनि थुप्रै छन् ।

घ) सरकारले स्थानीय स्तरमा प्रवर्धन गरेका स्वरोजगार कार्यक्रमहरू, बचत तथा ऋण कार्यक्रम, सहकारी, सीप विकास तालिम आदिमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता कम रहेको छ भने अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीको लागि गैर सरकारी स्तरबाट पनि प्रभावकारी कामहरू हुन सकेका छैनन् ।

ङ) अपाङ्गता भएका व्यक्तिहरू पनि केहि आफ्नै प्रयासले विभिन्न राम्रो स्वरोजगारमा संलग्न रहेका छन् भने कहि गैर सरकारि निकायको सहयोगमा सानातिना आय आर्जनका काममा संलग्न भएका छन् तर पनि विभिन्न अवरोध र विभेदको कारणले अन्य व्यक्तिहरूको तुलनामा धेरै कम संख्यामा उनीहरू आर्थिक गतिविधिहरूमा संलग्न रहेका छन् ।

च) पर्याप्त तालिम, प्रशिक्षण र परामर्शको अभावमा अपाङ्गता भएका व्यक्तिहरूले पनि आफूलाई रोजगार बजारमा एक सक्षम उमेद्वारको रूपमा कसरी प्रस्तुत गर्ने भन्नेवारेमा र काम पाउनको लागि आफूलाई तयारी

गर्ने बारेमा सिक्ने अवसर पाएका छैनन । यसकारणले पनि उनीहरूलाई काम र रोजगारी पाउन कठिन भएको छ ।

## ५.३.उद्देश्यहरू

५.३.१.अपाङ्गता भएका व्यक्तिहरूलाई नीजि तथा सार्वजनिक क्षेत्रमा रहेका रोजगारीका अवसरहरूमा समान पहुँच प्राप्त गर्न वातावरण बनाइ उनीहरूलाईआर्थिक रूपले सक्षम र शसक्त बनाउने ।

५.३.२.अपाङ्गता भएका व्यक्तिहरूलाइ विशेष प्राथमिकतामा राखि स्वरोजगार कार्यक्रम र सीपमुलक तालिमहरूमा सहभागिता बढाउने ।

## ५.४.नीतिहरू

५.४.१.अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारीमा पहुँच अभिवृद्धि गर्न आवश्यक पर्ने नीतिगत र कानुनी सुधारहरू गरिनेछ ।

५.४.२.व्यावसायिक तालिम,सिप विकास तालिम र उद्यमशीलता विकास तालिमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागीतालाई प्राथमिकता दिइनेछ ।

५.४.३.अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी दिने नीजि क्षेत्रका रोजगारदाताहरूलाई सरकारबाट प्रोत्साहन गर्ने नीति र कार्यक्रम ल्याइने ।

५.४.४.सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच र सहभागितालाइ बढाउन आरक्षण लगायत अवरोधमुक्त र विभेदरहित कार्यस्थलको सिद्दान्तलाई अवलम्बन गरिनेछ ।

५.४.५.अपाङ्गता भएका व्यक्ति, उनीहरूका अभिभावक वा परिवारलाई स्वरोजगारीका कार्यक्रमहरूमासहभागि गराउन विशेष ऋणतथा आर्थिक सहयोगको नीति ल्याइनेछ ।

## ५.५. रणनीतिहरू

५.५.१.विद्यमान रोजगारी तथा स्वरोजगार प्रवर्द्धन सम्बन्धि सरकारी नीति र कानुनहरूको अपाङ्गताको परिप्रेक्षबाट विश्लेषण गरि सरकारलाई सुधार र परिमार्जनको लागि आवश्यक सुझाव र सिफारिसहरू गरिनेछ ।

५.५.२.सकारात्मक विभेदको नीति अपनाइ सिप विकास तालिम, लोकसेवा तयारी कक्षा, उद्यमशीलता विकास तालिम, सहुलियत ऋण, स्वरोजगारिका लागि अनुदान जस्ता सरकारका कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष प्राथमिकतामा राखिनेछ ।

मस्यौदा

५.५.३.अपाङ्गता भएका व्यक्तिहरूलाई नीजि क्षेत्रमा रोजगारी उपलब्ध गराउने सम्बन्धमा कानुनी व्यवस्था गरिनेछ र रोजगारी उपलब्ध गराउने निजि क्षेत्रका संघ संस्थाहरूलाई पुरस्कार, करछुट, सार्वजनिक सम्मान, कार्यस्थलमा उपयुक्त अनुकुलता सृजना गर्दा लाग्ने लागतमा अनुदान जस्ता कार्यक्रमहरू ल्याइनेछ ।

५.५.४.सरकारी कार्यालयहरूका कार्यस्थल र सम्बन्धित अन्य सुविधाहरू जस्तै सौचालय, चमेनागृह, पुस्तकालय, पार्किङ, बैठक कक्ष, सम्मेलन कक्ष आदि सबैलाई अनिवार्य अपाङ्गता मैत्री बनाइनेछ ।

## ५.६. अपेक्षित उपलब्धीहरू

५.६.१.रोजगारी तथा स्वरोजगार प्रवर्द्धन सम्बन्धि सरकारका नीति र कानुन र कार्यक्रमहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राख्नेछन् ।

५.६.२.सरकारी तथा नीजि क्षेत्रका कार्यालयहरू क्रमश अपाङ्गता मैत्री बन्दै जानेछन र अपाङ्गता भएका व्यक्तिहरूले पूर्ण क्षमताका साथ सेवा दिन सक्ने हुनेछन् ।

५.६.३.नीजि क्षेत्रको रोजरार बजारमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा वृद्धि हुनेछ ।

५.६.४.प्राविधिक शिक्षा तथा तालिम परिषद (सी.टी.इ.भि.टी.) बाट सञ्चालन हुने प्राविधिक तालिमहरूवाट अपाङ्गता भएका व्यक्तिहरू लाभान्वित हुनेछन् ।

५.६.५.सरकारका स्वरोजगारी सम्बन्धी कार्यक्रम र योजनाहरूमा अपाङ्गता भएका व्यक्तिहरुको सहज पहुँच हुनेछ ।

५.६.६.श्रम बजारमा अपाङ्गता भएका व्यक्तिहरूको प्रवेशमा वृद्धि हुनेछ र अपाङ्गताको आधारमा काम तथा रोजगारीमा हुने भेदभावमा कमि आउनेछ

५.६.७.रोजगारी सम्बन्धी सूचना तथा जानकारीहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँच वृद्धि भईरोजगारी प्राप्त गर्न सहज बातावरण बन्नेछ ।

## ५.७. कार्ययोजना

| क्रम | कृयाकलाप | कार्यान्वियन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वियन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| | रोजगारी तथा स्वरोजगारी सम्बन्धी कानुन,नीति र कार्यक्रमहरूमा आवश्यक सुधार र परिमार्जन गरि निजी तथा सार्वजनिक क्षेत्रमा योग्य र क्षमतावान अपाङ्गता भएका व्यक्तिहरूका लागि अनिवार्य | श्रम तथा रोजगार मन्त्रालय | कानुन मन्त्रालय , राष्ट्रिय अपङ्ग महासंघ लगायत अपाङ्गता क्षेत्रमा काम गर्ने अन्य सरोकारवाला निकायहरू | २०७५ सम्ममा | अपाङ्गता समावेशी रोजगार सम्बन्धी कानुन, नीति र कार्यक्रमहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| | रोजगारीको व्यवस्था गर्ने | | | | |
| १ | सरोकारवालासँग सहकार्य गरि अपाङ्गता भएका व्यक्तिहरूलाई नीजि तथा सार्वजनिक क्षेत्रको काम र रोजगारीमा पहुँच पुर्‍याउन रोक्ने अवरोधहरूको वारेमा अध्ययन गरि अवरोधहरू हटाउन पहल गर्ने । | श्रम तथा रोजगार मन्त्रालय | शिक्षा मन्त्रालय, उद्योग मन्त्रालय, उद्योग बाणिज्य महासंघ, राष्ट्रिय अपाङ्ग महासंघ | २०७४ सम्ममा | हटाइएका अवरोधहरू र अवरोधमुक्त बातावरणमा अपाङ्गता भएका व्यक्तिहरूले काम गर्न पाएको अवस्था । |
| २ | रोजगार तथा स्वरोजगार सूचना केन्द्र स्थापना गरि यसका सूचना  तथा सूचना प्रवाह गर्ने माध्यम र  प्रणालीहरूलाई अपाङ्गता मैत्री बनाउने । | श्रम तथा रोजगार मन्त्रालय | सूचना विभाग, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल लगायत अपाङ्गता क्षेत्रमा काम गर्ने अन्य सरोकारवाला निकायहरू | २०७५ सम्ममा | सञ्चालनमा आएको सूचना केन्द्र, पहुँचयुक्त सूचनाहरू, पहुँचयुक्त सूचना प्रवाह गर्ने प्रणाली र माध्यम । |
| ३ | कार्यस्थलमा अपाङ्गता भएका व्यक्तिहरूका उपयुक्त अनुकुलता सम्बन्धी आवश्यकताहरूको वारेमा र रोजगारदाताहरूले ध्यान दिनुपर्ने कुराहरूको वारेमा रोजगारदाता परामर्श सेवा सञ्चालन गर्ने | श्रम मन्त्रालय, गैर सरकारी क्षेत्रका सरोकारवालाहरू | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल लगायत अपाङ्गता क्षेत्रमा काम गर्ने अन्य सरोकारवाला निकायहरू | २०७३ सालदेखि निरन्तर | सञ्चालनमा रहेकापरामर्श सेवा र कार्यक्रमहरू |
| ४ | सीटीइभिटी बाट सञ्चालन हुने प्राविधिक तालिमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको लागि आरक्षणको व्यवस्था गर्ने र तालिम तथा तालिमकेन्द्रहरूलाई अपाङ्गता मैत्री बनाउने । | शिक्षा मन्त्रालय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद । | | २०७३ साल सम्म | अपाङ्गता भएका व्यक्तिहरूका लागि आरक्षित कोटा, अपाङ्गता मैत्री तालिमकेन्द्रहरू |
| ५ | सीटीइभिटी अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष तालिम इकाइ स्थापना गर्ने | शिक्षा मन्त्रालय, सीटीईभिटी | | २०७३ साल सम्म | सञ्चालनमा रहेको इकाइ र यसको कार्यविधि |
| ६ | सरकारले अपाङ्गता भएका व्यक्तिहरू लक्षित स्वरोजगारमुलक कार्यक्रमहरू सञ्चालन गर्ने | युवा तथा खेलकुद मन्त्रालय, श्रम मन्त्रालय, अर्थ | नेपाल राष्ट्र बैंक, अपाङ्गता क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा | २०७३ देखि निरन्तर | सञ्चालित कार्यक्रमहरू र लाभान्वित अपाङ्गता भएका |

मस्यौदा

| | | | | | |
|---|---|---|---|---|---|
| | (जस्तै सरल ब्याजमा ऋण, विना धितो ऋण, सहकारी प्रवर्धन, विउ पूँजी, बजार प्रवर्धन) | मन्त्रालय, राष्ट्रिय युवा परिषद | अन्तर्राष्ट्रिय गैर सरकारी क्षेत्रका सरोकारवालाहरू | | व्यक्तिहरूको संख्या |
| ७ | श्रम बजारलाई अपाङ्गता मैत्री बनाउन जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने । | श्रम मन्त्रालय, गैर सरकारी क्षेत्रका सरोकारवालाहरू | | २०७३ साल देखि निरन्तर | सञ्चालित कार्यक्रमहरू र लाभान्वितहरूको संख्या । |
| ८ | रोजगारी सम्बन्धी सूचनाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुर्‍याउनमैत्रीपूर्ण तरिका र माध्यमहरूबाट सूचना प्रवाह गर्ने र श्रम सम्बन्धी सूचनाहरू प्रवाह गर्ने वेवसाइटहरूलाई अपाङ्गता मैत्री बनाउने । | श्रम मन्त्रालय, गैर सरकारी क्षेत्रका सरोकारवालाहरू | | २०७४ सम्म | मैत्रीपूर्ण बनाइएका वेवसाइटहरू |
| ९ | वेरोजगार भई रोजगार खोजिरहेका अपाङ्गता भएका व्यक्तिहरू लक्षित रोजगारी परामर्श तथा सहयोग कार्यक्रम सञ्चालन गर्ने । | श्रम तथा रोजगार मन्त्रालय, गैर सरकारी क्षेत्रका सरोकारवालाहरू | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल लगायत अन्य अपाङ्गता क्षेत्रमा काम गर्ने सरोकारवालाहरू | २०७४ साल देखि निरन्तर | सञ्चालित कार्यक्रमहरू र लाभान्वित अपाङ्गता भएका व्यक्तिको संख्या |
| १० | समाज, समुदाय र रोजगारदाताहरूमा अपाङ्गता भएका व्यक्तिहरूप्रति चेतना विकास गर्न रोजगारी र स्वरोजगारीमा सफलता हासिल गरेका अपाङ्गता भएका व्यक्तिहरूका सफलताका कथाहरू सङ्कलन गरि सार्वजनिक गर्ने । | श्रम तथा रोजगार मन्त्रालय । | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल लगायत अन्य अपाङ्गता क्षेत्रमा काम गर्ने सरोकारवालाहरू | २०७५ साल सम्म | संकलित र प्रकाशित सफलताका कथाहरू |
| ११ | पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति, बौद्धिक अपाङ्गता भएका व्यक्तिका अभिभावकहरूका लागि परिवार सहयोग कार्यक्रम लागु गर्ने । | श्रम तथा रोजागर मन्त्रालय, अर्थ मन्त्रालय | | २०७४ साल देखि निरन्तर | सञ्चालित सहयोग कार्यक्रम र लाभान्वित परिवारको संख्या |

# ६: सूचना र सञ्चार

## ६.१. वर्तमान अवस्था

ख) बहिरा व्यक्तिहरूले नेपाली सांकेतिक भाषामा सञ्चार गर्छन । नेपालमा हालसम्म करिव ५००० शब्दावलीहरूलाई सांकेतिक भाषामा उल्था गरिएको छ । हप्ताको एक पटक साङ्केतिक भाषामा नेपाल टेलीभिजनबाट समाचार प्रसारण गरिन्छ । विभिन्न विद्यालयहरूमा रहेका स्रोत कक्षाहरूमा बहिरा विद्यार्थीहरूलाई पढाउने शिक्षकलाई १ महिनाको नेपाली साङ्केतिक भाषाको तालिम दिने गरिएको छ । नेपालका विभिन्न स्थानमा बहिराहरूका लागि छुट्टै विशेष विद्यालयहरू पनि छन् । विशेष विद्यालयहरूमा भने तालिम प्राप्त शिक्षकहरूद्वारा बहिरा बालबालिकाहरूलाई साङ्केतिक भाषामा पठनपाठन गराइन्छ ।

ग) नेपालमा गैर सरकारी निकायहरूबाट ब्रेल पुस्तक र सामग्रीहरूको उत्पादन र आपुर्ति गर्ने गरिएको छ । हाल देशका केहि स्थानहरूमा अडियो वुक उत्पादन गर्ने र टकिङ लाइब्रेरीको स्थापना गर्ने काम सुरू गरिएको छ । दृष्टिविहीन व्यक्तिहरूका लागि कम्प्युटरमा Text to Speech(TTS) र Optical Character Recognizer (OCR),को माध्यमबाट अंग्रेजी भाषामा अरू व्यक्तिहरू सरह काम तथा सञ्चार गर्न मिल्ने प्रविधि प्रयोगमा आइसकेको छ भने नेपाली लिपीमा नै पढ्न र लेख्ने सक्ने प्रविधिमा पनि केहि आधारभूत विकासहरू भैसकेका छन् । युनिकोडको प्रयोगमा भएको वृद्धिले दृष्टिविहीन व्यक्तिहरूलाई सूचना र सञ्चारमा केहि सहज र थप पहुँच प्राप्त भएको छ । दृष्टिविहीन व्यक्तिहरूलाई कम्प्युटर र सूचना प्रविधि मार्फत नेपाली भाषामा सहज पहुँच उपलब्ध गराउन नेपाली प्राविधिकहरूले नै काम गरिरहेका छन् ।

घ) नेपाल टेलिकमले बहिरा व्यक्तिहरूका लागि सञ्चारमा सहज होस भनि भिडियोकलमा केहि सहुलियत प्रदान गरेको छ ।

## ६.२ मुद्दा तथा समस्या

क) वहिरा व्यक्तिहरूको लागि नेपाली साङ्केतिक भाषामा उल्था गरिएका शब्दावलीहरू ज्यादै सिमित छन र सिमित शब्दावलीहरूबाट गरिएको सञ्चार पनि सिमितनै हुने हुन्छ । सिमित सञ्चारले उनीहरूको सहभागिता र सञ्चारमा धेरै अवरोधहरू उत्पन्न भएका छन् । गैर सरकारी क्षेत्रबाट विकास गर्न सुरूवात गरिएको साङ्केतिक भाषाले अझै पनि राष्ट्रिय मान्यता पाउन सकेको छैन ।

ख) साङ्केतिक भाषाको तालिमलाई नेपाल सरकारले व्यापक र सघन बनाउन सकेको छैन । सामान्य र छोटो अवधिको तालिम लिएको र ज्यादै सिमित मात्र साङ्केतिक भाषाको ज्ञान भएको शिक्षकले बहिरा बालबालिकाहरूलाई पढाउनुपर्ने बाध्यता छ । एकातिर साङ्केतिक भाषाका दोभाषेको कामलाई व्यावसायिक बनाउन सकिएको छैन भने अर्कोतिर र दोभाषेहरूको संख्यानै ज्यादै सिमित भएको हुनाले बहिरा व्यक्तिहरूका लागि भनेको चाहेको वेलामा दोभाषे उपपलब्ध हुन कठिनाइ छ । काठमाडौमा दोभाषेको केहि राम्रो व्यवस्था भएतापनि उपत्यका बाहिर त्यो समस्या निकै ठूलो छ ।

ग) नेपालमा अति आवश्यक सार्वजनिक सूचनाहरूआवश्यकता अनुसारब्रेल,साङ्केतिक भाषामा वा बौद्धिक अपाङ्गता भएका वा अटिज्म प्रभावित व्यक्तिहरूले समेत बुझ्नेगरि सरल चित्रहरू बनाएर दिने दिने प्रचलन छैन ।

घ) दैनिक रेडियो र टेलिभिजनमा आउने समाचारहरू बहिरा व्यक्तिहरूको पहुँच भन्दा बाहिर छन् । सुन्ने व्यक्तिहरूले साङ्केतिक भाषा नसिक्ने र दोभाषेको अभावका कारणले बहिरा व्यक्तिहरूलाई सरकारी तथा नीजि संस्थाहरूबाट सेवा लिन, अस्पतालबाट सेवा लिन, कार्यस्थलमा काम गर्न, यात्रा गर्न,बैठक तथा अन्तरकृयाहरूमा भाग लिन विभिन्न अवरोधहरू छन् ।

ङ) विभिन्न सार्वजनिक स्थलहरूमा के कुरा कहाँ छ भनेर थाहा पाउनको लागि राखिने सूचनाहरू ब्रेलमा राख्ने प्रचलन र अभ्यास नभएको हुनाले दृष्टिविहीन व्यक्तिहरूलाई सार्वजनिक सेवासुविधाहरू उपयोग गर्न अवरोध सृजना भएको छ । विभिन्न प्रकारका भौतिक अवरोध र विभेदपूर्ण व्यवहारहरूको कारणले अन्य व्यक्तिहरू सरह अपाङ्गता भएका व्यक्तिहरूले सूचना प्रविधिमा पहुँच प्राप्त गर्न सकेका छैनन् ।

च) दृष्टीविहीन व्यक्तिहरूको लागि सफ्टवेयरको माध्यमबाट युनिकोड पढ्न सहज हुने भएता पनि यो अझै पुरै भरपर्दो भैसकेको छैन । अनलाईन पत्रपत्रीका र सरकारी वेवसाइटहरू युनिकोडमा बनाइएको कारणले दृष्टिविहीन व्यक्तिहरूको लागि केहि सहज त भएको छ तर वेवसाइटहरू डिजाइन वा प्रोग्रामीङ गर्दा दृष्टिविहीन व्यक्तिले राम्रोसँग वेवसाइट भ्रमण (Navigation) गर्न सक्ने गरि नवनाइने र तस्विरहरूको वारेमा वैकल्पिक जानकारी (Alternative Tag) राख्ने काम नगरिने हुनाले पूर्ण पहुँच प्राप्त गर्न अझै धेरै कठिनाइ छ ।

## ६.३.उद्देश्य

६.२.१.सार्वजनिक सूचना तथा सञ्चारमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच अभिवृद्धि गराइ उनीहरूको शिक्षा, सिप विकास, व्यक्तित्व विकास,शसक्तिकरण र अवसरप्राप्तीमा योगदान गर्ने ।

## ६.४.नीति

६.३.१.नेपाली साङ्केतिक भाषालाई राष्ट्रिय मान्यता प्रदानगरिनेछ ।

६.३.२.साङ्केतिक भाषा दोभाषेहरुको उत्पादनमा विशेष जोड दिइनेछ र सरकारी सेवाकेन्द्रहरुमाबाट प्रभाह गरिने सेवाहरूमा गरिने सूचना तथा सञ्चार अपाङ्गता मैत्री बनाइनेछ ।

६.३.३.ग्रामिण स्तरमा साङ्केतिक भाषाको तालिम पुर्‍याउन विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६.३.४.आम विद्युतीय सञ्चारबाट प्रशारण हुने सूचना तथा जानकारीहरूलाई बहिरा, दृष्टिविहीन लगायत अन्य सूचनामा अवरोध हुने अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा पुर्‍याउन थप अध्ययनहरू गरि कार्यक्रमहरू ल्याइनेछ साथै यस्तो पहुँच बढाउन सहयोग पुर्‍याउने प्रविधिहरूमा लगानी गरि प्रवर्द्धन गरिनेछ ।

## ६.५रणनीतिहरू

६.५.१.नेपाली साङ्केतिक भाषाको साझा शब्दकोष तयार गरि यसमा हाल भएका कमि कमजोरी हटाएर यसको थप विकास गरि राष्ट्रिय मान्यता दिलाउने ।

६.५.२.सार्वजनिक टेलिभिजनबाट प्रशारण हुने सूचनाहरूलाई सकेसम्म साङ्केतिक भाषामा प्रशारण गर्न र सबटाइटलको प्रयोग गर्न व्यवस्था मिलाइनेछ ।

६.५.३.सार्वजनिक प्रयोजनको लागि राखिने सूचना र सङ्केतहरूलाई सकेसम्म सरल र सबैले वुझ्ने गरि ब्रेल तथा अडियोमा समेत उपलब्ध गराउने ।

६.५.४.साङ्केतिक भाषाको तालिमलाई ग्रामिण स्तरसम्म पुर्‍याउने र सबै सरकारी वेवसाइटहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई हुने अवरोधहरू हटाउने ।

६.५.५.दृष्टिविहीन व्यक्तिहरूको लागि कम्प्युटरको प्रयोगमा जोड दिँदै नेपाली तथा अंग्रेजी बोल्ने सफ्ववेयरको विकास, प्रयोग  र प्रवर्द्धनमा लगानी गर्ने ।

## ६.६.अपेक्षित उपलब्धी

६.६.१.नेपाली साङ्केतिक भाषा थप परिस्कृत र विकसित हुनेछ र यसले राष्ट्रिय मान्यता प्राप्त गर्नेछ

६.६.२.अपाङ्गता भएका व्यक्तिहरूलाई विद्युतीय सञ्चार माध्यम लगायत वेवसाइट आदि मार्फत सूचना लिन हाल विद्यमान अवरोधहरूमा व्यापक कमि आउनेछ र उनीहरूको सूचनामा पहुँच वढ्नेछ ।

६.६.३.सरकारी तथा नीजि टेलीभिजनहरूले क्रमश सूचना तथा समाचारहरूको प्रशारणमा सांकेतिक भाषा, सवटाइटल र दृष्टिविहीन व्यक्तिहरूका लागि समेत सहज हुने पद्दति र प्रविधिको उपयोग गर्नेछन ।

६.६.४.ग्रामिण स्तरमा रहेका बहिरा व्यक्तिहरूको दैनिक जीवनमा गर्नुपर्ने सञ्चार र सिकाइमा पहुँच पुग्नेछ । यसबाट उनीहरूको शिक्षा, सीप विकास तथा सार्वजनिक सहभागितामा समेत सहज हुनेछ ।

६.६.५.सार्वजनिक स्थलमा राखिने लिखित वा सङ्केतमा राखिने सूचनाहरू अपाङ्गता भएका व्यक्ति लगायत सबैका लागि पहुँचयुक्त हुनेछन  ।

## ६.७. कार्ययोजना

| क्रम | कृयाकलाप | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वर्तमान सांङ्केतिक भाषाका शब्दावलीहरूको अध्ययन गर्ने र नयाँ थप संङ्केतहरू निर्माण गर्ने । | शिक्षा विभाग, शिक्षा मन्त्रालय, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, गर्ने संस्था, | विश्वविद्यालयहरू, राष्ट्रिय अपाङ्ग महासंघ, बहिरा महासंघ तथा बहिरा समुदायको लागि काम गर्ने सरोकारवाला निकायहरू | २०७४ साल सम्ममा सम्पन्न गर्ने | अध्ययन प्रतिवेदन र थप गरिएका संकेतहरू |
| २ | नेपाली साङ्केतिक भाषालाई राष्ट्रिय | शिक्षा मन्त्रालय, | विश्वविद्यालयहरू, अपाङ्गता | २०७४ साल सम्ममा सम्पन्न | राष्ट्रिय मान्यता दिइएको आधिकारिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | मान्यता प्रदान गर्ने । | | अपाङ्ग महासंघ, बहिरा महासंघ, तथा अपाङ्गता अधिकार सम्बन्धी काम गर्ने विभिन्न सरोकारवालाहरू सरोकारवालाहरू | गर्ने | निर्णय । |
| ३ | सरकारी निकायका सबै सरकारी वेवासाइटहरूलाई अपाङ्गताभएका व्यक्ति लगायत सबैकोलागि पहुँचयुक्त बनाउन निर्देशिका र मापदण्ड तयार गरि लागू गर्ने | सूचना तथा सञ्चार मन्त्रालय | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, दृष्टिविहीनहरूको लागि काम गर्ने संस्थाहरू, अपाङ्गता अधिकारको लागि काम गरिरहेका अन्य सरोकारवाला निकायहरू, सूचना प्रविधिमा काम गर्ने नीजि संस्थाहरू | २०७४ सम्ममा सम्पन्न गरिसक्ने | निर्माण गरि लागू गरिएको मापदण्ड |
| ४ | साङ्केतिक भाषा दोभाषेको उत्पादनको लागि मापदण्ड निर्धारण गरि तालिमहरू सञ्चालन गर्ने र दोभाषेको प्रमाणपत्र दिने । | सूचना तथा सञ्चार मन्त्रालय, शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र | राष्ट्रिय अपाङ्ग महासंघ, बहिरा महासंघ, बहिरा व्यक्तिहरूको लागि काम गरिरहेका अन्य संस्थाहरू | २०७३ सालदेखि निरन्तर गर्दै जाने | निर्माण गरिएको मापदण्ड र प्रमाणपत्र प्राप्त दोभाषेहरूको संख्या |
| ५ | साङ्केतिक भाषाको सिप परीक्षण गरि योग्यताको प्रमाणपत्र दिने | सूचना तथा सञ्चार मन्त्रालय, शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र | | २०७४ साल देखि निरन्तर गर्दै जाने | निर्धारित सिप परिक्षण गर्ने प्रकृया, उपलब्ध गराइएको योग्ताको प्रमाणपत्र |
| ६ | निजी तथा सरकारी टेलिभिजनहरूबाट दैनिक कम्तिमा एक पटक साङ्केतिक भाषामा समाचार प्रशारण गर्ने गराउने र हरेक समाचार वुलेटिनका प्रमुख समाचारहरूलाई साङ्केतिक भाषा र क्यापसनिङमासमेत प्रशारण गर्ने गराउने । | सूचना तथा सञ्चार मन्त्रालय, । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, राष्ट्रिय अपाङ्ग महासंघ, बहिरा महासंघ, बहिरा समुदायको लागि काम गर्ने विभिन्न सरोकारवाला निकाय, सरकारी तथा नीजि टेलीभिजनहरू | २०७३ देखि २०७६ साल सम्ममा | दैनिक रूपमा साङ्केतिक भाषामा प्रशारित समाचारहरू । |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | गाउँ स्तरमा रहेका र साङ्केतिक भाषा सिक्न नपाएका बहिरा व्यक्ति र तिनका परिवारहरूका लागि साङ्केतिक भाषाको तालिम सञ्चालन गर्ने | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, अपाङ्गता अधिकार सम्बन्धी सरोकारवालाहरू | | २०७३ साल देखि निरन्तर | सञ्चालित तालिमहरूको संख्या र लाभान्वित व्यक्तिहरूको संख्या |
| ८ | नयाँ नियुक्त हुने सरकारी कर्मचारीहरूका लागि आधारभूत साङ्केतिक भाषाको तालिमको सञ्चालन गर्ने । | सामान्य प्रशासन मन्त्रालय | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, प्रधानमन्त्री कार्यालय, विभिन्न विषयगत मन्त्रालयहरू | २०७४ सालदेखि निरन्तर | सञ्चालित तालिमहरूको संख्या र लाभान्वति कर्मचारीहरूको संख्या |
| ९ | सबै अस्पताल, सरकारी सेवा केन्द्रहरूमा कम्तिमा एकजना साङ्केतिक भाषा दोभाषेको व्यवस्था गर्ने | स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग र विभिन्न विषयगत मन्त्रालयहरू | | २०७७ साल सम्ममा सम्पन्न गर्ने | अस्पताल र सेवाकेन्द्रहरूमा उपलब्ध गराइएका दोभाषेहरूको संख्या |
| १० | सर्वसाधारण र सार्जनिक सेवाग्राहीहरूका लागि सार्वजनिक स्थलमा लेखेर राखिने र सञ्चार माध्यमहरूबाट प्रशारण गरिने अत्यावस्यक सूचनाहरू आवश्यकता अनुसार साङ्केतिक भाषा, अडियो र ब्रेल लिपीमा राखिनेछ । | सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न सरोकारवाला संघ संस्था तथा निकायहरू | २०७७ साल सम्ममा सम्पन्न गर्ने | सार्वजनिक स्थलहरूमा राखिएका वा संचारमाध्यमहरूबाट प्रसारण गरिएका पहुँचयुक्तसूचनाहरूका प्रकार र संख्या । |
| ११ | अपाङ्गता भएका व्यक्तिहरूलाई सूचना र सञ्चारमा पहुँच पुर्‍याउने हेतुले बनाइएका सफ्टवेयर, उपकरण आदिको उत्पादन र वितरणको लागि अनुदान र सहयोग उपलब्ध गराउने । | सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग | सम्बन्धित सफ्टवेयर निर्माण गर्ने व्यक्ति, संस्था वा निकायहरू, अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न सरोकारवाला निकायहरू | २०७३ सालदेखि निरन्तर गर्दै जाने | उत्पादित सफ्टवेयर वा उपकरणहरूको गुणस्तर र संख्या र यस्ता सेवाहरू उपयोग गर्ने सेवाग्राहीहरूको संख्या |
| १२ | सबै सार्वजनिक कार्यक्रमहरूमा गरिने सञ्चारहरू अपाङ्गता मैत्री गर्नुपर्ने । | कार्यक्रम अयोजक निकाय तथा संस्थाहरू । | | २०७३ बाट निरन्तर गर्दै जाने | सबैको लागि पहुँचयुक्त हुनेगरि सञ्चारको व्यवस्था गरिएका सार्वजनिक कार्यक्रमहरू । |

## ७: पहुँच तथा अवरोधमुक्त बातावरण

### ७.१. वर्तमान अवस्था

क) नेपालमा सार्वजनिक संरचनाहरू लगायत यातायात तथा सञ्चार सेवाहरू अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैका मैत्री र पहुँचयुक्त बनाइनुपर्छ भन्ने धारणाको विकास राज्य तहमा भर्खरै मात्र भएको हो । नेपालको नयाँ संविधान २०७२ को भाग ४ मा उल्लेखित राज्यका निर्देशन सिद्दान्त, नीतिर दायित्वमा धारा ५१ को राज्यका नीतिहरू अन्तर्गत (ज) १४ मा यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता अनुकुल बनाउने भनिएको छ ।नेपाल सरकार मन्त्री परिषदले २०६९ सालमा अपाङ्गता भएका व्यक्तिहरूका लागि भौतिक बातवरण र सञ्चार सेवालाई मैत्रीपूर्ण बनाउनको लागि स्पष्ट मापदण्ड सहितको निर्देशिका लागू गरेको छ ।

ख) नेपालको भवन निर्माण आचार संहिता २०६० ले पनि सार्वजनिक भवनहरूमा मुल प्रवेशद्वारहरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि ह्वीलचियर न्याम्प अनिवार्य राख्नुपर्ने व्यवस्था गर्दै त्यसको मापदण्ड समेत तोकेको छ । योजना आयोग, सर्वोच्च अदालत, शिक्षा विभाग, स्थानीय विकास मन्त्रालय लगायतका निकायहरूले आफ्ना स्थानीय निकायहरूलाई स्थानीय कार्यालय भवनहरूमा अनिवर्य रूपमा ह्वीलचियर न्याम्पको व्यवस्था गर्न परिपत्र जारी गरेको छ ।केहि सरकारी भवन र मन्त्रालयहरूले आफ्ना मुल प्रवेश द्वारहरूमा ह्वीलचियर न्याम्पहरू बनाएका छन् भने नयाँ बन्ने केहि ठूला सडकहरूमा कतै कतै मापदण्डहरू पालना गरेको देखिन्छ ।

ग) सवारी सम्बन्धी ऐनमा कुनै पनि सार्वजनिक सवारी साधनले यात्रु इन्कार गर्न नपाइने भन्ने व्यवस्था छ भने अपाङ्गता भएका व्यक्ति, महिला, अशक्त व्यक्तिहरूको लागि केहि सिट आरक्षण गरिएको छ ।

### ७.२. मुद्दा तथा समस्या

क) सार्वजनिक सेवा वा सबैका लागि खुल्ला गरिएका सेवा सुविधा वा अवसरहरूमा सबैको समान पहुँच हुनुपर्छ भन्ने सामान्य सिद्दान्त हो । अपाङ्गता, उमेर, जात, धर्म, रंग, आर्थिक अवस्था, लिङ्ग आदिको आधारमा कसैलाई सार्वजनिक सेवा सुविधा र अवसरहरूको उपयोग वा उपभोगबाट बञ्चित गर्न पाइँदैन भन्ने मानवअधिकारको विश्यव्यापी सिद्दान्त हो ।

ख) नेपालमा अपाङ्गता मैत्री वातावरण अपाङ्गता अधिकारका लागि काम गर्ने समुह र व्यक्तिहरूका लागि पुरानो विषय भएपनि राज्य पक्ष र राजनैतिक तहमा यो भर्खरै मात्र प्रवेश पाएको विषय हो ।यो भन्दा अझ अगाडी वढेर हेर्दा सेवा, सुविधा, संरचना, उपभोग्य वस्तु आदि सबैकालागि पहुँचयुक्त र प्रयोकर्ता मैत्री हुनुपर्छ र ति कुराहरू सर्वमान्य ढाँचा (Universal Design) को सिद्दान्तमा आधारित रहेर निर्माण तथा विकासस हुनुपर्छ भन्ने धारणाले व्यापकता पाएकोअवस्था भएको भएतापनि हाम्रो देशमा यसको अभ्यास नयाँ विषय हो । नेपालमा यस विषयमा केहि नीति, मापदण्ड र आचारसंहिताहरू विद्यमान हुँदा हुँदै पनि यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । अपाङ्गता भएका व्यक्ति लगायत बालबालिका, ज्येष्ठ नागरिक,

महिला लगायतका समुहहरूका लागि हुनुपर्ने मैत्रीपूर्ण बातावरण र सेवा सुविधाका सवालहरू विशेष गरेर सार्वजनिक भौतिक संरचना,उपभोग्य वस्तु तथा सेवाहरू, सार्वजनिक यातायात सेवा, कानुन तथा नीतिहरू,सूचना तथा सञ्चार सेवा तथा प्रणालीहरू मुख्य रूपमा पर्न आउँछन् ।

ख) सार्वजनिक भौतिक संरचनाहरू जस्तै सडक, सरकारी भवन, अस्पताल, किनेमेल केन्द्रहरू, सार्वजनिक शौचालय, शैक्षिक संस्थाहरू, मनोरञ्जन पार्क, धार्मिक स्थलहरू, तालिम केन्द्र, बस पार्क, होटेल तथा रेष्टुरेन्टहरू, वस, हवाइसेवा लगायतका सार्वजनिक यातायात सेवाहरू आदि अपाङ्गता भएका व्यक्तिहरूका लागि र त्यसमा पनि मुख्य गरेर ह्वीलचियर प्रयोगकर्ता, बैशाखी प्रयोगकर्ता, दृष्टिविहीन, बौद्धिक अपाङ्गता भएका, बहु अपाङ्गता भएका व्यक्तिहरू लगायत कतिपय अवस्थामा ज्येष्ठ नागरिक, बालबालिका, गर्भवति महिलाहरूको लागि समेत पहुँचयुक्त नहुनाले जनसंख्याको एउटा ठूलो हिस्सा अन्य सरह समुदायमा समान रूपमा शिक्षा, स्वास्थ्य सेवा, तालिम, रोजगार लगायत अन्य धेरै सेवा, सुविधा र अवसरहरू लिनबाट बञ्चित रहेको छ । यसबाट उनीहरूका कयौँ मानवअधिकारहरू हनन भैरहेका छन् ।यस सन्दर्भमा भवन निर्माण आचारसंहिताले गरेको व्यवस्था र २०६९ सालमा बनेको पहुँच सम्बन्धी छुट्टै निर्देशिकामा हरेक भौतिक संरचनाहरूलाई कसरी अपाङ्गता मैत्री बनाउने भन्ने वारेमा स्पष्ट उल्लेख गरिएको भएतापनित्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

ग) सञ्चार प्रणाली, सञ्चार सेवा र सूचना प्रणालीहरू सुन्ने, वोल्नेर हेर्नेहरूका लागि मात्र सहज र मैत्रीपूर्ण छन् । तर बहिरा, दृष्टिविहीन, बौद्धिक अपाङ्गता भएका व्यक्ति, अटिज्म प्रभावितलगायत अन्य सिकाइसम्बन्धी समस्या भएकाहरूका लागि प्रयोगमा मैत्रीपूर्ण छैनन् । बहिरा व्यक्तिहरूलाई विद्युतीय सञ्चारमाध्यमहरूबाट दिइने समाचारहरूमा पर्याप्त पहुँच छैन । छापा अक्षरमामात्र प्रवाह गरिएका सार्वजनिक सूचना र जानकारीहरूमा दृष्टिविहीन व्यक्तिहरूको पहुँच हुँदैन । अटिज्म प्रभावित, बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि सूचना र जानकारीहरूलाई सकेसम्म चित्रमार्फत प्रस्तुत गर्नुपर्ने हुन्छ । अहिलेको सूचना प्रविधिले सबैको लागि सूचनामा पहुँच स्थापित गर्न विद्युतीय सञ्चारमाध्य, सूचना प्रणाली र वेवसाइटहरूलाई अपाङ्गता मैत्री बनाउने धेरै समाधानका उपायहरू निकालिसकेको र प्रयोगमा ल्याइसकेको भएतापनि नेपालका यसको प्रयोग असाध्यै न्यून रहेको छ ।

घ) नेपालको सार्वजनिक यातायात सेवा अपाङ्गता भएका व्यक्तिहरूलगायत बालबालिकाऽ ज्येष्ठ नागरिक र महिलाहरूका लागि मैत्रीपूर्ण छैन । विश्वका विभिन्न देशमा अपाङ्गता भएका व्यक्ति लगायत सबैको पहुँच हुनेगरि (समावेशी सार्वजनिक यातायात सेवा) सार्वजनिक सवारी साधनको प्रचलन धेरै पहिलेदेखिनै सुरू भएको भएतापनि नेपालमा यसको प्रयोग हालसम्म गरिएको छैन । यस्तो समावेशी सवारी साधन चलाउन सवारीसाधन साथसाथै सडक संरचना,सडक पेटी,पार्किङ स्थलहरू र सवारीसाधन रोक्ने ठाउँहरूपनि एउटा निश्चित मापदण्डमा निर्माण हुनुपर्ने र यसको प्रयोगको लागि पनि मापदण्डहरू निर्धारण गरिनुपर्ने कारणले पनि नेपालमा यसको निर्माणमा केहि चुनौतिपूर्ण छ । यसको लागि पहिला सडक संरचनालाई अपाङ्गता भएका व्यक्ति लगायत सबैको लागि अनिवार्य रूपमा पहुँचयुक्त बनाउनै पर्छ ।

ङ) नेपालमा अपाङ्गता भएका व्यक्तिहरूले सार्वजनिक सवारीमा चढाउन नमान्ने, सवारी साधन रोक्न नमान्ने, यातायात मजदुरहरूले सहि व्यवहार र सहयोग नगर्ने जस्ता समस्याहरू पनि अझै विद्यमान छन् । यातायात व्यावसायि तथा मजदुरहरूलाई अपाङ्गता भएका व्यक्तिहरूसँग कसरी व्यवहार गर्ने भन्ने वारेमा पर्याप्त ज्ञान छैन । सवारी साधनहरूमा क्षमता भन्दा धेरै यात्रुहरू यात्रा गर्ने जोखिमपूर्ण संस्कारको नराम्रो मारमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, बिरामी व्यक्ति, गर्भवति महिलाहरू पर्ने गरेका छन् । भिडभाड सार्वजनिक यातायातमा महिला र बालकालिकाहरूमाथि यौन दुर्व्यवहारका घटनाहरू पनि पर्याप्त छन् । सवारी साधनको बनावट जस्तै झ्याल ढोका, वस्ने सीट आदि अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्न सक्दैनन् । आरक्षित सिटको व्यवस्था गरिएको भएतापनि भिडभाड सवारी साधनमा उक्त सिटको उपयोग पनि गर्न सहज छैन ।

च) अन्तर्राष्ट्रिय विमानस्थलहरूअनिवार्य रूपमा अपाङ्गता मैत्री हुनुपर्ने अन्तर्राष्ट्रिय मान्यता र नियम हुँदाहुँदै पनि नेपालको अन्तर्राष्ट्रिय विमानस्थल अपाङ्गताको दृष्टिले अझै मैत्रीपूर्ण हुन सकेको छैन भने आन्तरिक विमानस्थलहरूमा विमानस्थलका कर्मचारीहरुले गर्ने व्यवहार देखि लिएर भौतिक संरचनासम्म अझै धेरै कामहरू गर्न बाँकि छ ।

**७.३.उद्धेश्य**

७.३.१.सार्वजनिक भौतिक संरचना, यातायात र भौतिक सेवा सुविधाहरूको प्रयोगमा अपाङ्गता भएका व्यक्तिलगायत ज्येष्ठ नागरिक, बालबालिका, महिला लगायत अन्य अवरोधको सामना गरिरहेका समुहहरूको अन्य सरह समान पहुँच स्थापित गरि उनीहरूको सार्वजनिक सहभागिता र आवागमनलाई सहज र आत्मनिर्भर गराउने ।

७.३.२.हवाइ तथा स्थलमार्गमा चल्ने सार्वजनिक यातायात सेवालाई अपाङ्गता भएका व्यक्ति लगायत सबैका लागि समावेशी र प्रयोगकर्ता मैत्री बनाई सबैले समान रूपमा प्रयोग गर्न सक्ने बातावरण निर्माण गर्ने ।

**७.४.नीतिहरू**

७.४.१.सार्वजनिक भौतिक संरचनाहरूलाई अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त बनाउन नेपाल सरकारले तोकेका मापदण्डहरू प्रभावकारी रूपमा लागु गराइनेछ ।

७.४.२.अपाङ्गता मैत्री संरचना निर्माणमा समुदायको संलग्नतामा अभिवृद्धि गराइनेछ ।

७.४.३. हवाई तथा स्थलमार्गबाट चल्ने सार्वजनिक सवारी साधन र यस अन्तर्गतका सेवाहरू अपाङ्गता भएका व्यक्ति लगायत ज्येष्ठ नागरिक, बालबालिका, महिला सबैको लागि पहुँचयुक्त बनाइनेछ ।

७.४.४.नेपाल सरकारले लागू गरेको "अपाङ्गता भएका व्यक्तिहरूका लागि भौतिक संरचना तथा सञ्चार सेवामा पहुँच सम्बन्धी निर्देशिका२०६९" लाई राष्ट्रिय भवन निर्माण आचारसंहिताको एउटा महत्वपूर्ण हिस्सा र परिपुरक दस्तावेजको रूपमा सबै सरोकारवालाहरूमा पालना गराउने ।

## ७.५.रणनितिहरू

७.५.१.अपाङ्गता मैत्री भौतिक संरचना निर्माणको लागि सरकारले तोकेका मापदण्ड र नियमहरूको वारेमा सरकारी सरोकारवाला निकाय, प्राविधिकहरू, समुदाय, नीजि क्षेत्र र अन्य सरोकारवालाहरूमा व्यापक जनचेतना बढाइनेछ ।

७.५.२.भौतिक संरचना र सेवा सुविधाहरूलाई पहुँचयुक्त बनाउन स्थानीय निकायहरूलाई र विभिन्न सरकारी निकायहरूमा आवश्यक सबै निर्देशन र आदेशहरू जारी गराइनेछ ।

७.५.३.पहुँचयुक्त भौतिक संरचना, विभिन्न सेवा सुविधाहरू र युनिभर्सल डिजाइनको लागि काम गर्न सक्ने र सरकालाई सघाउन सक्ने आवश्यक दक्ष जनशक्ति उत्पादन र विकासमा जोड दिइनेछ ।

७.५.४.आन्तरिक तथा अन्तर्राष्ट्रिय विमानस्थलको भौतिक संरचना लगायत यस सँग सम्बन्धित सेवाहरूलाई अनिवार्य रूपमा अपाङ्गता भएका व्यक्ति लगायत सबैको लागि पहुँचयुक्त बनाइनेछ ।

७.५.५.स्थलमार्ग भएर चल्ने सबै सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्ति लगायत सबैको पहुँच र प्रयोग सुनिश्चित गर्न निश्चित मापदण्ड र नियमहरू अपनाइ यसको प्रभावकारी कार्यान्वियन र नियमनको लागि लागि नेपाल प्रहरीलाई पूर्ण रूपमा जिम्मेवार बनाइनेछ ।

७.५.६.अपाङ्गता भएका व्यक्ति,ज्येष्ठ नागरिक, बालबालिका, महिला, गर्भवति महिला, विरामी मानिसहरू लगायत सबैले सहजै र समान रूपमा उपयोग गर्न सक्नेगरि निर्माण गरिएका बस तथा रेल सेवाहरूको सञ्चालनलाई प्रोत्साहित गर्ने र क्रमश यस्ता सेवाहरू अनिवार्य गर्दै लैजाने ।

७.५.७.सडक सामग्री (जस्तै टेलिफोन वुथ, आराम गर्ने ठाउँ, सडकमा लगाइने विरूवा, सडक पेटिमा लगाइने रेलिङ, सवारि साधन कुर्ने ठाउँहरू, विजुलीका पोलहरू,  टेलिफोनका पोलहरू, टेलिफोनका तारहरू, सूचना वोर्डहरू आदि ) निश्चित मापदण्ड अपनाएर राखिनेछ र यस्ता सामग्रीहरू राख्दा अपाङ्गता भएका व्यक्तिलगायत अन्य सबैलाई सडक वा सडक पेटीको निर्वाध उपयोग गर्न कुनै पनि प्रकारको वाधा अवरोध उत्पन्न नहुनेगरि राख्ने व्यवस्था गरिनेछ ।

७.५.८.सडकमा अवरोध उत्पन्न हुनेगरि सामग्रीहरू राख्ने, खाल्डा खुल्डी बनाउने, फोहर थुपार्ने लगायतका गतिविधिहरूलाई विभिन्न योजना, कार्यक्रम र नियमहरू बनाइ पूर्णरूपमा निरूत्साहित गर्ने ।

## ७.६.अपेक्षित उपलब्धी

७.६.१.भौतिक संरचना लगायत सेवा सुविधाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुर्‍याउन राज्यले तोकेका मापदण्डहरूलाई सरकारी निकायहरूले स्वीकार र सम्मान गरि पालना  गर्नेछन र सबै सार्वजनिक भौतिक संरचनाहरू अपाङ्गता मैत्री बन्नेछन  ।

७.६.२.नीजि तथा गैर सरकारी स्तरबाट अपाङ्गता मैत्री सम्बन्धी मापदण्डहरूको पालना हुनेछ र त्यस्ता निकायमार्फत सार्वजनिक प्रयोजनका लागि निर्माण हुने भौतिक संरचनाहरू अपाङ्गता भएका व्यक्ति लगायत सबैको लागि पहुँचयुक्त हुनेछन् ।

७.६.३.समुदाय स्तरमा र विभिन्न स्थानीय सरोकारवालाहरूले अपाङ्गता मैत्री संरचनाको बारेमा पर्याप्त जानकारी र सूचनाहरू पाउनेछन् र यसलाई स्थानीय स्तरमा पहुँचयुक्त संरचनाहरू निर्माण गर्न उपयोग गर्नेछन् ।

७.६.४.पहुँचयुक्त भौतिक संरचना निर्माणमा सघाउन पर्याप्त प्राविधिक जनशक्तिको विकास हुनेछन ।

७.६.६.हवाइ तथा स्थल मार्गबाट चल्ने सार्वजनिक सवारी साधन र यसको प्रयोगसँग जोडिएका सबै संरचना र सुविधाहरू अपाङ्गता भएका व्यक्तिहरू लगायत ज्येष्ठ नागरिक, बालबालिका, महिला, गर्भवति महिला लगायत सबैले समान र विना अवरोध प्रयोग गर्न पाउनेछन ।

## ७.७. कार्ययोजना

| क्रम | कृयाकलाप | कार्यान्वयन गर्ने निकाय | सहयोगि निकाय | कार्यान्वयन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | आफ्नो मातहत, निगरानी, लगानी, सुपरीवेक्षण वा अनुगमनमा नयाँ बन्ने कुनै पनि सार्वजनिक भौतिक संरचनामा अपाङ्गता मैत्री मापदण्ड सुनिश्चित गर्ने र यसका लागि प्रत्येक मन्त्रालयले आफ्ना मातहतका निकायहरूलाई स्पष्ट परिपत्र गर्ने र त्यसको निरन्तर अनुगमन गर्ने । | सहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,राष्ट्रिय पुननिर्माण प्राधिकरण लगायत सबै विषयगत मन्त्रालयहरू | | **२०७३ देखी निरन्तर** | पहुँचका मापदण्डहरू सुनिश्चित गरि निर्माण गरिएका सार्वजनिक भौतिक संरचनाका संख्या,विभिन्न मन्त्रालयहरूले यस विषयमा गरेका निर्णयहरू र आफ्ना निकायहरूलाई जारी गरेका निर्देशन र परिपत्रहरू । |
| २ | निजिक्षेत्रहरूले सार्वजनिक प्रयोजनको लागि बनाउने कुनै पनि भौतिक संरचनाहरू अपाङ्गता मैत्री बनाउन निजी क्षेत्र तथा गैर सरकारी निकाय लाई आवश्यक परिपत्र, निर्देशन र सार्वजनिक सूचना गर्ने | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय, सहरी विकास विभाग, पुननिर्माण प्राधिकरण | | २०७४ साल सम्ममा सम्पन्न गर्ने | जारी गरिएका निर्देशन र परिपत्रहरू |
| ३ | भवन निर्माण आचार संहिता र अपाङ्गता मैत्री संरचना सम्बन्धी नेपाल सरकारले तय गरेमा मापदण्ड सुनिश्चित गरि तयार गरिएका सार्वजनिक संरचनाका नक्सा र डिजाइन भए मात्र नक्सा पास गर्ने वा निर्माणको | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र महानगरपालिका, उप महानगरपालिमा र नगरपालिमाहरू | अन्य सबै विषयगत मन्त्रालयर तिनका स्थानीय निकायहरू, नेपाल इन्जियरिङ परिषद, नेपाल निर्माण व्यावसायि महासंघ | २०७४ साल सम्ममा यस विषयमा आवश्यक व्यवस्था गरिसक्ने | अपाङ्गता मैत्री सार्वजनिक संरचना मात्र निर्माण गर्न अनुमति दिने र नक्सा पास गर्ने प्रावधान । |

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुमति दिने व्यवस्था गर्ने । | | | | |
| ४ | अपाङ्गता मैत्री भौतिक संरचनाहरूको वारेमा जानकारी र चेतना जगाउन नीजी, सरकारी र गैर सरकारी क्षेत्रमा आवश्यक अन्तरकृया, वहस र छलफलहरू चलाउने | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नगरपालिकाहरू | महिला बालबालिका तथा समाजल्याण मन्त्रालय,राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अन्य सम्बन्धित गैर सरकारी संस्थाहरू । अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू | २०७३ सालबाट निरन्तर | अपाङ्गता मैत्री संरचना निर्माणको विषयमा चलाइएका विभिन्न छलफल तथा वहस कार्यक्रमहरूको संख्या |
| ५ | नयाँ तथा पुराना भौतिक संरचनाहरू अपाङ्गता मैत्री र सबैको लागि पहुँचयुक्त बनाउने आवश्यक पर्ने विशेष प्राविधिक तालिमहरू सञ्चालन गर्ने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय,संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नगरपालिकाहरू, | महिला बालबालिका तथा समाजल्याण मन्त्रालय,राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अन्य सम्बन्धित गैर सरकारी संस्थाहरू । अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू | २०७३ सालबाट निरन्तर | अपाङ्गता मेत्री र पहुँचयुक्त संरचनाको विषयमा चलाइएका प्राविधिक तालिमहरुको संख्या र लाभान्वितहरूको संख्या । |
| ६ | नयाँ तथा पुराना सार्वजनिक भौतिक संरचनापर्यटकीय स्थलहरूलाई अपाङ्गता मैत्री र पहुँचयुक्त बनाउने विभिन्न कार्यक्रम तथा परियोजनाहरू सञ्चालन गर्ने । | सहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय निर्माण मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय पुननिर्माण प्राधिकरण | अन्य विषयगत मन्त्रालयहरू, अन्तराष्ट्रिय विकास निकायहरू, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, निर्माण व्यावसायि संघ, नेपाल इन्जीनियरीङ परिषद, राष्ट्रिय अपाङ्ग महासंघनेपाल र अन्य अपाङ्गता क्षेत्रमा काम गर्ने सरोकारवाला निकायहरू । | २०७८ साल सम्मा सबै सार्वजनिक भौतिक संरचनाहरूमा न्यूनतम सराकरले तोकेका मापदण्डहरू सुनिश्चित गरिसक्ने । | संचालित परियोजनाहरू र अपाङ्गता मैत्री तथा सबैको लागि पहुँयुक्त बनाइएका भौतिक संरचनाहरू । |
| ७ | सार्वजनिक सवारी साधन र हवाइ सेवाहरूलाई अपाङ्गता मैत्री बनाई सञ्चालन गर्ने गराउने । | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय,नागरिक उड्यान प्राधिकरण, यातायात व्यवस्था विभाग, ट्राफिकप्रहरी । | | २०७८ साल सम्ममा सबै लामो तथा छोटो दुरीका सार्वजनिक सवारी साधनहरू र हवाइ सेवालाई अपाङ्गता मैत्री बनाइ सक्ने । | सञ्चालनमा रहेका अपाङ्गता मैत्री तथा सबैको लागि पहुँचयुक्त सार्वजनिक सवारी साधन र हवाइ सेवाहरू |
| ८ | अपाङ्गता मैत्री संरचना र यसको विकास तथा प्रवर्द्धनको लागि विभिन्न अध्ययन, सर्भेक्षण, अनुसन्धानहरू गर्ने | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, सहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय । | अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, राष्ट्रिय अपाङ्ग महासंघनेपाल र अन्य अपाङ्गता क्षेत्रमा काम गर्ने सरोकारवाला निकायहरू । | २०७३ साल बाट निरन्तर आवश्यकता अनुसार । | सम्पन्न गरिएका अध्ययन र सर्भेक्षणहरूको संख्या र गुणस्तर |
| ९ | सार्वजनिक सवारी साधनको प्रयोगमा | भौतिक पूर्वाधार तथा | | २०७४ साल सम्ममा सम्पन्न | सञ्चालित तालिम तथा |

| | | | | | |
|---|---|---|---|---|---|
| | अपाङ्गता भएका व्यक्तिहरूलाई सहजीकरण गर्न ट्राफिक प्रहरीलाई जिम्मेवार बनाउने र यस विषयमा तालिम र अभिमुखीकरणहरू सञ्चालन गर्ने । | यातायात मन्त्रालय, गृह मन्त्रालय, ट्राफिक प्रहरी कार्यालय । | | गरिसक्ने | अभिमुखिकरणहरूको संख्या |

हाम्रो सरोकार

## ८: पुनर्स्थापना

### ८.१.वर्तमान अवस्था

क) नेपालमा अपाङ्गता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित पुनर्स्थापना सेवा गैंर सरकारी क्षेत्रमा सन १९८५ देखि भक्तपुरमा सुरू भएको थियो । नेपाल सरकारले महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय मार्फत २०५७ सालदेखि अपाङ्गता भएका व्यक्तिहरूको लागि समुदायमा आधारित पुनर्स्थापना(सीबीआर)को लागि काम गर्न थालेको हो । हाल देशका ७५ वटै जिल्लामा यो कार्यक्रम सञ्चालनमा रहेको छ र प्रत्येक जिल्लालाई विभिन्न पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गर्नको लागि वार्षिक रूपमा केहि रकम उपलब्ध गराउने गरिएको छ र यस रकमको परिचालन स्थानीय महिला तथा बालबालिका कार्यालयको प्रत्यक्ष अनुगमन र सुपरीवेक्षणमा स्थानीय अपाङ्गता क्षेत्रमा काम गर्ने गैर सरकारी संस्था मार्फत गर्ने गरिएको छ ।

ख) सी.बी.आर. कार्यक्रम अन्तर्गत खास गरेर उपचार, सहायक ससमाग्री, अपाङ्गता भएका बालबालिकाहरूको लागि शिक्षा, आय आर्जन, विउ पूँजी, जनचेतना जस्ता कार्यक्रमहरू गाउँ तथा जिल्ला स्तरमा सञ्चान गरिएका छन ।  यस यसैगरि काठमाडौको जोरपाटी स्थित खगेन्द्र नवजीवन केन्द्रलाई विभिन्न पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गर्न अनुदान उपलब्ध गराउने गरिएको छ ।

ग) नेपालका पाँच विकास क्षेत्रमा प्राविधिक रूपमा सक्षम विभिन्न पुनर्स्थापना केन्द्रहरूलाई अपाङ्गता भएका व्यक्तिहरूलाई उपचार, सल्यकृया, थेरापी सेवा, कृतिम अङ्ग, परामर्श सेवा तथा सहायक सामग्री नि:शुल्क उपलब्ध गराउन अनुदान सहयोग उपलब्ध गराइएको छ ।केन्द्रमा महिला मन्त्रालयकै मातहतमा रहेको निकाय राष्ट्रिय अपाङ्ग कोष लाई यस्ता विभिन्न पुनर्स्थापनाका कामहरू सञ्चालन गर्नको लागि अनुदान उपलब्ध गराइएको छ ।

घ) विभिन्न हिंसामा परेका वा वेवारिसे अवस्थामा रहेका अपाङ्गता भएका महिलाको पुनर्स्थापनाको लागि नेपाल अपाङ्ग महिला संघको पहलमा सञ्चालित महिला होष्टेलनिर्माणको लागि अनुदान सहयोग गरिएको छ ।नेपालका क्षेत्रीय र केन्द्रीय सरकारी अस्पतालहरूमा अपाङ्गता भएका व्यक्तिहरूको लागि सुधारात्मक सल्यकृया, थेरापी सेवा र कृतृम अङ्ग जडान गर्न सक्ने क्षमता रहेको छ ।

ङ) गैर सरकारी क्षेत्रले पनि सहरी क्षेत्रमा विभिन्न पुनर्स्थापना केन्द्रहरू र अपाङ्गतालाई नै केन्द्रीत गरेर अस्पतालहरू सञ्चालनमा रहेका छन । यस्ता केन्द्रहरूले केहि शुल्क लिएर वा नि:शुल्क रूपमा विभिन्न कारणले शारीरिक अपाङ्गता भएका, बहिरा, दृष्टिविहीन, मेरूदण्ड पक्षघात भएका, बौद्धिक अपाङ्गता भएका, अटिज्म प्रभावित, कुष्ट प्रभावित, मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूलाई विभिन्न पुनर्स्थापना सेवाहरू पुऱ्याईरहेको छ । यस अन्तर्गत औषधी उपचार, सुधारात्मक सल्यकृया, सहायक सामग्री वितरण, थेरापी सेवा, अभ्यस्थता (habilitation), व्रेल लिपी तथा गमनशिलता तालिम, साङ्केतिक भाषाको तालिम आदि पर्दछन् ।

च) महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले आफ्नो कोहिपनि नभएका र केहि पनि नभएका वेवारिसे अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना गर्नको लागि छुट्टै निर्देशिका निर्माण गरि आवासीय सुविधा सहित कार्यक्रम सञ्चालन गर्न सुरूवात गरेको छ ।

**८.२.मुद्दा तथा समस्या**

क) नेपाल सरकारले सीवीआर कार्यक्रम ७५ वटै जिल्लामा सञ्चालन गरेको भएतापनि यसलाई बजेट र मान स्रोतको अभावमा गाउँ गाउँ पुर्‍याउन सकेको छैन । यस अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूले पाउनुपर्ने सबै सेवा सुविधाहरू पाउन सकेका छैनन् । मन्त्रालयले उपलब्ध गराएको सिमित बजेटबाट सबै सेवा दिन नसकिने र अन्य निकाय सँग स्थानीय स्तरमा राम्रो समन्वय कायम गर्न नसकिएको कारण पनि यसको पहुँच सबै ठाउँमा पुग्न सकेको छैन । सामान्यतया पुनर्स्थापना सेवा अन्तर्गत उपचार, सल्यकृया, अभ्यस्तता, परामर्श, थेरापी सेवा, रेफरल सेवा, प्रारम्भिक पहिचान, सहायक सामग्री, कृतृम अङ्ग जस्ता कुराहरू पर्ने भएतापनि यस्ता सेवाहरू सरकारका जिल्ला वा क्षेत्रीय अस्पतालहरूमा उपलब्ध छैनन् ।

ख) एकातिर पुनर्स्थापना सेवाहरूलाई गाउँ गाउँमा पुर्‍याउनको लागि तालिमप्राप्त मानव स्रोतको ठूलो अभाव छ भने अर्कोतिर यस्ता मानवस्रोतहरूको विकासका तालिमहरू सञ्चालन गर्नेमा पनि आवश्यक पहलहरू भएका छैनन ।

ग) गैर सरकारी क्षेत्रबाट सञ्चालित पुनर्स्थापना सेवाहरू गाउँको पहुँचमा छैनन् र यसले सेवाग्राहीहरूको ठूलो सङ्ख्यालाई समेट्न सकेको छैन । सघन रूपमा पुनर्स्थापना सेवाहरू चाहिने बहु अपाङ्गता भएका व्यक्ति,"क" वर्गमा पर्ने अपाङ्गता भएका व्यक्ति, अटिज्म प्रभावित र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूनै पुनर्स्थापना सेवाबाट धेरै जसो बञ्चित हुनेगरेका छन् ।

**८.३.उद्धेश्यहरू**

८.३.१.अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने विभिन्न पुनर्स्थापना सेवाहरूमा उनीहरूको सहज पहुँच स्थापित गरि उनीहरूको दैनिक जीवनका कृयाकलापऽ आवागमन र सेवा सुविधाहरूमा पहुँच प्राप्त गराउनु ।

**८.४.नीतिहरू**

८.४.१.पुनर्स्थापना सेवाको स्तरउन्नति गरि यस्ता सेवा प्रवाह गर्ने प्रणाली र प्रकृयाहरूलाई स्पष्ट र सहज बनाइनेछ ।

८.४.२.पुनर्स्थापना सेवाहरूलाई गाउँ स्तरसम्म पुर्‍याउन प्रभावकारी अवधारणा, प्रणाली र संयन्त्र निर्माण गरि परिचालन गरिनेछ ।

८.४.२.पुनर्स्थापना सेवाहरूको संख्यात्मक गुणात्मक दुवैमा अभिवृद्धि गर्दै अपाङ्गता भएका व्यक्तिहरूले यस्ता सेवाहरू सकेसम्म आफ्नो नजिकमा सहजै प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ ।

## ८.५.रणनीतिहरू

८.५.१. पुनर्स्थापना सेवाको स्पष्ट परिभाषा, वर्गिकरण र गुणस्तर निर्धारण गरिनेछ र यस्ता सेवा उपलब्ध गराउन आवश्यकनीति, मानव स्रोत र संयन्त्रको विकासगरिनेछ ।

८.५.२. सरकारको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ र यसमा अपाङ्गता भएका व्यक्ति र तीनका संस्थाहरू, अभिभावकहरूका संस्था र समुदायका विभिन्न पक्षहरूको संलग्नतामा जोड दिइनेछ ।

८.५.३. पुनर्स्थापना सम्बन्धी अनुभव, सीप, स्रोत र प्राविधिक ज्ञान भएका संस्था तथा स्रोतकेन्द्र र संस्थाहरूलाई थप प्रवर्द्धन र परिचालन गरिनेछ ।

८.५.४.सरकारको पुनर्स्थापना सम्बन्धी नीति र कार्ययोजना अनुसार काम गर्ने अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित संस्था, अन्य गैर सरकारी निकाय, अन्तर्राष्ट्रिय गैर सरकारी निकायको लगानी, सहयोग, सहकार्य र संलग्नता बढाउने ।

८.५.५.गैर सरकारी क्षेत्रले स्थापना गरेका राम्रा र प्रभावकारी नमुना कामहरूमा सरकारले स्वामित्व लिनेछ र यस्ता कामहरूलाई विभिन्न जिल्लामा प्रसार गर्न आवश्यक लगानी गर्नेछ ।

८.५.६. पुनर्स्थापना क्षेत्रमा काम गर्न सक्ने मानव स्रोतको विकास गरिनेछ र त्यस्ता मानवस्रोतहरूको परिचालन गरिनेछ ।

## ८.६.अपेक्षित उपलब्धीहरू

८.६.१.पुनर्स्थापना सेवाहरू स्पष्ट रूपमा परिभाषित, वर्गिकृतर गुणस्तरीय हुनेछन ।

८.६.२.सी.वी.आर. सम्बन्धी निर्देशिकाको प्रभावकारी रूपमा कार्यान्वयन भई यस अनुसार पुनर्स्थापना सेवाहरू पाउने व्यक्ति र उपलब्ध गराउने सरोकारवालाहरूको संख्यामा वृद्धि हुनेछ ।

८.६.३.पुनर्स्थापना सम्बन्धी आधारभूत ज्ञान र सीप भएका गाउँ स्तरमा काम गर्ने कम्तिमा १५०० जना तालिमप्राप्त व्यक्तिहरू तयार हुनेछन ति सरकारी निकाय मार्फत गाउँमा परिचालित हुनेछन् र जसको सहयोगबाट अपाङ्गताको प्रारम्भिक पहिचान, प्रारम्भिक हस्तक्षेप, रेफरल सेवा, परामर्श सेवा, दैनिक जीवन सञ्चालनको लागि प्राप्त गर्नुपर्ने तालिम तथा परामर्श जस्ता सेवाहरूबाट गाउँ स्तरमा रहेका अपाङ्गता भएका व्यक्तिहरू लाभान्वित हुनेछन ।

८.६.४.आधारभूत पुनर्स्थापना सेवालाई गाउँ गाउँमा पुर्‌याउन केन्द्र देखि स्थानीय स्तरसम्म स्पष्ट र सकृय संयन्त्र हुनेछ ।

८.६.५.सरकारको एकिकृत पुनर्स्थापना योजनामा गैर सरकारी क्षेत्रबाट समेत योगदान भई लाभान्वित हुनेहरूको संख्यामा ५० प्रतिशतले वृद्धि हुनेछ ।

८.६.६.पुनर्स्थापना सम्बन्धी विशेषज्ञ सेवाहरूमा वृद्धि हुनेछ र यस्ता सेवाहरू जिल्ला स्तरमा पनि उपलब्ध हुनेछन ।

८.६.७. पुनर्स्थापना सेवा उपलब्ध गराउने आवश्यक मानवस्रोतहरूको विकास हुनेछ र यस्ता मानव स्रोतको परिचालन गाउँस्तरसम्म भई अपाङ्गता भएका व्यक्तिहरूलाई सेवा प्राप्त गर्न सहज हुनेछ ।

## ८.७.कार्ययोजना

| क्रम | कृयाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | पुनर्स्थापना सेवासम्बन्धी कार्यविधि निर्माण गरि यस्ता सेवाहरूको व्याख्या, परिभाषा र वर्गिकरण गर्ने तथा र सेवाहरूको न्यूनतम मापदण्ड तोक्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल लगायत अपाङ्गता क्षेत्रमा र पुनर्स्थापनाको क्षेत्रमा काम गर्ने सरोकारवाला निकायहरू | २०७३ साल भित्र सम्पन्न गरिसक्ने | स्वीकृत वर्गिकृत पुनर्स्थापना सेवाहरू र स्वीकृत न्युनतम मापदण्ड । |
| २ | समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई थप विस्तार गर्ने र बजेटमा वृद्धि गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, | | २०७३ सालबाट प्रत्येक वर्ष निरन्तर गर्ने | कार्ग्रम र कार्यक्षेत्रमा भएको विस्तार, बजेटमा भएको वृद्धि र लाभान्वित व्यक्तिहरूको संख्यामा भएको वृद्धि । |
| ३ | गैर सरकारी निकाय सँग समन्वय र सहकार्य गरि सीवीआर सम्बन्धी प्राविधिक तालिमहरू सञ्चालन गर्ने र १० वर्ष भित्रमा कम्तिमा २००० जना आधारभूत पुनर्स्थापना सेवा दिन सक्ने सामुदायिक कार्यकर्ताहरू तयार गर्ने । | स्वास्थ्य मन्त्रालय, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, शीक्षा मन्त्रालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद(CTEVT) | अपाङ्गता विषयमा विभिन्न तालिम प्रदान गर्ने तालिम केन्द्रहरू, राष्ट्रिय अपाङ्ग महासंघ नेपालऽ अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू र अन्य सरोकारवालाहरू | २०८२ साल भित्रमा सम्पन्न गरिसक्ने | सञ्चालित तालिमहरू र उत्पादित मानव स्रोतको संख्या |
| ४ | सबै सीविआर कार्यकर्ताहरूलाई गाँउ स्तरमा परिचालन गर्ने । | अर्थ मन्त्रालय,स्वास्थ्य मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | | २०८२ साल सम्ममा सम्पन्न गरिसक्ने | विनियोजित बजेट र परिचालित सिबीआर कार्यकर्ताहरूको संख्या |
| ५ | हाल सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्र, सहायक सामग्री उत्पादन तथा वितरण केन्द्रको क्षमता विकास तथा सेवा क्षेत्र विस्तार गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय । | | २०७७ सम्ममा सम्पन्न गरिसक्ने | सञ्चालित क्षमता विकासका कार्यक्रमहरू, लाभान्वित संस्थाहरू र सेवा विस्तारको लागि उपलब्ध गराइएको अनुदान |
| ६ | १० वर्ष भित्रमा सरकारले कम्तिमा प्रत्येक प्रदेशमा एक एक बटा साधन सम्पन्न अर्थोपेडिक कार्यशाला | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयर स्वास्थ्य तथा जनसंख्या | | २०८२ साल सम्ममा सम्पन्न गरिसक्ने | स्थापित पुनर्स्थापना केन्द्रहरू र सञ्चालित सेवाहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| | सहितका पुनर्स्थापना केन्द्रहरू सञ्चालन गर्ने । | मन्त्रालय | | | |
| ७ | कम्तिमा प्रत्येक प्रदेशमा एउटा पर्नेगरि पूर्ण अशक्त, वेसाहारा र विपन्नवा गरिवीको अवस्थामा रहेका अपाङ्गता भएका व्यक्तिहरूको लागि आवासीय सुविधा सहितका पुनर्स्थापना केन्द्रहरू सञ्चालन गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग , अन्तर्राष्ट्रिय विकास नकाय र गैर सरकारी संस्थाहरू | २०८२ साल सम्ममा सम्पन्न गरिसक्ने | सञ्चालित आवासीय पुनर्स्थापना केन्द्रहरू र यसको सञ्चालन सम्बन्धी कार्यविधि |
| ८ | १० वर्ष भित्रमा गाउँमा काम गरिरहेका १५०० जना महिला स्वास्थ्य स्वयमसेविकाहरूलाई पुनर्स्थापना, अपाङ्गता पहिचान , प्रारम्भिक हस्तक्षेप र रेफरल सेवा सम्बन्धमा सघन प्राविधिक तालिम दिने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | २०७७ साल सम्ममा सम्पन्न गरिसक्ने | सञ्चालित तालिमहरू र तालिमप्राप्त महिला स्वयमसेविकाहरूको संख्या |
| ९ | पुनर्स्थापना सम्बन्धि परामर्श, तथ्याङ्क सङ्कलन, स्थानीय समन्वय, सूचना व्यवस्थापन र प्रवाह, जनचेतना, अभिमुखीकरण, आवश्यकता पहिचान, समस्या विश्लेषण जस्ता कामहरूमा अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरूलाई संलग्न गराउने र यसको लागि आवश्यक क्षमताको विकास गर्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग | | | सञ्चालित क्षमता विकासका तालिमहरू र क्षमता विकास गरिएका संस्थाहरू र |
| १० | राष्ट्रिय अपाङ्ग कोषको कार्य क्षेत्र र सेवाहरूमा विस्तार गर्न यसको भौतिक तथा प्राविधिक क्षमतामा थप विकास गर्ने र १० वर्ष भित्रमा सबै जिल्लामा यसका सेवाहरू पुऱ्याउने । | समाजकल्याण परिषद | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | | कोष द्वारा विभिन्न जिल्लामा सञ्चालित पुनर्स्थापना सम्बन्धी कार्यक्रमहरू र लाभान्वितहरूको संख्या |
| १० | पुनर्स्थापना सम्बन्धी गैर सरकारी क्षेत्रबाट भए गरेका राम्र कामहरूलाई थप विस्तार गर्न प्रोत्साहन गर्ने र सरकारी कार्यक्रममा समेत समावेश गराउने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | | | गैर सरकारी निकायबा भएका राम्रा कामहरूको अध्ययन प्रतिवेदन र सरकारका कार्यक्रम भित्र समावेश भएका कार्यक्रमहरू |
| ११ | सामुदायिक पुनर्स्थापना सम्बन्धि तालिमका विभिन्न पाठ्याक्रमहरू निर्माण गरि तालिम  सञ्चालन गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला बालबालिका तथा समाजकल्याण | शिक्षा मन्त्रालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, | २०७४ साल सम्ममा सम्पन्न गरिसक्ने | सञ्चालित प्राविधिक कोर्सहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मन्त्रालय | पुनर्स्थापना सम्बन्धी काम गर्ने र तालिम सञ्चालन गर्ने संस्थाहरू, राष्ट्रिय अपाङ्ग महासंघ आदि | | |
| १२ | १० वर्ष भित्र कम्तिमा २०० जना व्यक्तिहरूलाई विभिन्न वर्गका अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना सम्बन्धी अन्तर्राष्ट्रिय स्तरको विशिष्ट र गुणस्तरीय तालिम दिने र तालिम पश्चात पुनर्स्थापना सम्बन्धी मुख्य स्रोत व्यक्तिको रूपमा परिचालन गर्ने । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | अन्तर्राष्ट्रिय गैर सकारी संस्थाहरू | २०८२ साल सम्ममा सम्पन्न गर्ने | तालिम प्राप्त गरि विभिन्न स्थानमा परिचालित भैरहेका व्यक्तिहरूको संख्या |

हाम्रो सरोकार

# ९: सामाजिक सुरक्षा

## ९.१. वर्तमान अवस्था

क) नेपाल सरकारले अपङ्गता भएका व्यक्तिकहरूको लागि सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि मासिक सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरेको छ। यस्तो भत्ता पूर्ण अशक्तहरूका लागि मासिक १००० रूपैयाँ छ भने अन्य वर्गका लागि मासिक ३०० रूपैयाँ उपलब्ध गराउने गरिएको छ।

ख) अपाङ्गता भएका व्यक्तिहरूका लागि सार्वजनिक सवारी साधनमा यात्रा गर्दा भाडामा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ भने १५ वटा भन्दा बढी सिट भएको सवारी साधनमा अपाङ्गता भएका व्यक्तिहरूका लागि २ वटा सिट आरक्षित गरिएको छ। यसैगरि आन्तरिक हवाइ यातायातमा भाडामा ५० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ।

ग) सरकारी अस्पतालहरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि सामान्य स्वास्थ्य परीक्षण सेवा नि:शुल्क रूपमा दिने व्यवस्था गरिएको छ भने करिव ७० प्रकारका औषधीहरू निशुल्क रूपमा उपलब्ध गराउने व्यवस्था छ। यसैगरि अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामग्रीहरू आयात गर्दा कर छुटको व्यवस्था गरेको छ भने विशेष प्रकारको चार पाङ्ग्रे स्कुटर खरिद गर्दा भन्सार छुटको व्यवस्था गरेको छ।

घ) अपाङ्गता भएका व्यक्तिहरूका लागि सामान्य व्यक्तिको भन्दा पचास प्रतिशतले आयकरको दायरा फराकिलो पारिएको छ ।

## ९.२.मुद्दा तथा समस्या

क) पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाइ दैनिक रूपमा हेरचाह गर्ने सहयोगी, उपयुक्त अनुकुलताको व्यवस्था, नियमित औषधि उपचार लगायत थप पोषण जस्ता कुराहरूको आवश्यकता पर्ने हुनाले हाल राज्यले व्यवस्था गरेको सामाजिक सुरक्षा भत्ता अपर्याप्त छ। यस विषयमा सर्वोच्च अदालतले समेत न्युनतम अवस्था हेरि ३००० देखि ५००० रूपैयासम्म हुनुपर्ने भनि फैसला गरिसकेको छ। तर हालसम्म यसको कार्यान्वयन गर्न सकिएको छैन।

ख) सार्वजनिक सवारी साधनहरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि भाडामा ५० प्रतिशतले छुट भएको भएतापनि नेपालका सबै ठाउँमा यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। यसैगरि आरक्षित सिटमा पनि अपाङ्गता भएका व्यक्तिहरूले वसेर यात्रा गर्न नपाएका प्रसस्त गुनासाहरू आउनेगरेका छन्। यसबाहेक सावरी साधन अपाङ्गता मैत्री नहुनु र सहचालकहरूले अपाङ्गता भएका व्यक्तिहरूमाथि गर्ने नकारात्मक व्यवहारले पनि यस्ता व्यवस्थाहरूको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन।

ग) अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूको आवागमन र उत्पादनशिलता बढाउन लागि सहयोगि सेवा अत्यान्तै जरूरी हुन्छ। तर नेपालमा यस सेवालाई राज्यले परिचालन गर्न सकेको छैन।

घ) अनाथ असाहाय र चरम गरिवीको अवस्थामा रहेका अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, महिलाहरूको उत्थानका लागि पर्याप्त सहयोग र सुविधाहरू उपलब्ध हुन सकेका छैनन।

## ९.३.उद्धेश्य

९.३.१.मुलधारको सामाजिक सुरक्षा प्रणालीमा अपाङ्गता भएका व्यक्तिहरूलाइ समेट्दै विभिन्न सामाजिक सुरक्षा सेवाहरूमा उनीहरूको समान पहुँच स्थापित गर्ने र उनीहरूका विशिष्ट आवश्यकताहरूलाई सम्बोधन गर्ने ।

**९.४.नीति**

९.४.१.अपाङ्गताको प्रकृति, गम्भीरता , अशक्तताको अवस्था र गरिवीलाइ  मध्यनजर गरि सामाजिक सुरक्षा अन्तर्गत लगायत अन्य सेवा सुविधाहरूलाइ प्राथमिकिकरण गरि उपलब्ध गराइनेछ ।

९.४.२.सामाजिक सुरक्षा अन्तर्गतका सेवाहरूमा थप गरिनेछ र अपाङ्गता भएका व्यक्तिहरूका लागि चाहिने विशिष्ट प्रकृतिका सेवाहरूको मापदण्ड निर्धारण गरि लागू गरिनेछ ।

९.४.३.पूर्ण अशक्त अपाङ्गता भएका भएका व्यक्तिहरूको दैनिक हेरचाह, उपयुक्त अनुकुलता र दैनिक जीवनयापनको लागि पर्याप्त सामाजिक सुरक्षा सेवाहरूके व्यवस्था गरिनेछ ।

**९.५.रणनीति**

९.५.१.अपाङ्गता भएका व्यक्तिहरूलाइ दिइने भत्तामा पुनरावलोकन गरिनेछ र यस विषयमा सर्बोच्च अदालतले गरेको फैसलाको कार्यान्वयनको अनिवार्यतालाई समेत मध्यनजर गरि पर्याप्त जीवनयापन भत्ताको व्यवस्था गरिनेछ भने परिवार सहयोग कार्यक्रमहरूमा जोड दिइनेछ ।

९.५.२.सरकारले हाल उपलब्ध गराइरहेका सामाजिक सुरक्षा अन्तर्गतका सेवा सुविधाहरूको कार्यान्वयनलाइ प्रभावकारी बनाउन प्रभावकारी अनुगमन, चेतना अभिवृद्धि र अभिमुखिकरण जस्ता विषयहरूमा विशेष ध्यान दिइनेछ ।

९.५.३.कठिन परिस्थितिमा रहेका, एकल, असाहाय, अनाथ र हिंसा वा विभेदमा परेका अपाङ्गता भएका महिला, बालबालिका र ज्येष्ठ नागरिकहरूको सुरक्षा, दैनिक हेरचाह र पुनर्स्थापनाको जिम्मा सरकारले लिनेछ र यसका लागि वशेष कार्यक्रमहरू ल्याइनेछ ।

**९.६.अपेक्षित उपलब्धी**

९.६.१.पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूको दैनिक जीवनयापनको लागि सरकारले विशेष व्यवस्था गर्नेछ र उनीहरूको दैनिक जीवन सहज हुनेछ ।

९.६.२.सरकारको मुलधारको सामाजिक सुरक्षा प्रणालीले अपाङ्गता भएका व्यक्तिहरूलाई समेट्नेछ र त्यस अन्तर्गतका सेवाहरूबाट उनीहरू लाभान्वित हुनेछन् ।

९.६.३.वर्तमान अवस्थामा राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध गराएका सेवा सुविधा सम्बन्धी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन हुनेछ र उनीहरू पूर्णरूपमा लाभान्वित हुनेछन् ।

## ९.७. कार्ययोजना

| क्रम | कृयाकलाप | जिम्मेवार निकाय | सहयोगि निकाय | कार्यान्वियन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्तिहरूलाई दिइँदै आएको सामाजिक सुरक्षा भत्तामा वृद्धि गर्ने । | संघीय मामिला तथा स्थानीय वकास मन्त्रालय | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | २०७३ साल | अपाङ्गता भएका व्यक्तिहरूलाई दिइने भत्तामा भएको वृद्धि । |
| २ | अपाङ्गताको प्रकृति र गम्भीरताको आधारमा सेवा सुविधाहरू उपलब्ध गराउने आधार मापदण्ड तय गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्री परिषद कार्यालय र अन्य विषयगत मन्त्रालयहरू, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र अन्य सरोकारवाला निकायहरू । | २०७३ साल | स्वीकृत गरिएको मापदण्डहरू |
| ३ | पूर्ण असक्त, अति अशक्त अपाङ्गता भएका, बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूको दैनिक हेरचाहमा सहयोग पुर्‍याउन परिवार सहयोग कार्यक्रम लागु गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय । | अन्य विषयगत मन्त्रालयहरू, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र अन्य सरकारी तथा गैरसरकारी सरोकारवाला संघ संस्था र निकायहरू । | २०७४ साल | लागू गरिएका परिवार सहयोग सम्बन्धी कार्यक्रम र लाभान्वित संख्या |
| ४ | विद्यमान सेवा सुविधाहरु सम्बन्धि प्रावधानहरूको कार्यान्वयनमा भएका कमि कमजोरीहरू पत्ता लगाई अनुगमन र विभेद विरूद्धका कार्वाहिहरूलाई प्रभावकारी बनाउने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्री परिषद कार्यालय, अन्य विषयगत मन्त्रालयहरू, राष्ट्रिय अपाङ्ग महासंघ लगायत अन्य सरकारी तथा गैर सरकारी सरोकारवालाहरू | २०७४ साल | सेवा सुविधाहरू पाउने अपाङ्गता भएका व्यक्तिहरूको संख्यामा भएको वृद्धि, सेवा सुविधाहरूमा भएको विभेदमा आएको कमि । |
| ५ | सेवा सुविधाहरूमा विभेद भएको अवस्थामा गुनासो गर्ने संयन्त्रलाई प्रभावकारी बनाउने । | गृह मन्त्रालय, नेपाल प्रहरी | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, अन्य विभिन्न विषयगत मन्त्रालयहरू र राष्ट्रिय अपाङ्ग महासंघ लगायत अन्य सरकारी तथा गैर सरकारी सरोकारवालाहरू | २०७३ | गुनासाहरू सुन्ने र सम्बोधनको लगि समन्वय गर्ने सकृय संयन्त्र । |

मस्यौदा

दोस्रो मस्यौदा

## १०: अपाङ्गता भएका महिला

### १०.१.वर्तमान अवस्था

क) राष्ट्रिय जनगणना २०६८ का अनुसार कुल जनसंख्याको १.९४ प्रतिशत मानिसहरूमा कुनै न कुनै रूपमा अपाङ्गता रहेको तथ्याङ्क छ । यस प्रतिवेदन अनुसार कुल अपाङ्गता भएका व्यक्तिको जनसंख्यामा ४५ प्रतिशत अपाङ्गता भएका महिलाहरू रहेका छन् । विश्वको कुल जनसंख्याको १५ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू रहेको र त्यसको झण्डै आधा हिस्सा अपाङ्गता भएका महिलाले ओगटेको तथ्य विश्व बैंक र विश्व स्वास्थ्य संगठनले सन २०११ मा प्रकाशित अपाङ्गता सम्बन्धी विश्व प्रतिवेदनले देखाएको छ ।

ख) नेपालमा अपाङ्गता भएका महिलाहरूको लागि भनेर कुनै विशेष कानुनी वा नीतिगत व्यवस्थाहरू छैनन तर केहि अपाङ्गता भएका महिला केन्द्रित कामहरू भने भएका छन् । नेपाल सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले वेवारिसे अवस्थामा रहेका र हिंसामा परेका अपाङ्गता भएका महिलाहरूको पुनर्स्थापनाको लागि होस्टलको व्यवस्था गर्न अनुदान दिँदै आएकोछभने उनीहरूको शसक्तिकरणका लागि गैर सरकारी संस्थाहरू मार्फत कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । शिक्षा तर्फ अपाङ्गता भएका महिलाहरूको सहभागितालाई हेर्दा शिक्षा विभागको २०१४ को फ्लास रिपोर्ट अनुसार हाल प्रारम्भिक बाल विकास देखि लिएर कक्षा १२ सम्म जम्मा ७५६३३ जना अपाङ्गता भएका व्यक्तिहरू सरकारी शैक्षिक संस्थाहरूमा अध्ययनरत छन् जसमा महिलाको संख्या ३६२४५ रहेको छ ।

ग) गैर सरकारी क्षेत्रमा नेपालमा अपाङ्गता भएका महिलाहरूले नै सञ्चालन गरेका संस्थाहरू कार्यरत रहेका छन् भने महिला अधिकार सम्बन्धि काम गर्ने मुलधारका गैर सरकारी संस्था र सञ्जालहरूले पनि अपाङ्गता भएका महिलाका सवालहरूलाई महत्व दिन थालेका छन् ।

घ) नेपाल पक्षराष्ट्र रहेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि महासन्धीको धारा ६ मा अपाङ्गता भएका महिलाहरूको विशेषाधिकारको वारेमा उल्लेख गरिएको छ । यस अनुसार पक्ष राष्ट्रले अपाङ्गता भएका महिलाहरू बहु विभेदको मारमा परेका छन् भन्ने कुरालाइ स्वीकार गर्दै उनीहरूको मानवअधिकार र आधारभूत स्वतन्त्रता सुनिश्चित गर्नुपर्ने लगायत उनीहरूको पूर्ण विकास, प्रगति र शसक्तिकरणको लागि आवश्यक सबै उपाय अबलम्बन गर्नुपर्ने उल्लेख गरिएको छ ।

ङ) हाल नेपालमा विभिन्न सरकारी तथा गैर सरकारी निकायमार्फत अपाङ्गता भएका महिलाकोलागि प्रजनन् स्वास्थ्य, जनचेतना, नेतृत्व विकास, आय आर्जन तथा रोजगारी लगायतका क्षेत्रमा कामहरू भैरहेका छन्न ।

### १०.२.मुद्दा तथा समस्या

क) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिका अनुसार अपाङ्गता भएका व्यक्तिहरूमा पनि महिलाहरू वहु विभेदको मारमा परेका छन् । महिला भएकै कारणले सामना गर्नुपर्ने सामाजिक र लैङ्गिक विभेद त एकातिर छँदैछ त्यसमाथि अपाङ्गताको आधारमा गरिने थप विभेदको मारमा उनीहरू परिरहेका छन् । परिवार र समुदायभित्र अपाङ्गता भएका महिला र अपाङ्गता भएका पुरूषलाई हेर्ने दृष्टिकोण र गर्ने

व्यवहारमा पनि फरक पाइनेगरेका तथ्यहरू छन् । अपाङ्गता अधिकार आन्दोलन भित्र पनि अपाङ्गता भएका महिलाहरूको सार्वजनिक सहभागिता असाध्यै न्यून छ ।

ख) विभिन्न अध्ययन प्रतिवेदनहरू र सञ्चार माध्यमहरूमा निरन्तर आइरहने महिला हिंसाका प्रतिवेदन र समाचारहरूका अनुसार अपाङ्गता भएका महिलाहरू विभिन्न घरेलु हिंसा, यौन दुर्व्यवहार, यौन हिंसाको शिकार हुनेगरेका छन् । पुरातन समाजिक सोच र हाम्रो पुरूष प्रधान सोचबाट प्रभावित सामाजिक संरचनाको कारण अपाङ्गता भएका महिलाहरू बैवाहिक जीवन विताउनबाट बञ्चित हुनेगरेको तथ्यहरू पनि पर्याप्त मात्रामा सार्वजनिक हुनेगरेका छन् । सामान्यतया अपाङ्गता भएको व्यक्तिलाई बिवाहको लागि अयोग्य मान्ने गरिन्छ जुन अपाङ्गताको आधारमा गरिने विभेदको एउटा प्रकार हो । यस्तो विभेदको शिकार धेरैजसो अपाङ्गता भएका महिलाहरू पर्नेगरेका छन् । अपाङ्गता भएका महिलाहरूको अधिकारमा काम गर्ने संघ संस्थाका अनुसार प्रजनन् स्वास्थ्य सम्बन्धि अधिकारहरू अपाङ्गता भएका महिलाहरूले अन्य सरह उपयोग गर्न पाएका छैनन् । "अपाङ्गता भएका महिलाहरूलाईआफ्नो इच्छाले न बच्चा जन्माउने हक छ न त नजन्माउने नै"भन्ने गुनासाहरू पनि अपाङ्गता भएका महिलाहरूबाट आउनेगरेका छन् ।

ग) प्रशुतिको अवस्थामा र गर्भवति अवस्थामा अस्पतालमा होस वा घरमा अपाङ्गता भएका महिलाहरूलाई विशेष हेरचाह र उपयुक्त अनुकुलताहरूको जरूरी हुन्छ । अस्पतालमा प्रशुति वार्डका वेड, शौचालय र अन्य सुविधाहरू अपाङ्गता मैत्री नहुँदा र उनीहरूको विशेष अवस्थालाई वुझेर विशेष हेरचाहको व्यवस्था नहुँदा उनीहरूको अपाङ्गता भएका महिलाहरूको स्वास्थ्य धेरै जोखिममा रहने गरेको छ ।

घ) सार्वजनिक जीवनमा महिलाहरूको सहभागिता त्यतिकै पनि कम भैरहेको अवस्थामा अपाङ्गता भएका महिलाहरूको अवस्था त अझ नाजुक रहेको छ । महिला शसक्तिकरण र लैङ्गिक विभेद न्युनिकरण सम्बन्धी सरकारी तथा गैर सरकारी निकायबाट सञ्चालित कार्यक्रमहरूले अपाङ्गता भएका महिलाहरूको सहभागिता र विशेष सवालहरूलाई समेट्न सकेको छैन ।

**१०.३.उद्धेश्य**

१०.३.१.अपाङ्गता भएका महिलाहरूमाथि हुने विभेद र हिंसा न्यूनिकरण गर्दै उनीहरूको सामाजिक, आर्थिक विकास, शसक्तिकरण लगायत सार्वजनिक जीवनमा सहभागीतामा अभिवृद्धि गर्ने ।

**१०.४.नीतिहरू**

१०.४.१.सरकारले सञ्चालन गरिरहेका महिला अधिकार र शसक्तिकरणसँग सम्बन्धित नीति र कार्यक्रमहरूमा अपाङ्गता भएका महिलाका सवालहरूलाईप्रथमिकताको आधारमा सँग सँगै समेटेर लगिनेछ ।

१०.४.२.अपाङ्गता भएका महिलाहरूमाथि हुने विभेद र हिंसा अन्त्यका लागि उनीहरूलाई विशेष सरंक्षण प्रदान गरिनेछ ।

१०.४.३.सुरक्षित मातृत्व, प्रजन तथा यौन स्वास्थ्यमा अपाङ्गता भएका महिलाहरूको समान पहुँच पुर्‍याउन विशेषपहल गरिनेछ ।

## १०.५.रणनीतिहरू

१०.५.१.सरकारका महिला केन्द्रीत विभिन्न कार्यक्रमहरूमा अपाङ्गता भएका महिलाहरूको सहभागिता सुनिश्चित गरिनेछ ।

१०.५.२.अपाङ्गता भएका महिलाहरूलाई लक्षित गरि शसक्तिकरण, आर्थिक उपार्जन, अनौपचारिक शिक्षाजस्ता कार्यक्रमहरू  सञ्चालनमा ल्याइनेछ ।

१०.५.३.अपाङ्गता भएका महिलाहरूले सञ्चालन गरेका संस्था वा आय आर्जन र शसक्तिकरण सम्बन्धि कार्यक्रमहरूलाई थप प्रवर्द्धन गरिनेछ ।

१०.५.४.सुरक्षित मातृत्व, प्रजनन् तथा यौन स्वास्थ्य लगायत महिला स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम र विद्यमान स्वास्थ्य सेवाहरूलाई अपाङ्गता भएका महिलाहरूका लागि पहुँचयुक्त बनाउने ।

१०.५.३.प्रजनन् स्वास्थ्य र सुरक्षित मातृत्व सम्बन्धी सबै सेवा सुविधा, सूचना, तालिम, जानकारी लगायतका कुराहरूलाई अपाङ्गता भएका महिला मैत्री बनाउने ।

## १०.६.अपेक्षित उपलब्धी

१०.६.१.सरकारी तथा गैर सरकारी क्षेत्रका महिला केन्द्रित कार्यक्रमहरूमा अपाङ्गता भएका महिलाहरूको सहभागितामा वृद्धि भई यस्ता कार्यक्रमबाट लाभान्वित हुने अपाङ्गता भएका महिलाको संख्यामा ५० प्रतिशतले वृद्धि आउनेछ ।

१०.६.२.अपाङ्गता भएका महिलाहरूमाथि हुने विभेद, हिंसा र दुर्व्यवहारमा उल्लेख्य कमि आउनेछ ।

१०.६.३.सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, यौन स्वास्थ्य सम्बन्धी सेवाहरूमा अपाङ्गता भएका महिलाहरूको समान पहुँच प्राप्त हुनेछ र उनीहरूको प्रजनन् स्वास्थ्यमा हुने जोखिममा कमि आउनेछ ।

१०.६.४.आर्थिक रूपमा सकृय हुने अपाङ्गता भएका महिलाहरुको संख्यामा वृद्धि भई उनीहरुको आर्थिक शसक्तिकरण हुनेछ ।

१०.६.५.सेफ हाउस, परामर्श केन्द्र र पुनर्स्थापना केन्द्रहहरूमा अपाङ्गता भएका महिलाहरूले विना भेदभाव समान पहुँच प्राप्त गर्नेछन् ।

## कार्ययोजना

| क्रम | कृयाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यान्वियन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | सरकारका महिला केन्द्रित कुनैपनि कार्यक्रमहरूमा अपाङ्गता भएका महिलाहरूको सहभागिता सुनिश्चित गर्न स्पष्ट नीति र कार्यक्रमर बनाउने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय योजना आयोग | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल तथा अन्य अपाङ्गता क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू | २०७३ देखि निरन्तर | सरकारका महिला सम्बन्धी स्वीकृत समावेशी नीति र कार्यक्रमहरू |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | अपांगता भएका महिलाहरूलक्षित नेतृत्व विकास, जनचेतना र लैंगिक विभेद, महिला हिंसा सम्बन्धीर यस्ता हिंसाहरू विरूद्ध लड्न क्षमता विकास गर्ने तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | महिला अधिकारको लागि काम गर्ने संघ संस्थाहरू, अपाङ्गता भएका महिलाहरूको लागि काम गर्ने संघ संस्थाहरू, महिला प्रहरी सेल, मानवअधिकार आयोग, राष्ट्रिय अपाङ्ग महासंघ आदि | २०७३ देखि निरन्तर | सञ्चालति तालिम तथा अभिमुखीकरण कार्यक्रमहरूको संख्या र लाभान्वितहरूको संख्या । |
| ३ | अपाङ्गता भएका महिला लक्षित आय आर्जन र उद्यमशील विकास कार्यक्रमहरू, सीप विकास तालिम, विउ पूँजी वितरण र बजार प्रवर्द्धन जस्ता कार्यक्रमरहरू सञ्चालन गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, यूवा तथा रोजगार मन्त्रालय, राष्ट्रिय योजना आयोग | | २०७३ सालदेखि निरन्तर | अपाङ्गता भएका महिलाहरूको लागि लक्षित आर्थिक शसक्तिकरणहरू सम्बन्धी कार्यक्रमहरू |
| ४ | महिलामाथि हुने घरेलु हिंसा र लैंगिक विभेद न्युनिकरण आदिसँग सम्बन्धित चेनता तथा जानकारीमुलक सूचना साग्रीहरूलाई अडियो, भिजुअल, साङ्केतिक भाषा, ब्रेल र अन्य पहुँचयुक्त ढाँचामा प्रकाशन गर्ने | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अपाङ्गता भएका महिलाहरूको लागि काम गर्ने संघ संस्था, विभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू | २०७३ सालबाट निरन्तर | प्रकाशित र प्रशारित सामग्रीहरू र लाभान्वितहरूको संख्या |
| ५ | हिंसामा परेका महिलाहरूलाई सुरक्षा र आस्रय दिन निर्माण गरिएका सेफ हाउस, परामर्श केन्द्र र पुनर्स्थापना केन्द्रहरूलाई भौतिक रूपमा अपाङ्गता मैत्री बनाउने र त्यससँग सम्बन्ध कर्मचारी वा स्वयमसेवकलाई अपाङ्गता विषयमा अभिमुखिकरण गर्ने | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | | २०७३ सालदेखि निरन्तर | सञ्चालित अभिमुखीकरण कार्यक्रम र लाभान्वितहरूको संख्या |
| ६ | हिंसा पिडित अपाङ्गता भएका महिलाहरूका लागि अल्पकालिन तथा दीर्घकालित पुनर्स्थापना केन्द्रहरू मार्फत आवश्यक सेवाहरू उपलब्ध गराउने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | राष्ट्रिय अपाङ्ग महासंघ, अन्यअपाङ्गता क्षेत्रमा काम गर्ने सम्बन्धित संस्थाहरू | २०७३ साल देखि निरन्तर | उपलब्ध गराइएका सेवाहरू, सेवाको प्रकृति र लाभान्तवित अपाङ्गता भएका महिलाहरूको संख्या |

## ११: अपाङ्गता भएका यूवा

### ११.१.वर्तमान अवस्था

क) नेपालमा अपाङ्गता भएका यूवाहरूको जनसंख्या कति छ भनेर कुनै यकिन तथ्याङ्क छैन र नेपाल सरकारले यूवाका विशेष सवालहरूमा छुट्टै मन्त्रालय गठन गरि संस्थागत प्रयासहरू .................देखिथालेको हो ।

ख) राष्ट्रिय यूवा नीति २०६६ अनुसार नेपालमा १६ देखि ४० वर्ष उमेरका व्यक्तिहरूलाई युवा मानिन्छ र नेपालमा यूवाहरूको जनसंख्या झण्डै ४० प्रतिशतको हाराहारीमा छ । यस नीतिले अपाङ्गता भएका यूवाहरूलाई एकातिर विशेष प्राथमिकता समुह अन्तर्गत सम्बोधन गरेको छ “अपाङ्गता भएका युवा” भनेर परिभाषामा पनि सम्बोधन गरेको छ । यस नीति अन्तर्गत व्यवस्था गरिएको कार्यनितिको २“च” मा विशेष प्राथमिकताको समुहमा पर्ने यूवाहरूको शिक्षामा पहुँच वृद्धि गर्न विशेष छात्रवृत्तिको व्यवस्था गर्ने भनिएको छ भने ४“ङ” मा सामाजिक सुरक्षाको व्यवस्था गर्ने भनिएको छ ।यसैगरि खण्ड ८ मा कला संस्कृति, खेलकुद तथा मनोरञ्जन अन्तर्गत “ज” मा अपाङ्गता मैत्री खेलहरू सञ्चालन गरिने उल्लेख गरिएको छ । यूवा नीतिको खण्ड १६ मा विशेष समुहगत प्राथमिकताहरूउल्लेख गरिएको छ जसमा अपाङ्गता भएका यूवाहरूको शिक्षाको लागि विशेष व्यवस्थाहरू गर्ने,ग) रोजगारीमा अपाङ्गता भएका व्यक्तिहरूले कार्य सम्पादन गर्न सक्ने कामहरूमा रोजगारीमा प्राथमिकता दिने, सार्वजनिक स्थल र यातायातहरूलाई अपाङ्गता मैत्री बनाउने र सहायक समाग्रीको आपूर्तिलाई सहज बनाउने प्रावधान उल्लेख गरिएको छ ।यसैगरि केन्द्रीय स्तरमा गठन हुने युवा परिषदमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गराउने व्यवस्था समेत गरिएको छ ।

घ) नेपालमा योग्यता पुगेका अपाङ्गता भएका यूवाहरूका लागि निजामति सेवामा आरक्षणको व्यवस्था गरिएको छ भने विश्वविद्यालय अनुदान आयोगले अपाङ्गता भएका यूवाहरूका लागि उच्च शिक्षामा छात्रवृत्ति दिने व्यवस्था गरेको छ । स्थानीय यूवा साझेदारी कार्यक्रम सञ्चालन निर्देशिका २०६९ ले गरेको व्यवस्था अनुसार नेपाल सरकारले अपाङ्गता भएका यूवाहरूको शसक्तिकरण र खेलकुदको लागि अनुदान पनि दिँदै आएको छ र यस्तो अनुदान अपाङ्गता भएका युवाहरूले सञ्चालन गरेको संस्थाहरू मार्फत नै परिचालन भैरहेको छ ।

### ११.२.मुद्दा तथा समस्या

क) नेपालको यूवा नीतिमा अपाङ्गता भएका यूवाहरूको वारेमा उल्लेख गरिएको भएतापनि उनीहरूका विशेष सवालहरूलाई सम्बोधन गर्न राज्यको तर्फबाट खासै प्रभावकारी कदमहरू चाल्न सकिएको अवस्था छैन । अपाङ्गता भएका यूवाहरूको मुख्य समस्या अन्य यूवा सरह व्यवहारिक शिक्षा, सीपमुलक तालिम, रोजगारी, आयआर्जन, नेतृत्व र व्यक्तित्व विकास नै हो । अपाङ्गता भएका यूवाहरूको मुख्य माग राज्यले अरू सरह आफूलाई पनि उत्पादनशील बनाओस र फाइदा लेओस भन्ने नै हो । अपाङ्गता भएका यूवाहरू आफूलाई दयाको पात्रको रूपमा हैन अन्य यूवा सरह उत्पादनशील भई राज्यलाई योगदान गर्न सक्षम छन् ।

ख) समाजमा अपाङ्गता भएका व्यक्तिको क्षमतालाई नजरअन्दाज गर्ने प्रवृत्ति, अपाङ्गतालाई असक्षमतासँग जोड्ने पुरातन मानसिकता लगायत भौतिक संरचना, यातायात र सञ्चार प्रणालीहरू अपाङ्गता मैत्री नभएका कारणले अपाङ्गता भएका यूवाहरू उत्पादनशील क्षेत्रमा आउन सकेका छैनन् । अपाङ्गता भएकै कारणले समाजर समुदायमा हुने विभिन्न किसिमका भेदभावका कारणले अपाङ्गता भएका यूवाहरू आत्मविश्वासका साथ सार्वजनिक जीवनमा सहभागीहुन सकिरहेका छैनन् । उच्च शिक्षा र सीपमुलक तालिममा अपाङ्गता भएका यूवाहरूको कम पहुँच छ जसको असर उनीहरूले पाउने रोजगारीका अवसरहरूमा परेको छ । दोभाषे, सहायक सामग्री र सहयोगी सेवाहरूको अभावले गर्दा उनीहरूको दैनिक आवागमन अवरूद्ध भएको छ । निर्णय प्रकृयाहरू अपाङ्गता भएका यूवाहरूको सहभागिता न्यून रहेको छ ।

## ११.३.उद्धेश्य

११.३.१.अपाङ्गता भएका यूवाहरूको क्षमता विकास र सशक्तिकरण गर्दै राज्यको विकास प्रकृयामा उनीहरूको सकृयता र योगदानलाई सुनिश्चित गर्नु ।

## ११.४.नीति

११.४.१.राष्ट्रिय यूवा नीति अनुसार सरकारद्वारा सञ्चालित यूवा शसक्तिकरण लगायत अन्य सबै कार्यक्रमहरूमा अपाङ्गता भएका युवाहरूको सहभागिता सुनिश्चित गर्दै हरेक अवसरहरूबाट लाभान्वित हुने समान अवसर प्रदान गरिनेछ ।

११.४.२.अपाङ्गता भएका यूवाहरूका विशिष्ट सवाल र समस्याहरूलाई मध्यनजर गरि प्राथमिकताको आधारमा शसक्तिकरण र क्षमता विकासका लागि छुट्टै लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## ११.५.रणनीतिहरू

११.५.१.राज्यका यूवा शसक्तिकरण र अन्य यूवा केन्द्रित कार्यक्रमहरूमा अपाङ्गता भएका यूवाहरूलाई लक्षित समुहको रूपमा र निर्णय प्रकृया दुवैमा सहभागि गराउने ।

११.५.२.यूवाहरूको रोजगारी तथा आर्थिकउपार्जनलाई प्रोत्साहन गर्न सञ्चालित सरकारी तथा गैर सरकारी क्षेत्रका कार्यक्रमहरूमा अपाङ्गता भएका यूवाहरूको सहभागितालाई प्राथमिकतामा राखिने ।

११.५.३.यूवाहरूको सवालमा गरिने विभिन्न कार्यक्रम तथा नीतिगत निर्णय लगायत विभिन्न निर्णय प्रकृयाहरूमा अपाङ्गता भएका यूवाहरूको सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

११.५.३.अपाङ्गता भएका यूवाहरूको व्यावसायिक क्षमता विकास गर्न र रोजगारीमुलक सिप विकास गर्न छुट्टै लक्षित कार्यक्रमहरू लागू गरिने ।

मस्यौदा

## ११.६.अपेक्षित उपलब्धी

११.६.१.सरकारका मुल धारका युवा केन्द्रित कार्यक्रमहरूमा अपाङ्गता भएका यूवाहरूको सहभागितामा वृद्धि हुनेछ । सामाजिक तथा आर्थिक गतिविधिहरूमा अपाङ्गता भएका  यूवाहरूको संलग्नता र सहभागितामा वृद्धि हुनेछ ।

११.६.२.रोजगारी, आय आर्जन, उच्च शिक्षा, छात्रवृत्ति, सीप विकास, नेतृत्व विकास लगायतका अवसरहरूको उपयोगका लागि अपाङ्गता भएका यूवाहरूलाई सहज बातावरण बन्नेछ ।

११.६.३. विभिन्न निर्णय प्रकृयाहरूमा अपाङ्गता भएका यूवाहरूको सहभागिता र प्रतिनिधित्व बढ्नेछ ।

### कार्ययोजना

| क्रम | कृयाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | अनूगमन सूचक |
|---|---|---|---|---|---|
| १ | अपाङ्गता भएका यूवा केन्द्रीत नेतृत्व विकास, व्यक्तित्व विकास र अन्य शसक्तिकरण सम्बन्धी तालिमहरू सञ्चालन गर्ने | राष्ट्रिय यूवा परिषद, यूवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल लगायत अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू | २०७३ साल देखि निरन्तर | सञ्चालित विभिन्न कार्यक्रमहरूको संख्या र लाभान्वित अपाङ्गता भएका यूवाहरूको संख्या । |
| २ | अपाङ्गता भएका यूवाहरूलाई उच्च शिक्षा र अध्ययन तथा अनुसंधानको लागि अनुदान र छात्रवृत्तिको पर्याप्त व्यवस्था गर्ने | शिक्षा मन्त्रालय, राष्ट्रिय यूवा परिषद, विश्वविद्यालय अनुदान आयोग र यूवा तथा खेलकुद मन्त्रालय | | २०७३ साल देखि निरन्तर | उच्च शिक्षा अध्ययन र अध्ययन अनुसंधानको लागि छात्रवृत्ति र अनुदान प्राप्त गर्दै अपाङ्गता भएका यूवाहरूको संख्या । |
| ३ | अपाङ्गता भएका यूवा लक्षित सीपमुलक तालिम, व्यावसायिक तालिम र लोकसेवा आयोग तयारी कक्षाहरू सञ्चालन गर्ने | यूवा तथा खेलकुद मन्त्रालयउद्योग तथा बाणिज्य मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल लगायत अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू | २०७३ साल देखि निरन्तर | सञ्चालित सिपमुलक तालिमहरूको संख्या र लाभान्वित अपाङ्गता भएका यूवाहरूको संख्या । |
| ४ | यूवा तथा खेलकुद मन्त्रालयले सञ्चालन गरेका अन्य मुलधारका सबै यूवा केन्द्रीत कार्यक्रमहरूमा अपाङ्गता भएका यूवाहरूको सहभागिता सुनिश्चित गर्ने गरि नीति तथा प्रकृयाहरू निर्माण गर्ने । | यूवा तथा खेलकुद मन्त्रालय | | २०७४ साल सम्ममा यस विषयमा आवश्यक प्रावधानहरू निर्माण गरि लागू गरिसक्ने | सुनिश्चित गरिएका प्रावधान र प्रकृयाहरू । |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | अपाङ्गता भएका यूवाहरूको रोजगारी प्रवर्धनको लागि जनचेतना, रोजगारदाता उन्मुख अन्तरकृया र कार्यशालाहरूआयोजना गर्ने | यूवा तथा खेलकुद मन्त्रालय | | २०७३ सालदेखि निरन्तर | सम्पन्न गरिएका अन्तरकृया र कार्यशालाहरू र यसबाट लाभान्वित अपाङ्गता भएका यूवाहरूको संख्या |
| ६ | अपाङ्गता भएका यूवाहरूको लागि विशेष खेलकुदको प्रवर्धनका लागि विशेष खेलकुद प्रतियोगिताहरू आयोजना गर्ने र विशेष खेलकुदका लागि आवश्यक तालिमहरू आयोजना गर्ने | यूवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल लगायत अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू | २०७३ साल देखि निरन्तर | आयोजना गरिएका विशेष खेलकुद कार्यक्रमहरू र सहभागी भएका अपाङ्गता भएका यूवाहरूको संख्या । |
| ७ | यूवा स्वरोजगार कोष अन्तर्गत सञ्चालित कार्यक्रमहरूमा अपाङ्गता भएका यूवाहरूको सहभागिता गराउने र अपाङ्गता भएका यूवा लक्षित कार्यक्रमहरू समेत सञ्चालन गर्ने । | अर्थ मन्त्रालय, यूवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय यूवा परिषद । | | २०७३ साल देखि निरन्तर | यूवा स्वरोजगार कोष अन्तर्गत सञ्चालित विभिन्न कार्यक्रमहरूबाट लाभान्नवित हुनेहरूको संख्या । |

हाम्रो प्रयास

## १२: अपाङ्गता भएका बालबालिका

### १२.१ वर्तमान अवस्था

क) दि स्टेट अफ वर्लडस् चिल्ड्रेन २०१३ का अनुसार संसारमा १४ वर्ष मुनिका ९करोड ३० लाख बालबालिकामा कुनै न कुनै रूपमा अपाङ्गता रहेको जनाएको छ । नेपालमा भने अपाङ्गता भएका बालबालिकाको यकिन तथ्याङ्क कतै पनि छैन । शिक्षा विभागले सन २०१४ मा प्रकाशन गरेको आफ्नो फ्लास रिपोर्टमा जनाए अनुसार हाल नेपालको शिक्षा प्रणाली भित्र प्रारम्भिक बाल विकास देखि लिएर कक्षा १२ सम्म जम्मा ७५६३३ अपाङ्गता भएका बालबालिकाहरू अध्ययन गरिरहेका छन् । नेपाल सरकार शिक्षा विभागले अपाङ्गता भएका बालबालिकाहरूलाई शिक्षामा पहुँच बढाउन शैक्षिक छात्रवृत्तिको व्यवस्था गरेको छ । अपाङ्गता परिचयपत्र जुनसुकै उमेरका अपाङ्गता भएका व्यक्तिले पाउने प्रावधान भएको हुनाले अपाङ्गता पहिचान भैसकेपछि अपाङ्गता भएका बालबालिकाहरूले पनि उक्त परिचय पत्र आफ्नो जिल्लाको महिला तथा बालबालिका कार्यालबाट पाउन सक्ने व्यवस्था छ । कानुन अनुसार सरकारी विद्यालमा अपाङ्गता भएका बालबालिकाहरूलाई कुनै शुल्क तिर्नु पर्दैन ।

ख) नेपाल पक्ष राष्ट्र भएको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ धारा ७ ले गरेको व्यवस्था अनुसार पक्ष राष्ट्रले अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिका सरह समान आधारमा सबै मानवअधिकारको उपयोग गर्न पाएको प्रत्यतभूति गर्नुपर्ने, अपाङ्गता भएका बालबालिकाको विषयमा निर्णय गर्दा उनीहरूको सर्वोत्तम हितलाई ध्यान दिनुपर्ने र अपाङ्गता भएका बालबालिकालाई प्रभाव पार्ने कुनै पनि निर्णय प्रकृयाहरूमा उनीहरूको सहभागिता गराउनुपर्ने र यस्तो सहभागिता गराउँदा उमेर र अपाङ्गता अनुसार आवश्यक पर्ने सबै सहयोग उपलब्ध गराउनुपर्ने व्यवस्था उल्लेख गरिएको छ ।सोहि महासन्धीको धारा २४ को उपधारा २ मा अपाङ्गता भएका व्यक्तिलाई शिक्षाबाट अलग्याउन नपाइने, उनीहरूका लागि समावेशी शिक्षा हुनुपर्ने, कम्तिमा प्राथमिक र माध्यामिक शिक्षा अनिवार्य र निशुल्क हुनुपर्ने, आफु रहेको समुदायमा नै अन्य बालबालिका सरह पढ्न पाउनुपर्ने, अपाङ्गता अनुकुल पाठ्याक्रम, पाठ्य सामग्री, शैक्षिक सामग्री, मुल्याङ्कन प्रणाली हुनुपर्ने, र अपाङ्गता मैत्री माध्यहरूको उपयोग गर्न पाउनुपर्ने जस्ता प्रावधानहरू उल्लेख छन् ।

ग) नेपाल पक्षराष्ट्र रहेको बाल अधिकार सम्बन्धि महासन्धिको धारा २ (१) मा अपाङ्गताको आधारमा बालबालिकामा विभेद गर्न नपाइने कुरा उल्लेख गरिएको छ भने धारा २३ मा अपाङ्गता भएका बालबालिकाहरूले पूर्ण र मर्यादित जीवन ज्यून पाउने, अन्य सरह समुदायमा सहभागी हुन पाउने, विशेष हेरचाह र संरक्षण प्राप्त गर्ने, शिक्षा, स्वास्थ्य सेवा, तालिम, पुनर्स्थापना आदिमा पहुँच प्राप्त गर्ने अधिकारहरू सुनिश्चित गरिएको छ ।

घ) नेपालको बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ४३ मा बाबुआमा नभएको, अनाथ, अपाङ्गता भएको वा सुस्तमनस्थिति भएका बालबालिकालाई पालनपोषण र वासस्थानको लागि सरकारले सुस्तमनस्थिति केन्द्र वा अनाथालय स्थापना गर्ने व्यवस्था गरिएको छ ।

ङ) बालबालिका सम्बन्धि राष्ट्रिय नीति २०६९ मा अपाङ्गता भएका बालबालिकाको स्पष्ट तथ्याङ्क राखिने, अपाङ्गताका कारण र रोकथामका उपायहरूको बारेमा जनचेतना जगाउने, निशुल्क

शिक्षाकोव्यवस्था गर्ने,आधारभूत स्वास्थ्य सेवामा पहुँच बढाउने, उपयुक्त सहायक सामग्री उपलब्ध गराउने, पुनर्स्थापना सेवा उपलब्ध गराउने, मनोसामाजिक अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष हेरचाहको व्यवस्था गर्ने जस्ता कुराहरू उल्लेख गरिएको छ ।

च) शिक्षामा अपाङ्गता भएका बालबालिकाहरूका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ ।

छ) बालबालिकाहरूको सवाल हेर्न केन्द्रीय निकायको रूपमा महिला बालबालिका तथा समाजकल्याण परिषद र केद्रीय बालकल्याण समिति रहेको छ भने जिल्ला स्तरमा महिला तथा बालबालिका कार्यालय र जिल्ला बाल कल्याण समिति रहेका छन् ।

ज) गैर सरकारी क्षेत्रमा अपाङ्गता भएका बालबालिकाहरूलाई पुनर्स्थापना, सल्यकृया र उपचारको लागि केहि जिल्लामा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमहरू सञ्चालन गरेका छन् भने अस्पताल र दिवा सेवा केन्द्र र आवअसीय सुविधाहरू सहित पुनर्स्थापना सेवाहरू दिइरहेका छन् ।

### १२.२. मुद्दा तथा समस्या

क) नेपालमा बालबालिका लक्षित कानुन, नीति निर्देशिका र कार्यक्रमहरू धेरै भएतापनि अपाङ्गता भएका बालबालिका लक्षित कार्यक्रम र नीतिहरूको अभाव छ ।अपाङ्गता भएका बालबालिकाहरूका विशेष आवश्यकताहरूलाई सम्बोधन नगरिकन सबै बालबालिकाहरूका लागि लागू गरिएका साझा कार्यक्रम र नीतिले मात्र उनीहरूलाई समान अधिकारहरू दिलाउन सक्दैन । शिक्षामा केहि कार्यक्रमहरूबाहेक अपाङ्गता भएका बालबालिका लक्षित कार्यक्रमहरू अन्य क्षेत्रमा छैनन् । अपाङ्गता भएका बालबालिकाहरूका सम्बन्धमा समयमै अपाङ्गता पहिचान, उपचार सेवा, सुधारात्मक सल्यकृया, शारीरिक कृयाशिलतामा अभिवृद्धि गर्न गरिने तालिमहरू, पुनर्स्थापना सेवा, सहायक सामग्री, ब्रेल तथा मोविलिटी तालिम, साङ्केतिक भाषा, सहयोगी सेवा एकदमै आधारभूत र महत्वपूर्ण आवश्यकताहरू हुन । यि विषयहरूलाई सम्बोधन गरिएन भने उनीहरूले अरू कुनै पनि मानवअधिकार र अवसरहरूको उपयोग गर्न सक्दैनन । तर सरकारले अपाङ्गता भएका बालबालिकाहरूका उक्त आवश्यकताहरूमा केन्द्रित गरि लक्षित कार्यक्रमहरू सञ्चालन गर्न सकेको छैन ।

ख) गैर सरकारी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूले आफ्ना लागि काम गर्न आफै काम गर्न खोलिएका संस्था हुन वा अपाङ्गता भएका व्यक्तिहरूका लागि खोलिएका संस्थाहरू हुन, अपाङ्गता भएका बालबालिकालाई केन्द्रविन्दुमा राखेर काम गर्ने ज्यादै न्यून छन् । स्थापना गरेको भएतापनि अपाङ्गता भएका बालबालिकाहरूका सवालमा केन्द्रित भएर काम गर्ने ज्यादै न्युन मात्रामा छन् । गैरसरकारी निकायहरूले सञ्चालन गरेका अपाङ्गता भएका बालबालिका लक्षित सेवाहरू सानो क्षेत्रमा मात्र सिमित छन् ।विशेष पोषण र संरक्षणको अभावमा अपाङ्गता भएका बालबालिकाको मृत्यू दर उच्च छ । विद्यालय जाने उमेरका तर बिद्यालय बाहिर रहेका बालबालिकाहरूमध्ये अपाङ्गता भएका बालबालिकाहरूको संख्या उच्च रहेको छ भने विभिन्न अवरोध र विभेदहरूको कारणले विद्यालय छोड्ने दर पनि अन्य बालबालिकाको भन्दा उच्च छ ।

ग) एकातिर अभिभावकहरूले आफ्ना अपाङ्गता भएका छोराछोरीहरूलाई विद्यालय पठाउन नचाहने प्रवृत्ति पनि रहेको छ भने अर्कोतिर विद्यालयले स्वीकार नगर्ने घटनाहरू पनि त्यत्तिकै छन् । गाउँघरतिर बौद्धिक

अपाङ्गता भएका, मनोसामाजिक अपाङ्गता भएका, अटिज्म प्रभावित बालबालिकाहरूलाई घरमा पशुलाइझैँ डोरीले बाँधेर काममा जानेगरेका तथ्यहरूपनि पटक पटक सञ्चारमाध्यमहरूमा आउनेगरेका छन् ।

घ) अपाङ्गताको प्रारम्भिक पहिचानको अभाव र बाल्यावस्थामैं पाउनुपर्ने उपचार र पुनर्स्थापना सेवाको अभावमा बालबालिकाहरू समयमा विद्यालय जान सकिरहेका छैनन् । प्रारम्भिक हस्तक्षेपको अभावमा बालबालिकाहरूको अपाङ्गताको अवस्था थप गम्भीर हुने गरेका गुनासाहरू पर्याप्त छन् । असाध्यै गम्भीर प्रकृतिको अपाङ्गताको समस्या भएका बालबालिकाहरूका लागि विशेष संरक्षण र परिवारलाई सहयोग गर्ने कार्यक्रमहरू सरकारले ल्याउन नसक्दा त्यस्ता बालबालिकाहरूको जीवन असाध्यै कष्टकर रहेको छ । वेवारिसे अवस्थामा रहेका अपाङ्गता भएका बालबालिकाहरूको लागि शिक्षा र पुनर्स्थापनाका सेवाहरू पुऱ्याउन सकिएको छैन ।

ङ) बाल सहभागिताका कार्यक्रमहरूमा अपाङ्गता भएका बालबालिकाहरू समेटिन सकेका छैनन । बालमैत्री स्थानीय स्थनीय स्वायत्त शासन अन्तर्गतका कार्यक्रम र गतिविधिहरूमा अपाङ्गता भएका बालबालिकाहरू समेटिन सकेका छैनन । अपाङ्गता सम्बन्धी कार्यक्रमहरू कसरी बनाउने भन्ने वारेमा सरकारसँग पर्याप्त ज्ञान र सीपको अभावमा सरकारका बालबालिका लक्षित कार्यक्रमहरूले अपाङ्गता भएका बालबालिकाहरूलाई मुल धारमा ल्याउन सकेको छैन ।

**१२.३. उद्धेश्य**

१२.३.१.अपाङ्गता भएका बालबालिकालाई अन्य बालबालिका सरह शिक्षा, स्वास्थ्य, पोषण, सहभागिता र संरक्षणको अधिकारमा समान पहुँच स्थापित गराउनु ।

१२.३.२.अपाङ्गता भएका बालबालिकाहरूकामाथि अपाङ्गताको आधारमा हुने सबै प्रकारका विभेदहरूको अन्त्य गर्नु ।

**१२.४.नीति**

१२.४.१.अपाङ्गताको प्रारम्भिक पहिचान,पुनर्स्थापना तथा अभ्यस्तता (Rehabilitation and Habilitation) सेवालाई ग्रामिण तहसम्मपुर्‍याइनेछ र वाल विकास तथा संरक्षणका सबै नीति र कार्यक्रमहरूमा अपाङ्गता भएका बालबालिकाहरूलाई प्राथमिकतामा राखिनेछ ।

१२.४.२.बालबालिकाको अपाङ्गता र यसको गम्भीरताको आधारमा सेवाहरूमा प्राथमिकता दिइनेछ र आवश्यक पर्ने उपचार तथा सल्यकृयालाई सहज, सुलभ र सकेसम्म नि:शुल्क गरिनेछ ।

१२.४.३.हरवखत अरूको सहयोग र हेरचाहको आवश्यकता पर्ने गम्भीर अपाङ्गता भएका बालबालिकाहरूका लागि आर्थिक सहयोग लगायत परिवार सहयोग कार्यक्रमहरू(Family support program) लागू गरिनेछ ।

## १२.५.रणनिति

१२.५.१.वेवारिसे अवस्थामा रहेका अपाङ्गता भएका बालबालिकाहरूलाई जिल्ला बालकल्याण समिति मार्फत विशेष संरक्षण दिइनेछ र उनीहरूको शिक्षा दिक्षा, पोषण लगायत पुनर्स्थापनाका सेवाहरू दिन विशेष पुनर्स्थापना, सहयोग तथा सशक्तिकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१२.५.३.परिवार, विद्यालय र समुदायमा अपाङ्गता भएका बालबालिकाहरूमाथि हुने विभेद अन्त्य गर्न र उनीहरूमाथि हुने हिंसा र दुर्व्यवहारलाई अन्त्य तथा निरूत्साहित गर्न सामुदायस्तरमा जनचेतना र अभिमुखिकरणमा जोड दिइनेछ साथै कानुनी कार्वाहिलाई थप प्रभावकारी बनाइनेछ।

१२.५.४.बाल संरक्षण सम्बन्धी मुलधारका कार्यक्रम र नीतिहरूमा आवश्यक सुधार र परिमार्जन गरि अपाङ्गता भएका बालबालिकाहरूका लागि थप साझा तथा लक्षित कार्यक्रमहरू लागू गरिनेछ र स्थानीय स्तरमा वालगृह,पुनर्स्थापना केन्द्रहरूको प्रवर्द्धन र सञ्चालनमा जोड दिइनेछ।

१२.५.५.बालबालिकाको क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र राष्ट्रिय स्तरका गैरसरकारी संस्था सबैका नीति र कार्यक्रमहरूमा अपाङ्गता भएका बालबालिकाहरूलाई अनिवार्य समेट्न आवश्यक पहल गरिनेछ।

१२.५.६.अपाङ्गता भएका बालबालिकाको अधिकार प्रवर्द्धनलाई व्यापक र प्रभावकारी बनाउन यस क्षेत्रमा पहिलेदेखिनै काम गरिरहेका अनुभवि गैरसरकारी संस्था लगायत अपाङ्गता भएका व्यक्तिहरूलेनै सञ्चालन गरेका संस्थाहरूको संलग्नतालाई र उनीहरूसँगको सहकार्य र समन्वयलाई थप बलियो बनाउँदै लगिनेछ।

## १२.६.अपेक्षित उपलब्धी

१२.६.१.अपाङ्गता भएका बालबालिकाहरूको शिक्षा, स्वास्थ्य, पुनर्स्थापना सेवा लगायत बालविकासका अवसरहरूमा पहुँच प्राप्त भई उनीहरूको जीवनस्तरमा अन्य बालबालिका सरह सुधार आउनेछ।

१२.६.२.राज्यबाट अपाङ्गता भएका बालबालिकाहरूले विशेष संरक्षण प्राप्त गर्नेछन जसबाट परिवार र समाजमा उनीहरूमाथि हुने भेदभाव, हिंसा र दुर्व्यवहारहरूमा कमि आउनेछ।

१२.६.३.समयमै अपाङ्गताको पहिचान हुनेछ र अपाङ्गता भएका बालबालिकाहरूले परिचयपत्र समयमै प्राप्त गर्नेछन।

१२.६.४.गम्भीर अपाङ्गता भएका बालबालिकाहरूको हेरचाह,स्वास्थ्य र पोषणमा सुधार आई सामाजिक सहभागितामा समेत वृद्धि हुनेछ।

१२.६.५.अपाङ्गताको आधारमा बालबालिकामाथि हुने विभेद, दुर्व्यवहार, उपेक्षा, परित्याग जस्ता कुराहरूमा न्युनिकरण हुनेछ र वेवारिसे अवस्थामा रहेका अपाङ्गता भएका बालबालिकाहरूले उचित संरक्षण प्राप्त गर्नेछन।

१२.६.६.अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क अध्यावधिक हुनेछ,सरकारको मुल प्रवाहका बालबालिका सम्बन्धी कार्यक्रमहरूमा अपाङ्गता भएका बालबालिकाहरू समावेश हुनेछन र उनीहरूका लागि लक्षित कार्यक्रमहरू समेत आउनेछन् ।

## १२.७.कार्ययोजना

| क्रम | कृयाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | प्रत्येक जिल्लामा सरोकारवालाहरूका लागि अपाङ्गता पहिचान तथा बाल अपाङ्गता व्यवस्थापन सम्बन्धी प्राविधिक तालिमहरू सञ्चालन गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय र महिला तथा बालबालिका कार्यालयहरू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | | २०७३ सालदेखि निरन्तर | सञ्चालित तालिमहरूको संख्या र तालिमबाट लाभान्वित सरोकारवालाहरूको संख्या |
| २ | अपाङ्गता भएका बालबालिका लक्षित अपाङ्गता परिचयपत्र वितरण शिविरहरू सञ्चालन गर्ने । | महिला तथा बालबालिका कार्यालय, परिचयपत्र वितरण समिति । | स्थानीय स्तरमा अपाङ्गता क्षेत्रमा काम गर्ने गैर सरकारी निकाय र अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू | निरन्तर कार्यक्रम | परिचयपत्र प्राप्त गर्ने अपाङ्गता भएका बालबालिकाको विस्तृत तथ्याङ्क |
| ३ | गम्भीर अपाङ्गता भएका बालबालिकाको पोषण, हेरचाह र दैनिक स्याहारको लागि अभिभावकलाई प्रत्यक्ष आर्थिक सहयोगको र हेरचाह सम्बन्धी तालिमको व्यवस्था गर्ने | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय । | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अपाङ्गता सम्बन्धी प्राविधिक तालिम सञ्चालन गरिरहेका संस्था तथा स्रोत केन्द्रहरू, अपाङ्गताको सवालमा काम गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू | २०७३ सालबाट निरन्तर गर्ने | सञ्चालित तालिमहरूको संख्या र लाभान्वित परिवारहरू । |
| ४ | गम्भीर अपाङ्गता भएका बालबालिकाहरूको लागि मासिक भत्तामा वृद्धि गर्ने | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | | २०७३ सालबाट निरन्तर | भत्तामा भएको वृद्धि, वितरण प्रकृया र लाभान्वितहरूको संख्या । |
| ५ | वेवारिसे अवस्थामा रहेका अपाङ्गता भएका बालबालिकाको संरक्षण, हेरचाह, शिक्षा दिक्षा र पुनर्स्थापनाको लागि कम्तिमा प्रत्येक प्रदेशमा | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति | | २०७८ साल सम्ममा सम्पन्न गरिसक्ने | स्थापित पुनर्स्थापना तथा शसक्तिकरण केन्द्र र सेवा प्राप्त गरिरहेका अपाङ्गता भएका बालबालिकाहरूको संख्या । |

| | | | | | |
|---|---|---|---|---|---|
| | एउटा पुनर्स्थापना र शसक्तिकरण केन्द्र खोल्ने र सेवा दिने । | | | | |
| ६ | हाल सञ्चालनमा रहेका बालबालिका सम्बन्धी सेवा केन्द्रहरूलाई अपाङ्गता मैत्री बनाउने, नेपाल बाल संगठनको क्षमता विकास गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | | २०७५ साल सम्ममा सम्पन्न गरिसक्ने | बालबालिका सम्बन्धी सेवाकेन्द्रहरूलाई अपाङ्गतामैत्री बनाउन सञ्चालन गरिएका कार्यक्रमहरू र सेवाकेन्द्रबाट सेवा लिइरहेका अपाङ्गता भएका बालबालिकाको संख्या । |
| ७ | बालमैत्री स्थानीय स्वायत्त शासन अन्तर्गतका सबै कार्यक्रमहरूमा अपाङ्गता भएका बालबालिकाको सहभागिता अभिवृद्धि गर्ने र अपाङ्गता भएका बालबालिका लक्षित कार्यक्रमहरू समेत सञ्चालन गर्ने । | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | | २०७३ सालबाट निरन्तर | कार्यक्रमहरूबाट लभान्वित हुने अपाङ्गता भएका बालबालिकाहरूको संख्या । |
| ८ | परिवार र समुदायस्तरमा अपाङ्गता भएका बालबालिका विरूद्ध हुने भेदभावजन्य कृयाकलापहरूको विरूद्धमा जनचेतना जगाउन र उपलब्ध कानुनी सेवाको बारेमा जानकारी  गराउन विभिन्न चेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने । | शिक्षा विभाग, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय । | राष्ट्रिय अपाङ्ग महासंघऽ अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रि गैर सरकारी निकायहरू | २०७३ सालबाट निरन्तर गर्ने | सञ्चालित चेतनामुलक कार्यक्रमहरू र लाभान्वित अपाङ्गता भएका बालबालिका र समुदायस्तरका व्यक्तिहरूको संख्या |
| ९ | आफ्ना कार्यक्रमहरूमा अपाङ्गता भएका बालबालिकाहरूलाई समेट्न बाल संरक्षण वा बालअधिकारमा काम गर्ने सबै अन्तर्राष्ट्रिय र राष्ट्रिय गैर सरकारी निकायहरूसँग अन्तरकृया, छलफल र वहसहरू सञ्चालन गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | | २०७४ सासम्ममा सम्पन्न गर्ने | सञ्चालति छलफल र अन्तरकृया कार्यक्रमहरू र गरिएका प्रतिवद्धता, सहमति र निर्णयहरू । |
| १० | वेवारिसे अवस्थामा रहेका, कठिन परिस्थितिमा रहेका र दुर्व्यवहारमा परेका अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क राख्ने र त्यस्ता बालबालिकाहरूलाई उचित संरक्षण दिने | केन्द्रीय बालकल्याण समिति र जील्ला बालकल्याण समितिहरू | महिला तथा बालबालिका कार्यालय र स्थानीय स्तरमा अपाङ्गता क्षेत्रमा काम गरिरहेका संघ संस्थाहरू | २०७४ साल सम्ममा सम्पन्न गरिसक्ने | स्थापित तथ्याङ्क राख्ने प्रणाली, राखिएका तथ्याङक र सूचना । |

## १३: जनचेतना तथा पैरवी

### १३.१.वर्तमान अवस्था

क) आम जनमानस, सरोकारवालार स्वयम अपाङ्गता भएका व्यक्तिहरूको विचमा  अपाङ्गता विषयमा जनचेतनाको स्तर विगत एक दशक यता निकै सकारात्मक रूपमादेखिएकोछ । अपाङ्गता भएका व्यक्तिहरूलाई सम्बोधन गर्ने शब्दावलीहरूको प्रयोगमा सुधार भएको छ भने सरकारी तथा गैर सरकारी निकायहरूले निर्माण गर्ने दस्तावेजहरूमा शभ्य शब्दावलीहरूको प्रयोग वढेकोछ ।अपाङता भएका व्यक्तिहरूको सम्मानमा ठेस पुग्नेखालका शब्दहरूको प्रयोग क्रमश: हटाउँदै लगिएको छ ।

ख) शिक्षित समुदायभित्र अपाङ्गतालाई समाजिक सवालको रूपमा व्याख्या गर्ने र अपाङ्गता भएका व्यक्तिका आवश्यकताहरूलाई अधिकारको रूपमा वुझ्ने परिपाटीको पनि विस्तारै विकास हुँदै गएको छ । खास गरेर सहरी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरू विभिन्न क्षेत्रमा अन्य सरह सकृय भई योगदान गरेका उदाहरणहरूले अपाङ्गता भएका व्यक्तिहरू पनि अन्य सरह समान रूपमा सक्षम छन भन्ने वारेमा विस्तारै ज्ञान बढ्दै गएको छ ।

ग) अपाङ्गता भनेको कसैको व्यक्तिगत समस्या होइन र यो विभेद र विभिन्न अवरोधहरूको कारणले सृजना हुन्छ र अवरोधहरू हटाएको खण्डमा अपाङ्गताको अवस्थालाई न्यूनिकरण गर्न र अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य सरह समाजमा समान रूपमा सकृय गराउन सकिन्छ भन्ने वारेमा पनि विस्तारै चेतनामा विकास भएको छ ।

घ) दश वर्ष यता अपाङ्गता मैत्री भौतिक संरचना, सञ्चार सेवाहरू, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धि महासन्धी, अपाङ्गता भएका व्यक्तिहरूले पाउने गरेका सेवा सुविधाहरू, अपाङ्गता सम्बन्धि कानुनहरू आदिको वारेमा सर्वसाधारणमा जानकारी वढेको छ । सञ्चारमाध्यमहरूबाट पनि अपाङ्गता भएका व्यक्तिका समस्याहरूका वारेमा वहस र छलफलहरूमा वृद्धि भएको छ।अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि काम गर्न स्वयम अपाङ्गता भएका व्यक्तिहरू नै संगठित भएर काम गर्ने परिपाटीमा विकास भएको छ भने राज्य र समाजले पनि उनीहरूका संगठित माग र आवाजहरूलाई नै महत्व दिन थालेको छ ।

ङ) अपाङ्गता सम्बन्धि समुदायमा जनचेतनाको विकास गर्न नेपाल सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले आफै प्रत्यक्ष रूपमा क्षेत्रीय स्तरका गोष्ठीहरू, रेडीयो तथा टेलीभिजनबाट अपाङ्गता सम्बन्धि चेतनामुलक कार्यक्रम, अपाङ्गता विषयमा वनेकाऐन नियम र सेवा सुविधाहरू सम्बन्धि जानकारी पुस्तिका प्रकाशन, सी.बी.आर. अनुशिक्षण मार्फत सरकारी निकायका कर्मचारीहरूलाई अपाङ्गता विषयमाअभिमुखिकरण जस्ता कामहरू गर्दै आएको छ भने सीवीआर कार्यक्रमहरू मार्फत पनि जिल्लामा हरेक वर्ष केहि जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यस वाहेक मन्त्रालयले विभिन्न निकायहरूलाई प्रदान गर्ने अनुदानहरूमार्फत राष्ट्रिय अपाङ्ग महासंघ लगायत विभिन्न गैर सरकारी संस्थाहरू मार्फत अपाङ्गता, अपाङ्गता सम्बन्धि ऐन कानुन, अपाङ्गता अधिकार सम्बन्धी महासन्धि, अवरोधमुक्त वातावरण, अपाङ्गताको परिभाषा तथा वर्गीकरण, अपाङ्गता सम्बन्धी सहि शब्दावलीहरू लगायतका विषयमा चेतनामुलक कामहरू भैरहेका छन । यसैगरि

विभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरूको सहयोगमा पनि विभिन्न गैर सरकारी संघ संस्था मार्फत यस्ता चेतनामुलक कामहरू भैरहेका छन् ।

**१३.२.मुद्दा तथा समस्या**

क) अपाङ्गता सम्बन्धी जनचेतनाको स्तर अभिवृद्धिमा सबैतिरबाट केहि राम्रा प्रयासहरू भैरहेको भएतापनि यस्ता प्रयासहरूले समुदायको उल्लेख्य संख्यालाई समेट्न सकेको छैन । खास गरेर दुर्गम र ग्रामिण क्षेत्रमा यस्ता जनचेतनाका लहरहरू पुग्न सकेका छैनन् । अशिक्षा र गरिवीको कारण पनि जनचेतनाका कार्यक्रमहरू लक्षित समुहमा प्रभावकारी हुन सकेका छैनन् । ग्रामिण समाजमा अझै पनि अपाङ्गतालाई पूर्वजन्मको पापसँग जोडेर व्याख्या गर्ने, अपसकुन मान्ने र परिवारको बोझको रूपमा लिने चलनहरू ज्यूँ का त्युँ छन् । अपाङ्गता भएका व्यक्तिहरूले अन्य सरह सकृय भई योगदान गरेका सयौँ उदाहरणहरू समाजमा हुँदा हुँदै पनि यस्ता कुराहरूलाई समुदायसम्म पुऱ्याउन नसक्दा अझै पनि अपाङ्गता र अपाङ्गता भएका व्यक्तिलाई कमजोरी र असक्षमताको रूपमा नै हेर्ने चलन छ ।

ख) ग्रामिण इलाकामा अझै पनि अपाङ्गता भएका व्यक्तिका अधिकार, राज्यबाट पाएका सेवा सुवधिहरू आदिको वारेमा जानकारीहरू पुग्न नसक्दा धेरै अपाङ्गता भएका व्यक्तिहरूले आफ्ना पाएका अधिकारहरू पनि लिन सकेका छैनन् ।अधिकांश राज्यका सेवा प्रदायका निकायमा वसेर सेवा दिइरहेका व्यक्तिहरूमा पनि अपाङ्गता लगायत यस सँग सम्बन्धित ऐन, कानुन, सेवा सुविधा आदिका विषयमा सहि र पर्याप्त जानकारी छैन । कतिपय सरोकारवालाहरू अपाङ्गता वा अपाङ्गता भएका व्यक्तिहरूलाई सम्बोधन गर्न सकारात्मक हुँदाहुँदै पनि यसरी सम्बोधन गर्दा के के कुरामा ध्यान दिनुपर्छ भन्ने विषयमा जानकारी नहुँदा काम गर्न नसकिरहेको अवस्था छ ।

ग) ग्रामिण तहमा अपाङ्गताका कारण र रोकथामका उपायहरू र पुनर्स्थापना सेवाको वारेमा अझै धेरै जानकारीको अभाव रहेको छ । सरकारी निकायहरूमा अपाङ्गता विषयका विज्ञ व्यक्तिहरूको अभावमा कर्मचारी, योजनाकार र नीतिनिर्माताहरूमा अझैपनि अपाङ्गता भित्रको विविधता, यसको प्राविधिक र वातावरणीय पक्ष, चुनौति र अवसरहरू, यस भित्रका जटिलताहरू, सम्भावना र क्षमताहरू आदिको वारेमा पर्याप्त ज्ञानको अभाव रहेको छ जसको कारण सरकारी तहबाट अपाङ्गताका सवालमा वन्ने योजना र कार्यक्रमहरू त्यति प्रभावकारी हुन सकेका छैनन् ।

**१३.३.उद्धेश्य**

१३.३.१.अपाङ्गतार अपाङ्गता भएका व्यक्तिहरूप्रति समुदाय, व्यक्ति र सरोकारवालाहरू र स्वयम अपाङ्गता भएका व्यक्तिहरूको सोच र व्यवहारमा सकारात्म परिवर्तन ल्याइ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धनमा उनीहरूको संलग्नता र सहयोगमा अभिवृद्धि गर्ने ।

**१३.४.नीति**

१३.४.१.समाजमा अपाङ्गता र अपाङ्गता भएका व्यक्तिहरूको वारेमा सकारात्मक धारणाको विकास गराउन गाउँ स्तरसम्म चेतनाको स्तर वृद्धि गरिनेछ ।

[illegible]

१३.४.२.जनचेतना अभियानलाई प्रभावकारी बनाउन अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका संस्थाहरूको भूमिका र संलग्नतालाई प्रभावकारी बनाईनेछ ।

१३.४.३.जनचेतनाका लागि स्थानीय सञ्चार माध्यम, सूचना प्रविधि र राष्ट्रिय सञ्चार माध्यमहरूको प्रभावकारी परिचालनमा जोड दिइनेछ ।

## १३.५.रणनीतिहरू

१३.५.१.शैक्षिक कार्यक्रम, गतिविधि र पाठ्यपुस्तकहरूमा अपाङ्गता सम्बन्धी जनचेतनामुलक सामग्रीहरू समावेश गर्ने ।

१३.५.२.सञ्चार माध्यमहरूबाट अपाङ्गता सम्बन्धि जनचेतनामुलक सामग्रीहरू सम्प्रेण गर्न प्रोत्साहित गरिने र अपाङ्गता सम्बन्धी जनचेतना अभियानको लागि सञ्चारमाध्यसँग साझेदारी र सहकार्य बढाइनेछ ।

१३.५.३.विभिन्न जनचेतनामुलक अभियान र कार्यक्रमहरू सञ्चालन गर्न गैर सरकारी निकाय र नागरिक समाजसँग साझेदारी गर्ने ।

## १३.६.अपेक्षित उपलब्धी

१३.६.१.सरकारी कर्मचारी, राजनैतिक कार्यकर्ता, नेता लगायत समाजका विभिन्न सरोकारवालानिकायहरूमा अपाङ्गता सम्बन्धी जनचेतनाको स्तरमा वृद्धि हुनेछर अपाङ्गता भएका व्यक्तिहरूले राज्यबाट पाउने सेवा र व्यवहारमा सुधार हुनेछ ।

१३.६.२.नागरिक समाज, समुदायर परिवारको तहमा अपाङ्गता भएका व्यक्तिहरूलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन आउनेछ जसले गर्दा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धनमा नागरिक समाज, समुदाय र परिवारको सहयोग वढ्नेछ ।

## १३.७.कार्ययोजना

| क्रम | कृयाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यान्वियन अवधि | अनूगमन सूचक |
|---|---|---|---|---|---|
| १ | विद्यार्थी केन्द्रित अपाङ्गता सम्बन्धी जनचेतना कार्यक्रमहरू सञ्चालन गर्ने र समुदायमा हुने अपाङ्गता सम्बन्धी जनचेतनामुलक कार्यक्रमहरूमा विद्यार्थीहरूलाई सहभागी गराउने । | शिक्षा विभाग, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | बालबालिका र शिक्षाको क्षेत्रमा काम गर्ने विभिन्न गैर सरकारी निकायहरू, अपाङ्गता क्षेत्रमा काम गर्ने गैर सरकारी निकायहरू, विद्यालयहरू, जिल्ला शिक्षा कार्यालय आदि | २०७३ सालबाट निरन्तर | सञ्चालित कार्यक्रमहरूको संख्या र लाभान्वित व्यक्तिहरूको संख्या |
| २ | विद्यालय र विद्यार्थी मार्फत समुदायमा अपाङ्गता सम्बन्धि जनचेतनामुलक कार्यक्रम | शिक्षा विभाग, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | बालबालिका र शिक्षाको क्षेत्रमा काम गर्ने विभिन्न गैर सरकारी निकायहरू, | २०७३ सालबाट निरन्तर | सञ्चालित कार्यक्रमहरू र सहभागी विद्यार्थीहरूको |

| | | | | | |
|---|---|---|---|---|---|
| | सञ्चालन गर्ने | | अपाङ्गता क्षेत्रमा काम गर्ने गैर सरकारी निकायहरू, विद्यालयहरू, जिल्ला शिक्षा कार्यालय आदि | | संख्या |
| | अपाङ्गता सम्बन्धि जनचेतना जगाउने चलचित्र, टेली सृङ्खला, डकुमेन्ट्रि र चित्रकला, नाटकहरूको निर्माणमा सहयोग र प्रोत्साहन गर्ने | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय | नेपाल चलचित्र बोर्ड, चलचित्र कलाकार संघ, अपाङ्गता क्षेत्रमा काम गर्ने गैर सरकारी निकायहरू आदि । | २०७३ सालबाट निरन्तर | प्रोत्साहनका कार्यक्रमहरू |
| | नगर तथा गाउँ पालिका केन्द्रित अपाङ्गता सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने गराउने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, महिला तथा बालबालिका कार्यालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र यसका स्थानीय निकायहरू । | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, स्थानीय स्तरका अपाङ्गता क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू । | २०७३ सालबाट निरन्तर | सञ्चालित कार्यक्रमहरूको प्रकार, संख्या र लाभान्वित व्यक्तिहरूको प्रकार र संख्या |
| | आम सञ्चार माध्यमहरू मार्फत अपाङ्गता सम्बन्धी सचेतनामुलक सन्देशर कार्यक्रमहरू प्रशारण गर्ने | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय | | २०७३ सालबाट निरन्तर | आम सञ्चारका माध्यमहरूबाट प्रशारित र प्रकाशित सन्देशमुलक जानकारीहरूका प्रकार, गुणस्तर र संख्या |
| | अपाङ्गता सम्बन्धी जानकारीमुलक उत्कृष्ट पुस्तक, लेख र रचनाहरूलाई प्रोत्साहन र पुरस्कृत गर्ने । | विभिन्न सरोकारवाला मन्त्रालय तथा निकायहरू, पुरस्कार सम्बन्धी गुठीहरू आदि । | | २०७३ सालबाट निरन्तर | उत्पादित तथा पुरस्कृत लेख रचना र पुस्तकहरू |
| | नेपालका कानुन तथा नीतिहरूमा अपाङ्गताको सवालमा भएका व्यवस्थाहरूको बारेमा जनमानसमा जनचेतना बढाउन र क्षमता विकास गर्न पहुँचयुक्त ढाँचामा कार्यक्रमहरू सञ्चालन गर्ने | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय र विभागहरू अन्य विषयगत मन्त्रालयहरू | सरकारका स्थानीय निकायहरू, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अपाङ्गता भएका व्यक्तिका संस्थाहरू र सम्बन्धित अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी निकायहरू । | २०७३ सालदेखि निरन्तर | निर्माण गरिएका प्रकाशन तथा प्रशारण सामग्री । वितरण गरिएको अभिलेख । सम्पन्न गरिएका अभिमुखीकरण, तालिम, गोष्ठी र अन्तरकृयाहरू र यसबाट लाभान्नवित व्यक्ति तथा निकायहरूको संख्या । |

## १४: शसक्तिकरण

### १४.१.वर्तमान अवस्था

क) जीवनका विभिन्न पक्षहरूमा अन्य व्यक्तिसरह अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समान आधारमा सहभागी गराउन र उत्पादनशील र सकृय जीवन ज्यून सक्षम बनाउन उनीहरूको शसक्तिकरण गर्नु जरूरी हुन्छ । व्यक्तित्व विकास, नेतृत्व विकास देखि लिएर राजनैतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक गतिविधिहरूमा समान रूपमा भाग लिन सक्षम बनाउन तथा अपाङ्गताको आधारमा हुने विभेदको विरूद्धमा स्वयम लड्न सक्षम तुल्याउन अपाङ्गता भएका व्यक्तिहरूको शसक्तिकरणका लागि विशेष नीति तथा कार्यक्रमहरू बनाउन आवश्यक छ ।

ख) यसै सन्दर्भमा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्ना अधिकारको वारेमा जानकार बनाउने र राज्यले उनीहरूका लागि उपलब्ध गराएका सेवा सुविधाहरूको वारेमा सूसूचित भई स्थानीय स्तरमा आफ्ना अधिकारहरू दावी गर्न सक्षम तुल्याउन अपाङ्गता सम्बन्धी कानुनी व्यवस्था र सेवा सुविधा सम्बन्धी विभिन्न प्रकाशन सामग्रीहरू प्रकाशन गरि वितरण गर्दै आएको छ ।

ग) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासंधिको वारेमा अपाङ्गता भएका व्यक्तिहरूले जानकारी हासिल गराउन राष्ट्रिय अपाङ्ग महासंघ मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ भने टेलीभिजन र रेडियो कार्यक्रम मार्फत विभिन्न सूचनाहरू निरन्तर प्रवाह गरिरहेको छ । यसैगरि मन्त्रालयले समय समयमा अपाङ्गता भएका व्यक्तिहरूका लागि लोक सेवा आयोगमा प्रतिश्पर्धा गर्न सहज होस भनि लोकसेवा आयोग तयारी कक्षा पनि सञ्चालन गर्दै आएको छ ।

घ) यस बाहेक राष्ट्रिय अपाङ्ग महासंघ लगाएतका गैर सरकारि निकायहरू मार्फत विभिन्न दातृ निकायहरूको सहयोगमा अपाङ्गता भएका व्यक्तिहरूको नेतृत्व विकास, व्यक्तित्व विकास, राजनैतिक अधिकार, मानवअधिकार जस्ता विषयहरूमा पनि विभिन्न क्षमता विकास सम्बन्धि कार्यक्रमहरू सञ्चालन भैरहेका छन् ।

### १४.२.मुद्दा तथा समस्या

क) अपाङ्गता भएका व्यक्तिहरूका जीवनमा प्रभाव पार्ने निर्णय प्रकृयाहरूमा अझै पनि अपाङ्गता भएका व्यक्तिहरू वा तिनका प्रतिनिधिहरूको पर्याप्त पहुँच पुग्न सकेको छैन । परिवार देखि समाज हुँदै राज्यस्तरसम्म गरिने नीति निर्माण र निर्णय निर्माणका विभिन्न तह र प्रकृयाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सकृय र अर्थपूर्ण सहभागिता संस्थागत हुन सकेको छैन । यसकाल लागि अपाङ्गता भएका व्यक्ति र उनीहरूका अभिभावकहरूको निर्णय तथा नेतृत्व क्षमतामा वृद्धि गर्नु जरूरी छ ।

ख) राज्यले दिएका सेवा सुविधा र अधिकारहरूको प्रयोगको लागि व्यक्तिसँग यसको वारेमा पर्याप्त सूचनाहरू र यस्ता अधिकारहरू कसरी प्रयोग गर्ने भन्ने वारेमा पर्याप्त ज्ञान हुनु जरूरी छ । यसैगरि समाजमा अपाङ्गताको आधारमा विभिन्न प्रकारका विभेदहरू व्याप्त छन जसको विरूद्धमा कानुनी र सामाजिक लडाइँ लड्न अपाङ्गता भएका व्यक्तिहरू स्वयम सक्षम नभएका कारण पनि समाजमा विभेद कम हुन सकेको छैन ।

ग) अपाङ्गता भएका व्यक्तिहरूले अन्य सरह सबै राजनैतिक तथा आर्थिक अधिकारहरू समान रूपमा उपयोग गर्न पाउनु पर्छ तर यसको लागि अझै पनि अपाङ्गता भएका व्यक्तिहरूमा अन्य सरह क्षमताको विकास हुन सकेको छैन । अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धनको लागि स्वयम अपाङ्गता भएका व्यक्ति र उनीहरुका समुह वा संस्थाहरूमात्र सक्षम भएर हुँदैन । अभिभावक, परिवार , समुदाय र राज्यका स्थानीय निकायहरू पनि त्यतिकै सक्षम हुनु आवश्यक छ ।हाम्रो देशमा समुदाय, परिवार र स्थानीय सरोकारवाला निकायहरूलाई अपाङ्गता भएका व्यक्तिका अधिकारका पक्षमा काम गर्न सक्षम बनाउन अझै धेरै गर्नुपर्ने बाँकी छ ।

घ) अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा अन्य सरह मानवअधिकार, सेवा सुविधा र अवसरहरूमा समान पहुँच स्थापित हुन रोकावट पैदा गर्ने विभिन्न अवरोधहरू छन् जसमा भौतिक अवरोधहरू, दृष्टिकोणजन्य अवरोधहरू, संस्थागत अवरोधहरू र सञ्चार सँग सम्बन्धित अवरोधहरू मुख्य रूपमा रहेका छन् । यिनिहरूको अन्त्य नभएसम्म अपाङ्गता भएका व्यक्तिहरूको समान रूपमा सशक्तिकरण गर्न सम्भव छैन ।

ङ) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धनका लागि पर्याप्त कानुनी र नीतिगत आधारहरू स्थापित हुन सकेका छैनन् भने भएका कानुनहरूको पनि पर्याप्त रूमा कार्यान्वयन हुन सकेको छैन । यसकोलागि राज्यका विभिन्न निकायहरूको पनि क्षमता विकास गर्नु त्यतिकै जरूरी छ ।

## १४.३.उद्धेश्य

१४.३.१.अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकासर शसक्तिकरण गरि निर्णय प्रकृया, नेतृत्व लगायत समाज र राष्ट्रका विकासका प्रकृयाहरूमा उनीहरूको सहभागिता र योगदानलाई प्रवर्द्धन गर्ने।

## १४.४.नीति

१४.४.१.व्यक्तित्व विकास, सामाजिक शसक्तिकरण, शिक्षा, तालिम, नेतृत्व विकास, सहभागिता, प्रतिनिधित्व, सिकाइ आदानप्रदान, आर्थिक उपार्जन जस्ता मानिसको क्षमता विकासमा सहयोग पुर्‍याउने अवसरहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकतामा राख्ने ।

१४.४.२.सबैको लागि पहुँचयुक्त र अवरोधमुक्त वातावरण निर्माणमा विशेष जोड दिने ।

१४.४.३.सूचनामा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा वृद्धि गर्ने ।

## १४.५.रणनीतिहरू

१४.५.१.क्षमता विकास सम्बन्धी तालिम र अवसरहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता गराउने ।

१४.५.२.अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका संस्थाहरूको क्षमता विकासको लागि लक्षित कार्यक्रमहरूमा जोड दिने ।

१४.५.३.सार्वजनिक सूचना प्रवाह तथा सञ्चारमा पहुँचयुक्त ढाँचालाई प्रवर्द्धन गर्ने ।

१४.५.४.अपाङ्गता भएका व्यक्तिहरूको अधिकार रक्षा र प्रवर्द्धनको लागि काम गर्न राज्यका निकायहरूको क्षमता विकासमा जोड दिने ।

१४.५.५.पहुँचयुक्त सडक, सार्वजनिक संरचना र यातायात सेवालाई विशेष प्रवर्द्धन गर्ने ।

१४.५.६.मानवअधिकार शिक्षा लगायत कानुनी शिक्षामा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितामा जोड दिने

## १४.६.अपेक्षित उपलब्धी

१४.६.१.निर्णय प्रकृया, नीति निर्माण, राजनैतिक नेतृत्व लगायत समाजक विभिन्न तह र क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता बढ्नेछ ।

१४.६.२.सार्वजनिक जीवनमा अपाङ्गता भएका व्यक्तिहरूको समान सहभागितामा वृद्धि भई समाजमा अन्य सरह योगदान गर्न सक्षम हुनेछन

१४.६.३.आफ्ना अधिकार, कानुनी सेवा, मानवअधिकार र राज्यले दिएका सेवा सुविधा र अवसरहरूको वारेमा अपाङ्गता भएका व्यक्तिहरूमा पर्याप्त जानकारी हुनेछ ।

१४.६.४.राज्यका निकायहरू अपाङ्गता भएका व्यक्तिका आधारभूत अधिकारहरूलाई सम्बोधन गर्न सक्षम हुनेछन् ।

## १४.७.कार्ययोजना

| क्रम | कृयाकलपाहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यान्वियन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | स्थानीय स्तर देखि केन्द्रीय स्तर सम्म विभिन्न निकायमा हुने समावेशी निर्णय प्रकृयाहरूमा अपाङ्गता भएका व्यक्ति तथा तिनका प्रतिनिधिहरूको प्रतिनिधित्व सुनिश्चित गर्न नीति नियम, निर्देशिका र कार्यविधिहरूमा सुधार वा पुनरावलोकन गर्ने । | कानुन तथा न्याय मन्त्रालय, विभिन्न विषयगत मन्त्रालय र स्थानीय निकायहरू । | | २०७५ सम्ममा सम्पन्न गरिसक्ने | समावेशी प्रकृतिका निर्णय प्रकृयाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व सुनिश्चित हुनेगरि निर्धारण गरिएका कानुन, नीति, कार्यविधि, निर्देशन र प्रकृयाहरू । |
| २ | लोकसेवा आयोग पास गरेका नयाँ कर्मचारी, पुराना कर्मचारी, शिक्षक लगायत सरकारी सेवामा रहेका सबै कर्मचारीहरूलाई दिइने पेशासँग सम्बन्धित तालिमहरूमा अपाङ्गता सम्बन्धि आधारभूत तालिम | सामान्य प्रशासन मन्त्रालय, शैक्षिक जनशक्ति तालिम केन्द्र | | २०७३ सालबाट निरन्तर | सञ्चालित तालिमहरू र लाभान्तवित कर्मचारीहरूको संख्या |

| | | | | | |
|---|---|---|---|---|---|
| | अनिवार्य रूपमा समावेश गर्ने । | | | | |
| ३ | अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेका संस्थाहरूको संस्थागत क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | अपाङ्गता क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रि गैर सरकारी निकायहरू, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल | २०७३ सालदेखि निरन्तर | संचालित विभिन्न क्षमता विकासका कार्यक्रमहरुको संख्या |
| ४ | अपाङ्गता भएका व्यक्तिहरूको नेतृत्व क्षमता विकासको लागि तालिमहरू सञ्चालन गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | अपाङ्गता क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रि गैर सरकारी निकायहरू, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल | २०७३ सालदेखि निरन्तर | सञ्चालित विभिन्न तालिमहरूको संख्या र तालिमबाट लाभान्वित संस्थाहरू |

दोस्रो मस्यौदा

## १५: खेलकुद, मनोरञ्जन तथा फुर्सद

### १५.१.वर्तमान अवस्था

क) अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी २००६ को धारा ३० को उपधारा ५ ले पक्षराष्ट्रहरूले अन्य सरह अपाङ्गता भएका व्यक्तिहरूलाई पनि मनोरञ्जनात्मक गतिविधि र खेलकुदमा सहभागी गराउनको लागि विभिन्न आवश्यक उपायहरू अवलम्बन गर्नु पर्ने प्रावधान उल्लेख गरेको छ । जस अन्तर्गत मुलप्रवाहका खेलकुद कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई सहभागी गराउने, अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष खेलकुद आयोजना गर्ने र यसको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने, खेलकुद मनोरञ्जन र पर्यटकीय स्थलहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्ने, विद्यालय प्रणालीभित्र अन्य वालबालिका सरह अपाङ्गता भएका बालबालिकाहरूलाई पनि विभिन्न खेलकुद तथा मनोरञ्जनकका कृयाकलापहरूमा सहभागी गराउने जस्ता मुख्य प्रावधानहरू राखिएका छन् ।

ख) नेपालको खेलकुद विकास ऐन २०४८ मा अपाङ्गता भएका व्यक्तिहरूका लागि विभिन्न प्रतियोगिता र तालिम सञ्चालन गरि खेलकुदको विकास गर्ने र त्यस्ता खेलकुदहरूको महत्वको वारेमा प्रचार प्रसार गर्ने भनि व्यवस्था गरिएको छ । यसैगरि खेलकुद विकास नियम २०४९ मा अपाङ्गता भएका र सुस्त मनस्थिति भएकाहरूका लागि विशेष खेलहरूको आयोजना गर्ने भनिएको छ । राष्ट्रिय खेलकुद नीतिमा पनि अपाङ्गता भएका व्यक्तिहरूलाई खेलकुदमा सहभागिता गराउन केहि प्रावधानहरू समावेश गरिएका छन् ।

**ग)** राष्ट्रिय खेलकुद परिषदले अपाङ्गता भएका व्यक्तिहरूका लागि खेलकुदको विकास गर्न र उनीहरूलाई खेलकुदमा सहभागी गराउनको लागि यस सँग सम्बन्धित संघ संस्थाहरूलाई केहि अनुदान दिई गैर सकारी संस्था मार्फत विशेष खेलकुदहरूको आयोजना गर्दै आएको छ । विशेष खेलकुद समितिमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व रहेको छ ।

**घ)** नेपालमा गैर सरकारी क्षेत्रले अपाङ्गता भएका व्यक्तिहरूको खेलकुदको विकासको लागि केहि राम्रा र सफल प्रयासहरू गर्दै आएको छ । नेपालमा दृष्टिविहीनहरूले खेल्ले क्रिकेट, ह्वीलचियर वास्केटवल, ह्वीलचियर दौड, वोसिया खेललाई गैर सरकारी क्षेत्रले निकै राम्रोसँग स्थापित गरिसकेको छ र कतिपय अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली अपाङ्गता भएका खेलाडीहरूले भाग लिई उत्कृष्ट प्रदर्शन गर्दै र पहिलो दोस्रो उपाधिहरू समेत हासिल गर्न सफल भएका छन् ।

### १५.२.मुद्दा तथा समस्या

क) हाम्रो समाज र समुदायमा अपाङ्गतालाई असक्षमतासँग जोडेर हेर्ने र व्याख्या गर्ने गरिएको हुनाले अपाङ्गता भएका व्यक्तिहरूले खेल खेल्न सक्दैनन् वा उनीहरू खेलकुदका लागि योग्य छैनन् भन्ने जस्ता धारणाहरूले जरा गाडेको छ ।

ख) राष्ट्रिय खेलकुद परिषद अन्तर्गत विशेष खेलकुद समिति गठन भएको भएतापनि बजेट ठोस कार्यक्रमहरूको अभावमा उक्त समितिले अपाङ्गता भएका व्यक्तिहरूको खेलकुदको विकासमा कुनै उल्लेख्य काम गर्न सकेको छैन ।

ग) राज्यले पनि अपाङ्गता भएका व्यक्तिहरुको खेलकुदको विकासका लागि भनेर केहि फुटकर कामहरू बाहेक योजनाबद्ध रूपमा कुनै ठोस कार्यक्रमहरू ल्याउन सकेको छैन । गैर सरकारी क्षेत्रबाट केहि राम्रा प्रयासहरू भैरहेको भएतापनि त्यसको व्यावसायिक विकास, प्रचारप्रसार र तालिम तथा प्रशिक्षणको लागि सरकारको तर्फबाट पर्याप्त सहयोग प्राप्त हुन सकेको छैन । जसको फलस्वरूप यि राम्रा प्रयासहरू जिल्ला वा गाउँस्तरसम्म पुग्न सकेका छैनन् ।

घ) अपाङ्गता क्षेत्रमा काम गरिरहेका अन्तर्राष्ट्रिय निकायहरूले पनि अपाङ्गता भएका व्यक्तिहरूको खेलकुदको विकासमा पर्याप्त चासो देखाइरहेको अवस्था छैन ।

ङ) नेपाल सांस्कृतिक, धार्मिक र पर्यटकीय दृष्टिकोणबाट असाध्यै संभावना भएको देश भएतापनि सांस्कृतिक, धार्मिक र पर्यटकीय स्थलहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त छैनन । यसले एकातिर अपाङ्गता भएका व्यक्तिहरूको यस्ता स्थलहरूसम्मको पहुँचलाई सिमित गरिरहेको छ भने अर्कोतिर विदेशबाट नेपाल हेर्न आउने अपाङ्गता भएका व्यक्तिहरूलाई समेत अवरोधहरू सृजना गरिरहेको छ । यसबाट पर्यटकीय क्षेत्रले आफ्ना ग्राहकहरू त गुमाएको छ नै साथ साथै नागरिकहरूको सांस्कृतिक अधिकारलाई समेत कुण्ठित गरेको छ ।

**१५.३.उद्धेश्य**

१५.३.१.अपाङ्गता भएका व्यक्तिहरूको खेलकुद, सांस्कृतिक र मनोरञ्जनात्मक गतिविधिहरूमा पहुँच अभिवृद्धि गर्दै उनीहरूको क्षमता, प्रतिभा लगायत सामाजिकिकरण र सार्वजनिक सहभागितालाई प्रवर्द्धन गर्नु ।

**१५.४.नीति**

१५.४.१.अपाङ्गता भएका व्यक्तिहरूलागि विशेष खेलकुदको विकास र प्रवर्द्धन गर्न सरकारी लगानीमा अभिवृद्धि गरिनेछ र साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्य बढाइनेछ ।

१५.४.२.खेलकुद सम्बन्धि योजना निर्माण र निर्णय प्रकृयाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता र प्रतिनिधित्व बढाइनेछ र यसको लागि अपाङ्गता भएका व्यक्तिहरुको खेलकुदको लागि काम गरिरहेका संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

१५.४.३."पहुँचयुक्त पर्यटन" भन्ने मुल नारा सहित सांस्कृतिक क्षेत्र वा स्थलहरू, धार्मिक तथा ऐतिहासिक स्थल, खेलकुद तथा मनोरञ्जन स्थलहरू र पर्यटकीय स्थानहरूमा अपाङ्गता भएका व्यक्तिहरूको समान पहुँच सुनिश्चित गरिनेछ ।

१५.४.४.मनोरञ्जनात्मक र सांस्कृतिक गतिविधिहरुमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागीता र संलग्नता सुनिश्चित हुने वातावरण सृजना गर्न मनोरञ्जनात्मक सामग्री र गतिविधिहरूलाई संभव भएसम्म पहुँचयुक्त र अपाङ्गता मैत्री बनाउन आवश्यक पहलहरू गरिनेछ ।

**१५.५.रणनीति**

१५.५.१.गैर सरकारी संस्थाहरूको प्रयासमा हुँदै आएका विशेष खेलकुदहरूको थप विकास र प्रवर्द्धनका लागि संस्थागत अनुदानमा वृद्धि गर्ने ।

१५.५.२.अपाङ्गता भएका व्यक्तिहरूको खेलकुदको विकासको लागि विशेष खेलकुद समितिलाई थप समावेशी र अधिकार सम्पन्न बनाउँदै क्षमता विकास गरि उक्त समितिको सकृयतालाई बढाइनेछ ।

१५.५.३.विशेष खेलकुदको आयोजनालाई विस्तार गर्ने र खेलाडी, प्रशिक्षक र व्यवस्थापकहरूको क्षमता विकास गर्ने ।

१५.५.४.अपाङ्गता भएका व्यक्तिका सांस्कृतिक, खेलकुद लगायत अन्य प्रतिभाहरूलाई समाजमा उजागर गराइनेछ ।

१५.५.५.पहुँचयुक्त पर्यटनलाई प्रवर्द्धन गरिनेछ र पर्यटकीय, एतिहासिक स्थल, धार्मिक स्थल र होटेलहरूलाई भौतिक रूपमा पहुँचयुक्त बनाइनेछ ।

१५.५.६.विद्यालयस्तरमा सञ्चालन हुने खेलकुद तथा मनोरञ्जनात्मक गतिविधिहरूमा अपाङ्गता भएका बालबालिकाहरूलाई समान रूपमा सहभागी गराइनेछ ।

**१५.६.अपेक्षित उपलब्धी**

१५.६.१.अपाङ्गता भएका वालकालिका/व्यक्तिहरूको खेलकुद, मनोरञ्जन तथ सांस्कृतिक गतिविधिहरूमा सहभागितामा वृद्धि हुनेछ ।

१५.६.२.विशेष खेलकुदको विकास र विस्तार भई स्थानीय स्तरका अपाङ्गता भएका व्यक्तिहरू यसबाट लाभान्वित हुनेछन् ।

१५.६.३.अपाङ्गता भएका खेलाडी तथा व्यक्तिहरूले समाजमा आफ्ना प्रतिभा र सीपहरू प्रदर्शन गर्ने अवसर पाउनेछन जसले समाजमा अपाङ्गता प्रति सकारात्मक परिवर्तन ल्याउन मद्दत पुग्नेछ ।

१५.६.४.आन्तरिक पर्यटनमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागितामा अभिवृद्धि भई पर्यटन प्रवर्धनमा सघाउ पुग्नेछ ।

## १५.७.कार्ययोजना

| क्रम | कृयाकलपाहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | विशेष राष्ट्रिय खेलकुदको आयोजना गर्ने | यूवा तथ खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद र विशेष खेलकुद समिति | विशेष खेलकुद र विकासमा काम गरिरहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू र अन्य सरोकारवालाहरू | २०७४ सालदेखि निरन्तर | आयोजित विशेष राष्ट्रिय खेलकुदहरू |
| २ | विशेष खेलकुदकालागि व्यवस्थापक र प्रशिक्षकहरू तयार गर्ने | यूवा तथ खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद र विशेष खेलकुद समिति | विशेष खेलकुद र विकासमा काम गरिरहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू र अन्य सरोकारवालाहरू | २०७६ साल सम्ममा | तयार भएका तालिमप्राप्त व्यवस्थापक र प्रशिक्षकहरूको संख्या |
| ३ | अपाङ्गता भएका खेलाडीहरूलाई विभिन्न विशेष खेलहरूमा तालिम र प्रशिक्षण दिने । | यूवा तथ खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद र विशेष खेलकुद समिति | विशेष खेलकुद र विकासमा काम गरिरहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू र अन्य सरोकारवालाहरू | २०७३ सालदेखि निरन्तर | तालिमप्राप्त खेलाडीहरूको संख्या |
| ४ | विशेष खेलकुद सम्बन्धी जनचेतनामुलक कार्यक्रम आयोजना गर्ने र चेतनामुलक सामग्रीहरू निर्माण गरि प्रचारप्रसार गर्ने । | यूवा तथ खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद र विशेष खेलकुद समिति | विशेष खेलकुद र विकासमा काम गरिरहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू र अन्य सरोकारवालाहरू | २०७३ सालदेखि निरन्तर | जनचेतनामुलक कार्यक्रम र सामग्रीहरूको संख्या, गुणस्तर र त्यसबाट लाभान्वितहरूको संख्या । |
| ५ | खेलमैदान र कभर्ड हलहरूलाई अपाङ्गता भएका दर्शक तथा खेलाडी दुवैका लागि पहुँचयुक्त बनाउने र विशेष खेलकुदहरू खेल्न र आयोजना गर्न मिल्नेगरि निर्माण गर्ने । | यूवा तथ खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद र विशेष खेलकुद समिति | भौतिक योजना तथा निर्माण मन्त्रालय, नगरपालिकाहरू, शहरी विकास विभाग | २०७५ साल सम्ममा सम्पन्न गरिसक्ने | पहूँचयुक्त खेलमैदान र कभर्डहलहरूको संख्या |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | विभिन्न पुनर्स्थापना केन्द्रहरूमा विशेष खेलकुदको प्रशिक्षण तथा प्रतियोगिताहरू आयोजना गर्ने | यूवा तथ खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद र विशेष खेलकुद समिति | | २०७३ सालदेखि निरन्तर | आयोजित प्रशिक्षण कार्यक्रम र प्रतियोगिताहरूको संख्या । |
| ७ | विशेष खेलकुदको प्रवर्द्धन गर्ने गैर सरकारी संस्था वा निकायहरूलाई संस्थागत अनुदान उपलब्ध गराउने | यूवा तथ खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद | विशेष खेलकुद समिति | २०७३ सालदेखि निरन्तर | उपलब्ध संस्थागत अनुदानको मात्रा |
| ८ | विद्यालय स्तरीय विशेष खेलकुदहरूको आयोजना गर्ने गराउने । | शिक्षा विभाग | विशेष खेलकुद समिति | २०७३ सालदेखि निरन्तर | आयोजित विद्यालयस्तरीय विशेष खेलकुदहरूको संख्या । |
| ९ | बहिरा व्यक्तिहरूको लागि समेत पहुँचयुक्त हुनेगरि मनोरञ्जनात्मक तथा सन्देशमुलक सिनेमा, डकुमेन्ट्रि, टेली सृङ्खला, म्युजिक भिडियो आदिमा सबटाइटलहरु राखेर उत्पादन गराउन सम्बन्धित सरोकारवालाहरूलाई उत्प्रेरित गर्न र यसको लागि आवश्यक नीतिगत व्यवस्था गर्ने । | संस्कृति पर्यटन तथा नागरिक उड्यान मन्त्रालय | नेपाल चलचित्र विकास बोर्ड | २०७३ सालदेखि निरन्तर | स्वीकृत नीतिगत व्यवस्था र सो नीतिगत व्यवस्थालाई कार्यान्वियन गरिरहेका संस्था र उनीहरूका उत्पादित सेवाहरू । |
| १० | धार्मिक स्थल, मनोरञ्जन स्थलहरू, ऐतिहासिक स्थलहरू, होटेल तथा रेष्टुरेन्ट, विमानस्थल आदिलाई नेपाल सरकारले तोकेको मापदण्ड अनुसार अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त बनाउने वा बनाउन लगाउने । | संस्कृति पर्यटन तथा नागरिक उड्यान मन्त्रालय | होटेल एशोसिएसन नेपाल | २०७८ सम्ममा सम्पन्न गरिसक्ने | अपाङ्गता मैत्री बनाइएका पर्यटकीय स्थलहरूको संख्या । |

मस्यौदा

# १६: सहायक सामग्री र सहयोगी सेवाहरू

## १६.१.वर्तमान अवस्था

क) सहायक सामग्री अपाङ्गता भएका व्यक्तिहरूको दैनिक जीवनलाई सहज बनाउन र सार्वजनिक जीवनमा सहभागी हुन सहयोग पुऱ्याउने अपरिहार्य वस्तु वा सुविधा हो । अपाङ्गताको प्रकृति र गम्भीरता अनुसार सहायक सामग्रीहरू फरक फरक हुन्छन् । नेपालमा अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो दैनिक जीवनमा प्रयोग गरिरहेका सहायक सामग्रीहरूमा बैशाखी, ह्वीलचियर, क्यालिपर, एल्वो क्रचेस, सेतो छडी, श्रवण यन्त्र, लठ्ठी, वाकर, विशेष प्रकारको जुत्ता, कृतृम हात वा खुट्टा, क्याथेटर, विशेष प्रकारको मेच र विशेष प्रकारका सफ्टवेयरहरू पर्छन ।

ख) नेपाल सरकारलेविभिन्न दातृ निकायको सहयोगमा राष्ट्रिय अपाङ्ग कोष मार्फत विभिन्न जिल्लामा ह्वीलचियर, वैशाखी, सेतो छडी, विशेष प्रकारको जुत्ता, कृतृम हात खुट्टा जस्ता सेवाहरू उपलब्ध गराइरहेको छ भने गैर सरकारी निकायहरूले पनि यस्ता सामग्रीहरू नि:शुल्क वितरण गर्दै आएका छन् । सहायक सामग्री र कृतृम हात खुट्टा, क्लालिपर, विशेष प्रकारको जुत्ता आदिको लागि महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले विभिन्न विकास क्षेत्रमा गैर सरकारी स्तरबाट सञ्चालित पुनर्स्थापना केन्द्रर उनीहरूले सञ्चालन गरेका कार्यशालाहरूलाई अनुदान उपलब्ध गराउँदै आएको छ ।

ग) स्वदेशमै ह्वीलचियर उत्पादनको लागि महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, अपाङ्गता भएका व्यक्तिहरूका संस्थाहरू र काठमाडौं विश्वविद्यालयको पहलमा नमुना ह्वीलचियर निर्माण गरि परीक्षण गर्ने कार्यहरू भैरहेका छन् । कतिपय गैर सरकारी संस्थाहरूले स्वदेशमै दृष्टिविहीन व्यक्तिहरूले प्रयोग गर्ने सेतो छडीको पनि उत्पादन गरि वितरण गर्ने कामहरू गरिरहेका छन् ।

घ) पूर्ण अपांगता भएका व्यक्ति र अति अशक्त अपांगता भएका व्यक्तिहरूका लागि सहयोगी सेवा अपरिहार्य आवश्यकता हो । व्यक्तिगत सहयोगीहरूको सहयोगमा नै उनीहरूले आफ्नो दैनिक जीवनलाई सहज र सकृय बनाउन सक्छन । विकसित देशहरूमा यो सेवा व्यावसायिक र संस्थागत भैसकेको भएतापनि नेपालमा नयाँ हो । अपांगता क्षेत्रमा काम गर्ने संस्थाहरूले यो सेवालाईसीमित क्षेत्रमा उपयोग गरेको भएतापनि सरकारी स्तरबाट सम्बोधन भैसकेको छैन । अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धीले पनि व्यक्तिगत सहयोगी सेवालाई राज्यले सम्बोधन गर्नुपर्ने उल्लेख गरेको छ । नेपालमा हाल अपांगता भएका व्यक्तिहरूले यो सेवालाई राज्यले सम्बोधन गर्नुपर्ने र संस्थागत गर्नुपर्ने मागहरू राखिरहेका छन् । यसै आवश्यकतालाई मध्यनजगर गरि महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले सहयोगी सेवा सम्बन्धमा छुट्टै निर्देशिका बनाउनको लागि पहल सुरूवात गरेको छ ।

## १६.२.मुद्दा तथा समस्या

क) नेपालमा अपाङ्गता भएका व्यक्तिहरूले सहायक सामग्री अझै पनि अधिकारको रूपमा भन्दा पनि दया वा कल्याणकारी अवधारणा अनुरूप पाइरहेका छन् । दुर दराजमा रहेका अपाङ्गता भएका व्यक्तिहरू अझै पनि सहायक सामग्रीको पहुँचभन्दा बाहिर छन् भने पाउनेहरूले पनि आफूले चाहेको सहायक सामग्रीका लागि कुनै

सार्वजनिक कार्यक्रम नै कुर्नुपर्ने अवस्था छ । नेपालमा सहायक सामग्रीको मापदण्ड सम्बन्धि कुनै पनि व्यवस्था गरिएको छैन र यसको आयात, उत्पादन र वितरण सम्बन्धी कुनै प्रणाली पनि छैन । न्युनतम कस्तो गुणस्तरको सहायक सामग्री हुनुपर्ने हो र हरेक व्यक्तिले सहायक सामग्री कसरी प्राप्त गर्नुपर्ने भन्ने वारेमा सबैका लागि समान रूपमा लागू हुने निर्देशिका वा कानुनी व्यवस्था छैन । आफुलाई आवश्यक परेको वेलामै प्राप्त गर्नुपर्ने चिज भएको भएतापनि कुनै व्यक्तिलाई स्थानीय स्तरमा यदि सहायक सामग्रीको आवश्यकता पऱ्यो भने कहाँबाट प्राप्त गरिने भन्ने वारेमा कुनै व्यवस्था छैन ।

ख) अपाङ्गताको अवस्था अनुसार सहायक सामग्रीहरू छनौट गर्नुपर्ने हुन्छ । आफुलाई कस्तो प्रकारको सहायक सामग्री उपयुक्त हुन्छ वा हुँदैन त्यसको निर्णय गर्ने पुरापुरी हक अपाङ्गता भएका व्यक्तिहरूलाई हुन्छ । यदि अपाङ्गता भएका व्यक्तिहरूको अवस्था अनुसार सहायक सामग्री भएन भने या त त्यो पूर्ण रूपमा उपयोग गरिँदैन या त त्यसको उपयोगले शरीरमा थप खराविहरू ल्याउन सक्छ । सहायक सामग्रीहरू प्रदान गरेर मात्र पनि पुग्दैन । कतिपय सहायक सामग्रीहरू कसरी प्रयोग गर्ने भन्ने वारेमा तालिम र अभिमुखीकरणको समेत आवश्यकता पर्छ साथै सहायक सामग्रीहरूको सुरक्षा, मर्मत र सम्भार सँग जोडीएका पनि विभिन्न विषयहरू हुन्छन् ।तर हाल भैरहेको वितरणमा यस्ता कुराहरूमा ध्यान दिने संस्थाहरू ज्यादै कम मात्रामा छन् ।

ग) कतिपय गम्भीर अपाङ्गता भएका व्यक्तिहरूका लागि विशेष प्रकारले निर्माण गरिएका ह्वीलचियरहरूको आवश्यकता पर्छ । तर नेपालमा सरकारले मागको आधारमा यस्ता ह्वीलचियरहरू मगाएर आपूर्ति गर्ने प्रयासहरूको थालनी गरेको छैन । सरकार वा गैर सरकारी निकायहरूले उपलब्ध गराउने सहायक सामग्रीहरूले कुल मागको निकै सानो हिस्सा मात्र धान्न सकेको हुनाले धेरै अपाङ्गता भएका व्यक्तिहरू यसबाट बञ्चित छन् ।

घ) व्यक्तिगत सहयोगीको सहयोगमा अपांगता भएका व्यक्तिहरूले अन्य व्यक्ति सरह सकृय र उत्पादनशील जीवन ज्यून सक्ने भएतापनि नेपालमा यो सेवा अझै पनि व्यावसायिक हुन सकेको छैन । राज्य स्तरमा र विभिन्न सरोकारवाला निकायहरूमा यस विषयमा ज्यादै कम मात्रामा जानकारी छ । धेरैजसो अपांगता भएका व्यक्तिहरूलेआर्थिक अभावमा व्यक्तिगत सहयोगीको रूपमा आफन्त र साथिभाईहरूको उपयोग गर्छन । तर यसरी गरिएको सेवा अधिकार भन्दा पनि उपकार जस्तो देखिएको छ । व्यक्तिगत सहयोगीहरूका लागि पारिश्रमिक दिन नसक्दा धेरै अपांगता भएका व्यक्तिहरू अवसर र सेवा सुविधाहरू लिनबाट बञ्चित रहेको अवस्था छ ।

**१६.३.उद्धेश्य**

१६.३.१.आवश्यकता अनुसार र गुणस्तरीय सहायक सामग्री र सहयोगी सेवाहरूको आपूर्ति मार्फत अपाङ्गता भएका व्यक्तिहरूको दैनिक गमनशीलता, सार्वजनिक सहभागिता र दैनिक जीवनलाई सहज र स्वावलम्बी बनाउनु ।

**१६.४.नीति**

१६.४.१.आवश्यकता अनुसारका सहायक सामग्री सकेसम्म स्थानीय स्तरमानै नि:शुल्क उपलब्ध गराउने योजना, संयन्त्र र पद्दतिको स्थापना गरिनेछ ।



मस्यौदा

१६.४.२.सहायक सामग्रीहरुको स्वदेशमै उत्पादन गर्न र यस विषयमा अध्ययन तथा अनुसंधान गर्न गैर सरकारीनिकायहरू, विश्वविद्यालयहरू र नीजि क्षेत्रलाई प्रोत्साहित गरिनेछ

१६.४.३.पूर्ण अपाङ्गता भएका र अति अशक्त अपाङ्गता भएका व्यक्तिका लागि चाहिने व्यक्तिगत सहयोगी सेवालाई क्रमश: व्यावसायिकरण गर्दै लगिनेछ र यस्ता सेवाहरू उपलब्ध गराउन र परिचालन गर्न गैर सरकारी निकाय तथा नीजि क्षेत्रलाई प्रवर्द्धन गरिनेछ ।

## १६.५.रणनीतिहरू

१६.५.१.सहायक सामग्रीको न्यूनतम गुणस्तर र वितरण प्रणाली स्थापित गरि यस कार्यमा संलग्न सबै निकायहरूलाई उक्त गुणस्तर र प्रणालीको दायराभित्र ल्याइनेछ ।

१६.५.२.न्युनतम प्रत्येक जिल्लामा सहायक सामग्री वितरण गर्ने एउटा निकाय तोकिनेछ र उक्त निकायमार्फत वा त्यसैको समन्वयमा जिल्लामा सहायक सामग्रीहरू वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

१६.५.३.नेपालमै सहायक सामग्रीको उत्पान गर्ने सकिने सम्भावनाको अध्ययन गरि संभव हुने सहायक सामग्रीको उत्पादनलाई प्रवर्धन गरिनेछ ।

१७.५.४.सहयोगी सेवा सम्बन्धी छुट्टै निर्देशिकाको निर्माण गरि सोहि निर्देशिका अनुसार सहयोगी सेवाहरूको आपूर्ति र प्रवर्द्धन गर्दै लगिनेछ ।

## १६.६.अपेक्षित उपलब्धी

१६.६.१.अपाङ्गता भएका व्यक्तिहरूले स्थानीय स्तरमानै सहायक सामग्रीहरू प्राप्त गर्नेछन् र यसको उपलब्धतामा सहजता आउनेछ ।

१६.६.२.अपाङ्गता भएका व्यक्तिहरूले आफूले चाहेको र अनुकुल सहायक सामग्री चाहेको बेलामा प्राप्त गर्ने सक्नेछन ।

१६.६.३.अपाङ्गता भएका व्यक्तिहरूको लागि गुणस्तरीय सहायक सामग्रीको आपूर्तिमा वृद्धि हुनेछ ।

१६.६.४.स्वदेशमै सहायक सामग्रीको उत्पादनको लागि आधारहरू तयार हुनेछन र उत्पादनको थालनी हुनेछ ।

१६.६.५.अपाङ्गता भएका व्यक्तिहरूका लागि सहयोगी सेवाको उपयोगमा वृद्धि हुनेछ र यस्ता सेवाहरू सरकारी, गैर सरकारी दुवै क्षेत्रबाट उपलब्ध हुनेछन् ।

## १६.७.कार्ययोजना

| क्रम | कृयाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | सहायक सामग्री | महिला बालबालिका | स्वास्थ्य तथा | २०७४ साल | स्वीकृत कार्यविधि र |

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवस्थापन तथा वितरण सम्बन्धी मापदण्ड, कार्यविधि तथा नियमन प्रणाली निर्माण गर्ने । | तथा समाजकल्याण मन्त्रालय । | जनसंख्या मन्त्रालय, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अपाङ्गता क्षेत्रमा कार्यरत अन्य गैर सरकारी निकायहरू | भित्रमा सम्पन्न गरिसक्ने | मापदण्ड |
| २ | सहायक सामग्री , यसको प्रयोग र हिफाजत सम्बन्धी जानकारीमुलक सामग्री निर्माण तथा वितरण गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अपाङ्गता क्षेत्रमा कार्यरत अन्य गैर सरकारी निकायहरू | २०७३ साल भित्रमा गरिसक्ने | निर्माण गरिएको सामग्री र वितरण गरिएका संख्या |
| ३ | नेपालमै उत्पादन गर्न सकिने सहायक सामग्रीको उत्पादनको लागि सम्भाव्यता अध्ययन गरि नमुना सहायक सामग्रीहरूको निर्माण तथा परीक्षण गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, | विश्वविद्यालयहरू | २०७५ साल देखि निरन्तर गर्ने | अध्ययन सम्बन्धी प्रतिवेदन, परिक्षण गरिएका सहायक सामग्रीहरूको प्रकार र संख्या । |
| ४ | सहायक सामग्रीहरूको वितरणको लागि जिल्ला स्तरमा महिला बालबालिका कार्यालयलाई तोक्ने र यसको लागि चाहिने आवश्यक प्राविधिक मानवस्रोतको व्यवस्था गर्ने । | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, | पुनर्स्थापनाको क्षेत्रमा काम गर्ने गैर सकारी निकायहरू | २०७४ साल भित्रमा तोकिसक्ने | तोकिएको वितरण प्रणाली र व्यवस्था गरिएका प्राविधिक मानवस्रोतको संख्या |
| ५ | सहयोगी सेवा निर्देशिकाको निर्माण तथा कार्यान्वियन गर्ने | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | स्थानीय स्तरमा महिला तथा बालबालिका कार्यालय, जिल्ला विकास समिति रगाउँ विकास समितिहरू | २०७४ साल भित्रमा सम्पन्न गरिसक्ने | स्वीकृत सहयोगी सेवा निर्देशिका |
| ६ | सहयोगी सेवा सम्बन्धमा तालिम, जनचेतना तथा अभिमुखीकरण कार्यक्रमहरूको सञ्चालन | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, अपाङ्गता अधिकार प्रवर्द्धन साखा | अपाङ्गता क्षेत्रमा कार्यरत विभिन्न सरोकारवाला निकायहरू | २०७४ सालदेखि निरन्तर गर्ने | सञ्चालित कार्यक्रमहरूको संख्या, प्रकार र लाभान्वितहरूको संख्या । |

नागरिक आवाज

# १७: अपाङ्गगता र विपद्  व्यवस्थापन

## १७.१.वर्तमान अवस्था

क) विभिन्न प्राकृतिक तथा मानवजन्य विपद्हरूबाट सबैभन्दा धेरै प्रभावित हुने र जोखिममा रहने समुदायमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, गर्भवति वा प्रशुतिको अवस्थामा रहेका महिला, विरामी मानिसहरू पर्छन् । नेपाल भुकम्पीय लगायत अन्य प्राकृतिक जोखिमहरूको खतरामा रहेको देश हो । नेपालमा विपद् जोखिम न्युनिकरण सम्बन्धि विभिन्न कानुन नियम र नियमावलीहरू निर्माण गरिएका छन् जसमा दैवी प्रकोप उद्दार ऐन २०३९, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६, राष्ट्रिय आपत्कालित केन्द्र कार्य सञ्चालन कार्यविधि २०७२, जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६९ मुख्य हुन । यस्ता कानुनी व्यवस्थाहरूलाई कार्यान्वियन गर्न केन्द्रमा तथा जिल्ला स्तरमा विभिन्न सरकारी संयन्त्रहरूसकृय छन् ।राष्ट्रसंघीय निकाय तथा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी निकायहरूले पनि यस क्षेत्रमा सरकारसँग मिलेर वा स्वतन्त्र रूपमा विभिन्न कामहरू गरिरहेका छन् ।

ख) विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति २०६६ का मार्गनिर्देशक सिद्दान्तहरूमध्ये 'लैङ्गिक तथा सामाजिक समावेशीकरण' एउटाहो । यसै दस्तावेजको रणनैतिक कृयाकलापमा  विभिन्न लक्षित समुहहरुका लागि विपद् जोखिम न्युनिकरण सम्बन्धी पाठ्याक्रमको विकास गर्ने तथा सबै सरोकारवालाहरूको लागि प्रशिक्षण सञ्चालन गर्ने र समाजमा सिमान्तकृत श्रेणीमा रहेका दलित महिला अपाङ्ग तथा सुविधाबाट बञ्चित समुह, बालबालिका, वृद्ध वृद्धाहरू जस्ता अति सङ्कटासन्न समुहहरूका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्युनिकरण सम्बन्धी विशेष कार्यक्रमहरूको विकास गरि सञ्चालन गर्ने उल्लेख गरिएको छ ।

ग) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले लागू गरेको जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६९ ले अपाङ्गता भएका व्यक्तिहरूलाई पनि लक्षित समुहको रूपमा परिभाषित गरेको छ । यसैगरि गृह मन्त्रालयले लागू गरेको विपद्पूर्वतयारीतथाप्रतिकार्ययोजनातर्जुमामार्गनिर्देशनले "विपद् प्रतिकार्य योजना तर्जुमा गर्दाअबलम्बनगरिनेअन्तिमकार्यशालाकोकार्यसूचिकोपूर्वतयारीमाबहुविषयगतविषय(Crosscutting Issue) तथालैङ्गिकमुद्धाअन्तर्गतप्राकृतिकप्रकोपकोआधारभूतकारणकोविश्लेषणगर्दा, संकटासन्नतालेखाजोखागर्दा, क्षमताविकासगर्दारस्रोतपरिचालनगर्दाअपाङ्गताभएकोव्यक्तिकोआवश्यकतारक्षमतालाईमध्यनजरराख्नुपर्दछ।विपद्पूर्वतयारीतथाप्रतिकार्ययोजनातर्जुमा, कार्यान्वियनतथाअनुगमनकाहरेकचरणमामानवीयसहायतामासंलग्ननिकायतथाविषयगतक्षेत्रकाअगुवासंस्थाहरुलेमहिला,पुरुष, केटाकेटीतथाअपाङ्गभएकाव्यक्तिसहितकासमुदायकोसक्रियसहभागिताकोसुनिश्चितगर्नुपर्दछ।"भनि उल्लेख गरिएको छ । स्थानीयविपद्जोखिमव्यवस्थापनयोजनातर्जुमानिर्देशिका, २०६८ ले लक्षित समुहको

परिभाषा गर्दै
“आर्थिकरुपमापछाडिपरेकाविपन्नवर्गकामहिलाएवंबालबालिकातथाआर्थिकरसामाजिकरुपमापिछडीएकास बैजातजातिकाविपन्नवर्गहरु, ज्येष्ठनागरिक, दलित, आदीबासी, जनजातीअपाङ्गताभएकाव्यक्तिहरु, प्रकोपप्रभावितवासंकटासन्नसमुदायतथाव्यक्तिहरु, मधेसी, मुश्लिमजस्तावर्ग”भनि उल्लेख गरेको छ ।

घ) नेपाल पक्ष राष्ट्र रहेको अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धीको धारा ११ ले "पक्षराष्ट्रहरूले अन्तर्राष्ट्रिय मानवीय कानुन तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन लगायत अन्तर्राष्ट्रिय कानुन अन्तर्गतका जिम्मेवारीहरू अनुसार शसस्त्र द्वन्द्व, मानवीय संकट तथा प्राकृतिक विपद्हरू घटेको अवस्थाहरू लगायत जोखिमका अन्य अवस्थाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण र सुरक्षा सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरू अवलम्बन गर्नेछन् ।" भनि उल्लेख गरिएको छ ।

ङ) नेपालमा विपद् व्यवस्थापनमा काम गर्ने विभिन्न संयन्त्रहरूलाई हेर्नेहो भने यस विषयमा काम गर्ने मुख्य केन्द्रीय निकायहरूमा केन्द्रीय दैवी प्रकोप उद्दार समिति, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय हुन भने अन्य निकायहरूमा जल तथा शक्ति आयोग, सिचाइ मन्त्रालय, बन तथा भू संरक्षण मन्त्रालय, वातावरण मन्त्रालय, विज्ञान तथा प्रविधि मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय आदि पर्छन् । यसैगरि स्थानीय निकायहरूमा क्षेत्रीय दैवी प्रकोप उद्दार समिति, जिल्ला दैवी प्रकोप उद्दार समिति, जिल्ला विकास समितिका कार्यालयहरू, जिल्ला प्रशासन कार्यालयहरू, जिल्ला जनस्वास्थ्य कार्यालयहरू यस विषयमा जिम्मेवार निकायहरू हुन ।

च) २०७२ साल वैशाख १२ मा गएको भुकम्पले नेपालमा धेरै ठूलो मानवीय, भौतिक तथा आर्थिक क्षति गरेको छ । यस भूकम्पमा परि ८ हजार मानिसहरूको ज्यान गएको छ भने २२ हजार मानिसहरू घाइते भएका छन् । भूकम्पबाट हजारौँ अपाङ्गता भएका व्यक्तिहरू नराम्रोसँग प्रभावित भएका छन भने पाँच हजार भन्दा बढी भुकम्पको कारणले थप अपाङ्गता भएको अनुमान गरिएको छ ।

## १७.२.मुद्दा तथा समस्या

क) अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, बालबालिका, गरिवीको अवस्थामा रहेका मानिसहरू, गर्भवति वा सुत्केरि अवस्थामा रहेका महिला, विरामी व्यक्तिहरू आदि विपद् जोखिमबाट बढी प्रभावित हुने समुहमा पर्छन् । नेपालमा समयसमयमा घट्ने सान ठूला प्राकृतिक विपद् होस वा मानव जन्य विपद् दुवैमा यो समुह बढी प्रभावित हुनेगरेको छ ।

ख) नेपालका विद्यमान विपद् व्यवस्थापन, विपद् प्रतिकार्य योजना तर्जुमार आपतकालित कार्य सञ्चालन सँग सम्बन्धित ऐन, नियम, कानुन, निर्देशिका आदिमा अपाङ्गता भएका व्यक्तिहरूलाई सङ्कटासन्न (vulnerable) समुहको रूपमा र लक्षित समुहको रूपमा परिभाषित गरिएतापनि व्यवहारमा उनीहरूलाई दिइने प्राथमिकतार विशेष संरक्षणहरूमा निकै कमि देखिने गरेको छ ।विपद्को अवस्थामा उद्दार कार्यमा अपाङ्गता भएका व्यक्तिहरूलाई पर्याप्त प्राथमिकता दिइँदैन भने राहत वितरण कार्य पनि

व्यवस्थित र अपाङ्गता छैनन् भन्ने कुरा गत २०७२ साल वैशाखमा गएको भूकम्प पश्चात गरिएको राहत वितरणमा अपाङ्गता भएका व्यक्तिहरू बञ्चित भएको अवस्थाले पुष्टि गरेको छ ।

ग) विपद् पश्चातका अवस्थाहरूमा प्रभावित मानिसहरूलाईसुरक्षित राख्नको लागि बनाइएका स्थानहरू अपाङ्गता मैत्री नहुनु, अस्थाई आवास, सरसफाइ सम्बन्धी व्यवस्था, पानीको सुविधा, राहत वितरण गर्ने स्थान र प्रणालीहरू, सौचालय आदि अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त नहुँदाउनीहरू विपद् पश्चातका अवस्थाहरूमा असाध्य कष्टकर जीवन बाँच्न बाध्य हुन्छन् ।

घ) विपद्का अवस्थाहरूमा कसरी सुरक्षित रहने भन्ने वारेमा सञ्चालति तालिम तथा अभिमुखीकरण कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता कम हुने गरेको पाइन्छ भने यस्ता तालिम तथा अभिमुखिकरणहरूमा अपाङ्गताको अवस्था, प्रकार र गम्भीरता अनुसार कसरी के कस्ता सुरक्षाका उपायहरू अपनाउने भन्ने वारेमा सिकाउने गरिँदैन ।यस विषयमा तयार गरिने चेतनामुलक र सूचनामुलक सामग्रीहरू बहिरा, दृष्टिविहीन, बौद्धिक अपाङ्गता भएका व्यक्ति, निरक्षर मानिसहरू, अटिज्म प्रभावित व्यक्तिहरूको समेत पहुँच बाहिर हुनेगर्छन ।

ङ) सार्वजनिक संरचनाहरू सबैका लागि पहुँच र प्रयोगमा सहज नभएको कारणले पनि विपद्का अवस्थाहरूमा अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, गर्भवति वा सुत्केरी महिला, विरामी व्यक्तिहरूलाई उद्दार गर्न वा जीवन रक्षाको लागि काम गर्न असहज हुनेहुनाले पनि यस्ता समुहहरूको ज्यान विपद्को अवस्थामा ज्यादै जोखिममा रहेको छ । विपद् सम्बन्धी पूर्व चेतावनीको लागि दिने सूचनाहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि (खास गरेर बहिरा व्यक्तिहरूका लागि) नहुनाले पनि उनीहरू यसको थप मारमा परेका छन् ।

च) विपद् व्यवस्थापन सम्बन्धी पूर्वतयारी, योजना निर्माण र अनुगमनहरूमा अपाङ्गता भएका व्यक्ति वा तिनका प्रतिनिधिहरूको सहभागिता वा परामर्श न्युन वा सुन्य हुनेगरेको छ ।यसले गर्दा अपाङ्गता समावेशी विपद् व्यवस्थापन वा पूर्व तयारी योजनाहरू बन्न सकेका छैनन् ।

छ) २०७२ साल वैशाख १२ र त्यसपछि गएका सक्तिशाली पराकम्पनहरूको कारणले भएका क्षतिहरूले अपाङ्गता भएका व्यक्तिहरू नराम्रोसँग प्रभावित भएका छन् । २०० जना अपाङ्गता भएका व्यक्तिहरूको मृत्यू भएको छ भने (राष्ट्रिय अपाङ्ग महासंघले जनाए अनुसार)५००० भन्दा बढी भूकम्पको कारणले अपाङ्गता भएका अनुमान गरिएको छ । भुकम्प पश्चातका अवस्थाहरूमा अपाङ्गता भएका व्यक्तिहरूले खास गरेर पहुँचयुक्त अस्थाई आवास, राहत वितरण, सौचालय र पानीको सुविधा लगायत सहायक सामग्रीको अभावको ठूलो सामना गर्नुपरेको तथ्यहरू सार्वजनिक भएका छन् ।

**१७.३.उद्धेश्य**

१८.३.१.विपद्को अवस्थामा अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने जोखिमलाई न्युनीकरण गर्नु र अपाङ्गता समावेशी विपद् व्यवस्थापनलाई प्रवर्द्धन गर्नु ।

**१७.४.नीति**

मस्यौदा

१७.४.१.विपद्का अवस्थाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको अपाङ्गताको गम्भीरताको आधारमा उद्दार, राहत, पुनर्लाभ तथा पुनर्स्थापनमा विशेष प्राथमिकतामा राखिनेछ ।

१७.४.२.विपद् व्यवस्थापन विभिन्न प्रकृयाहरूलाई अपाङ्गता समावेशी बनाइनेछ र अपाङ्गता भएका व्यक्ति वा तिनका प्रतिनिधि संस्थाहरूको सहभागितार प्रतिनिधित्वसुनिश्चितगरिनेछ ।

१७.४.३. विपद्का अवस्थाहरूमा अपनाउनुपर्ने सुरक्षाका उपायहरूबाट अपाङ्गता भएका व्यक्तिहरूसमेत लाभान्वित हुनेगरि कसरी व्यवस्थित गर्ने भन्ने बारेमा विशेष जोड दिइनेछ ।

## १७.५.रणनीति

१७.५.१.अपाङ्गता भएका व्यक्ति तथा सङ्कटासन्न अवस्थामा रहेका समुहहरूको पहिचान तथा सूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

१७.५.२.विपद् पूर्वतयारी सम्बन्धी योजना तर्जुमा, अनुगमन लगायत विभिन्न गतिविधिहरूमा अपाङ्गता भएका व्यक्ति वा उनीहरूका प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरिनेछ ।

१७.५.३. अपाङ्गता भएका व्यक्ति लगायत सबै समुह र वर्गहरूलाई विपद् व्यवस्थापनको अङ्ग बनाउन समावेशी विपद् व्यवस्थापनमा जोड दिइनेछ ।

१७.५.४.उद्दार र राहत वितरण लगायत विपदबाट प्रभावितहरूका लागि गरिने अस्थाई व्यवस्थालाई अपाङ्गता मैत्री बनाइनेछ र पुनर्स्थापना तथा पुनर्लाभका योजना र कार्यक्रमहरूलाई अपाङ्गता समावेशी बनाइनेछ ।

## १७.६.अपेक्षित उपलब्धी

१७.६.१.विपद्को अवस्थाहरूमा अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने जोखिमको मात्रामा कमि आउनेछ ।

१७.६.२.विपद् व्यवस्थापन र पूर्वतयारी सम्बन्धी गतिविधिहरू अपाङ्गता समावेशी हुनेछन् र यस्ता गतिविधिहरूमा हुने विभिन्न चरणमा हुने निर्णय प्रकयामा  अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता बढ्नेछ ।

१७.६.३.विपद् व्यवस्थापन, पूर्वतयारी, विपदको अवस्थामा अपनाउनुपर्ने सुरक्षा उपायहरू सम्बन्धी  तालिम, अभिमुखिकरण, जानकारी, सूचना आदिमा अपाङ्गता भएका व्यक्तिहरूको समान पहुँच पुग्नेछर यस्ता तालिम र अभिमुखीकरणहरू अपाङ्गता मैत्री हुनेछन्  ।

१७.६.४.खुल्ला स्थानहरू,विपद् प्रभावितहरूका लागि बनाइने अस्थाई आवास,सरसफाइ सुविधाहरू,सरकारले संरक्षण गरेका सुरक्षित खुल्ला स्थानहरू, सामुहिक आवासहरू आदिमा अपाङ्गता भएका व्यक्तिहरूको सहज र समान पहुँच हुनेछ

## १७.७.कार्ययोजना

| क्रम | कृयाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | विपद् व्यवस्थापनको प्रयोजनको लागि तथ्याङ्क सङ्कलन गर्दा अपाङ्गता भएका व्यक्तिहरूको अलग्गै छुट्याएर सङ्कलन गर्ने । | जिल्ला दैवि प्रकोप उद्दार समिति, केन्द्रीय दैवी प्रकोप उद्दार समिति | गृह मन्त्रालय, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय अपाङ्ग महासंघ र अन्य अपाङ्गता क्षेत्रमा काम गर्ने संस्थाहरू, | २०७३ देखि निरन्तर | अपाङ्गता भएका व्यक्तिहरूसमेतको अध्यावधिक सूचना तथा तथ्याङ्क जिल्ला दैवी प्रकोप उद्दार समितिसँग भएको अवस्था । |
| २ | विपद पूर्व तयारी सम्बन्धी जिल्ला र गाउँ स्तरमा बन्ने योजना तर्जुमा, तालिम, अभिमुखिकरण आदिमा अपाङ्गता भएका व्यक्ति र तिनका प्रतिनिधिहरूलाई अनिवार्य सहभागी गराउने | गृह मन्त्रालय,केन्द्रीय दैवी प्रकोप उद्दार समिति, जिल्ला दैवी प्रकोप उद्दार समिति, जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय, महिला तथा बालबालिका कार्यालय | नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, विपद् व्यवस्थापनमा काम गर्ने विभिन्न गैर सरकारी निकायहरू, मानवीय सेवामा काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू, राष्ट्रसंघीय निकायहरू | २०७३ साल देखि निरन्तर | अपाङ्गता समावेशी विपद् व्यवस्थापनतथा पूर्व तयारी सम्बन्धी समितिहरू, योजना तर्जुमा लगायत तालिम तथा अभिमुखिकरणहरूमा सहभागि भएका अपाङ्गता भएका व्यक्तिहरूको संख्या । |
| ३ | विपद् पूर्व तयारी सम्बन्धी तालिम र अभिमुखीकरण कार्यक्रमहरू सबै अपाङ्गता भएका व्यक्तिहरूको लागि मैत्रीपूर्ण हुनेगरि निर्माण गरि सञ्चालन गर्ने | गृह मन्त्रालय, केन्द्रीय दैवी प्रकोप उद्दार समिति, जिल्ला दैवी प्रकोप उद्दार समिति, जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय, महिला तथा बालबालिका कार्यालय | नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, विपद् व्यवस्थापनमा काम गर्ने विभिन्न गैर सरकारी निकायहरू, मानवीय सेवामा काम गर्ने राष्ष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू, राष्ट्रसंघीय निकायहरू | २०७३ साल देखि निरन्तर | सञ्चालित तालिम तथा अभिमुखीकरणको संख्या र त्यस्ता तालिमहरूमा समावेश गरिएका अपाङ्गता सम्बन्धि विषयवस्तुहरू, तालिम दिँदा अपानाइएको अपाङ्गता समावेशी मापदण्ड वा विधिहरू । |
| ४ | सार्वजनिक भौतिक संरचना र खुल्ला स्थानहरू अपाङ्गता भएका व्यक्ति लगायत सबैका लागि पहुँचयुक्त हुनेगरि मापदण्ड अनुसार निर्माण गर्ने । | आवास तथा भौतिक योजना मन्त्रालय,संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सहरी विकास विभाग, स्थानीय स्तरमा जिल्ला विकास | अन्य विभिन्न विषयगत मन्त्रालयहरू, प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय, सरकारका सबै स्थानीय निकायहरू, भौतिक निर्माणको | २०७३ सालबाट निरन्तर | निर्मित पहुँचयुक्त सार्वजनिक भौतिक संरचनाको सङ्ख्या । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समिति | क्षेत्रमा काम गरिरहेका गैरसरकारी संस्थाहरू, राष्ट्रसंघीय निकाय, अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू, निर्माण व्यवसायि संघ आदि । | | |
| ५ | समुदायमा आधारित विपद् व्यवस्थापनमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्ने | जिल्ला दैवी प्रकोप उद्दार समिति,जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय | महिला तथा बालबालिका कार्यालय, स्थानीय अपाङ्गता क्षेत्रमा काम गर्ने गैर सरकारी निकायहरू । | २०७३ साल | विपद् व्यवस्थापन सम्बन्धी विभिन्न स्थानीय समितिहरूमा सहभागी भएका अपाङ्गता भएका व्यक्तिहरुको संख्या |
| ६ | विपद्का सम्बन्धमा दिइने सबै किसिमका सार्वजनिक सूचनाहरूलाई वहिरा, दृष्टिविहिन, बौद्धिक अपाङ्गता भएका, अटिज्म प्रभावित वा निरक्षर व्यक्तिले समेत वुझ्ने र ग्रहण गर्न मिल्नेगरि विभिन्न बैकल्पिक तरिका (जस्तै श्रव्य, दृश्य, चित्र, साङ्केतिक भाषा, संकेतहरू आदि) र माध्यमहरू अपनाइ प्रवाह गर्ने । | गृह मन्त्रालयऽ सूचना तथा सञ्चार मन्त्रालयऽ सूचना विभाग | सरकारका सवै स्थानीय निकायहरू, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, अपाङ्गता क्षेत्रमा काम गर्ने गैर सरकारी संस्थाहरू, विपद् व्यवस्थापनमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायहरू, राष्ट्रसंघीय निकायहरू । | २०७३ साल देखि निरन्तर | विभिन्न वैकल्पिक ढाँचामा तयार गरिएका र प्रशारण वा जारी गरिएका विपद् सम्बन्धी सार्वजनिक सूचनाहरू । |
| ७ | विपद्बाट प्रभावित व्यक्तिहरूलाइ राख्न वा विपद् आउनु पूर्व नै मानिसहरूलाईलगेर राख्न निर्माण गरिएका खुल्ला स्थान(evacauation centers) वा सामुहिक आवासहरू वा अस्थाई वसोवासहरू राज्यले तोकेको मापदण्ड अनुसार अपाङ्गता मैत्री र सबैको लागि पहुँचयुक्त बनाउने । | आवास तथा भौतिक योजना मन्त्रालय,संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सहरी विकास विभाग, स्थानीय स्तरमा जिल्ला विकास समिति | अन्य विभिन्न विषयगत मन्त्रालयहरू, प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय, सरकारका सबै स्थानीय निकायहरू, भौतिक निर्माणको क्षेत्रमा काम गरिरहेका गैरसरकारी संस्थाहरू, राष्ट्रसंघीय निकाय, अन्तर्राष्ट्रिय गैर सरकारी निकायहरू, निर्माण व्यवसायि संघ आदि । | २०७३ साल बाट निरन्तर | पहुँचयुक्त खुल्ला स्थानहरू, विपद प्रभावितहरूका लागि निर्माण गरिने अस्थाई आवासहरू, सरसफाइ सुविधाहरू, पहुँचयुक्त सामुदायिक भवनहरू आदि । |
| ८ | राहत वितरण वितरण प्रणालीलाई अपाङ्गताभएका व्यक्तिहरूका लागि पहुँचयुक्त बनाउन | गृह मन्त्रालय, केन्द्रीय दैवी प्रकोप उद्दार समिति,नेपाली सेना, नेपाल प्रहरी | विपद् व्यवस्थापनमा काम गर्ने विभिन्न गैर सरकारी निकायहरू | २०७५ साल सम्ममा सम्पन्न गरिसक्ने | तालिमहरूको संख्या र लाभान्वितहरूको संख्या । |

| | | | | | |
|---|---|---|---|---|---|
| | आवश्यक नीतिहरू बनाउने | | | | |
| ९ | विपद्को अवस्थामा विभिन्न मानवीय सेवा काम गर्ने संघ संस्था, स्वयमसेवक, उद्दार कर्मी आदिलाई अपाङ्गता समावेशी विपद् व्यवस्थापन, उद्दार, राहत, आवास आदिको वारेमा आवश्यक तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने । | गृह मन्त्रालय, केन्द्रीय दैवी प्रकोप उद्दार समिति, नेपाली सेना, नेपाल प्रहरी, विभिन्न मानवीय सेवाको लागि काम गर्ने गैर सरकारी संघ संस्थाहरू | | २०७३ सालबाट निरन्तर गर्दै जाने | सञ्चालित अभिमुखिकरण कार्यक्रमहरूको संख्या र लाभान्वितहरूको संख्या |
| १० | विपदवाट प्रभावित व्यक्तिहरूको लागि आस्थाई आवास निर्माण देखि लिएर यस्ता आवास क्षेत्रहरूको अनुगमन प्रकृयामा अपाङ्गता भएका व्यक्ति वा तिनका प्रतिनिधिहरूलाई सहभागी गराउने । | गृह मन्त्रालय, केन्द्रीय दैवी प्रकोप उद्दार समिति, पुन निर्माण प्राधिकरण, जिल्ला दैवी प्रकोप उद्दार समिति र विभिन्न मानवीय सेवामा काम गर्ने संघसंस्थाहरू सबै । | | २०७४ साल सम्ममा नीतिगत व्यवस्था गरिसक्ने र निरन्तर कार्यान्वयन गर्दै जाने । | सञ्चालित विभिन्न अनुगमनका कामहरू, अनुगमन प्रतिवेदन र सहभागी भएका अपाङ्गता भएका व्यक्तिहरूको संख्या । |
| ११ | पुनर्स्थापना, पुनर्लाभ, नगद सहयोग, आर्थिक उपार्जन जस्ता कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता भएको सुनिश्चित गर्ने र राहत वितरण गरेको स्थान सम्म राहत लिन आउन नसक्ने अवस्थाका अपाङ्गता भएका व्यक्तिहरूका लागि उनीहरू बसेको ठाउँ सम्मै राहत पुर्‍याउने व्यवस्था गर्ने । | गृह मन्त्रालय, केन्द्रीय दैवी प्रकोप उद्दार समिति, पुन निर्माण प्राधिकरण, जिल्ला दैवी प्रकोप उद्दार समिति र विभिन्न मानवीय सेवामा काम गर्ने संघसंस्थाहरू सबै । | | २०७४ साल सम्ममा नीतिगत व्यवस्था गरिसक्ने र निरन्तर कार्यान्वयन गर्दै जाने । | स्वीकृत नीतिगत व्यवस्था र विभिन्न विपद्का अवस्थाहरूमा लाभान्वित हुने अपाङ्गता भएका व्यक्तिहरूको संख्या । |

## १८: सूचना र तथ्याङ्क

### १८.१.वर्तमान अवस्था

क) विश्व स्वास्थ्य संगठन र विश्व वैङ्कले पछिल्लो समयमा सन २०११ मा अपाङ्गता सम्बन्धी विश्वव्यापी अध्ययन गरेको छ जस अनुसार विश्वको कुल जनसङ्ख्याको १५ प्रतिशत मानिसहरू कुनै न कुनै रूपमा अपाङ्गताको अवस्थामा बाँचिरहेका छन भनेको छ । नेपालमा राष्ट्रिय जनगणना मार्फत अपाङ्गता भएका व्यक्तिहरूको समेत तथ्याङ्क संकलन गर्ने कार्यको सुरूवात भएको छ । सन २०६८ सालको जनगणनाले कुल जनसंख्याको १.९४ प्रतिशत मानिसहरू अपाङ्गता भएका छन भनि प्रतिवेदन सार्वजनिक गरेको छ । सन २००१ मा राष्ट्रिय योजना आयोगको पहलमा अपाङ्गता भएका व्यक्तिहरूको अवस्था विश्लेषण अध्ययन गरिएको थियो भने सन २०१४ र २०१५ मा नेपाल सरकार महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय र राष्ट्रिय अपाङ्ग महासंघ नेपालको संयुक्त पहल तथा एफएफओ नर्वेको सहयोगमा नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर अध्ययन गरिएको छ । यो अध्ययन नेपालका ५९ जिल्लाका ४००० घरधुरीमा गरिएको हो । यस बाहेक नेपालमा गैर सरकारी निकायहरूबाट पछिल्लो समयमा अपाङ्गता क्षेत्रमा विभिन्न प्रकारका अध्ययनहरू हुन थालेका छन्

### १८.२.मुद्दा तथा समस्या

क) नेपालमा अपाङ्गता र अपाङ्गता भएका व्यक्तिहरूको विषयमा निकै कम मात्रामा अध्ययन तथा अनुसंधानहरू हुन्छन् । यस विषयमा अध्ययन र अनुसन्धानको संस्थागत पहलहरू र लगानी दुवैको अभाव छ ।

ख) एकातिर अपाङ्गता भएका व्यक्तिहरूको विस्तृत र उनीहरूको अवस्था प्रष्ट झल्कने सूचना र तथ्याङ्क राज्यको कुनै निकायसँग छैन । जनगणनाले ल्याएको तथ्याङ्क एकातिर विभिन्न कारणले विश्वबैंक र विश्व स्वास्थ्य संगठनले गरेको अध्ययनको नतिजा भन्दा निकै कम छ भने उक्त तथ्याङकले अत्यन्तै समित मात्र जानकारीहरू उपलब्ध गराउँछ ।

ग) अपाङ्गता भएका व्यक्तिहरुको लागि सेवा सुविधा प्रवाह गर्न र उनीहरूका लागि प्रभावकारी नीति तथा कार्ययोजना निर्माण गर्न संख्या र उनीहरूको अवस्था सबै झल्कने प्रष्ट तथ्याङ्कको आवश्यक पर्छ । जस्तै संख्या, अपाङ्गताको प्रकृति, गंभीरता, पुनर्स्थापना, भौतिकसुविधा तथा सञ्चारमा पहुँच, औषधि उपचार, सहायक समाग्री, सामाजिक भेदभाव, शिक्षा, रोजगारी, स्वास्थ्य, आय आर्जन, आर्थिक अवस्था आदि सबै विषयहरूलाई सूचनामा समेटेर तथ्याङ्क र सूचनाहरू लिइएको छैन ।

घ) नेपालमा अपाङ्गता भएका व्यक्तिहरूलाई २०५७ सालदेखि परिचयपत्र उपलब्ध गराउन थालेको भएतापनि यसको तथ्याङ्कलाई हालसम्म राम्ररी अध्यावधिक गर्न सकिएको छैन ।

ङ) सूचना प्रविधिलाई उपयोग गरि तथ्याङ्क र सूचनाको व्यवस्थापनलाई प्रभावकारी, विश्वासिलो र चुस्त बनाउन सकिने कयौं विकल्पहरू हुँदाहुँदैपनि यस्ता विकल्पहरूको राम्रो उपयोग गर्न सकिएको छैन ।

च) पर्याप्त सूचना र तथ्याङ्कको अभावमा एकातिर प्राथमिकताको आधारमा सेवा सुविधाहरू उपलब्ध गराउन कठिनाइ भएको अवस्था छ भने अर्कोतिर वास्तविक अवस्थामा आधारित रहेर नीति तथा कार्ययोजनाहरू निर्माण गर्न पनि सकिएको छैन ।

### १८.३.उद्देश्य

अपाङ्गता र अपाङ्गता भएका व्यक्तिहरू सम्बन्धी सूचना र तथ्याङ्कहरूलाई व्यवस्थित र विस्तृत बनाउने ।

### १८.४.नीति

अपाङ्गता सम्बन्धी अध्ययन, अनुसन्धान र तथ्याङ्क सङ्कलन तथा सूचना व्यवस्थापनलाई चुस्त, प्रभावकारी र गुणस्तरीय बनाइनेछ ।

### १८.५.रणनीति

सरकारी तथा गैर सरकारी दुवै अपाङ्गता सम्बन्धी गुणस्तरीय अध्ययन तथा अनुसंधानहरूलाई प्रवर्द्धन गर्ने र यस विषयमा केन्द्रीय तथ्याङ्क विभाग र विश्यविद्यालयहरूको संलग्नतालाई बढावा दिने ।

राज्यको तर्फबाट अपाङ्गता सम्बन्धी अध्ययन अनुसन्धान तथा तथ्याङ्क सङ्कलनमा लगानीमा अभिवृद्धि गर्ने ।

अध्ययन अनुसन्धान लगायत सूचना र तथ्याङ्कको व्यवस्थापनमा सूचना प्रविधिको उपयोगमा जोड दिने र स्थानीय स्तरमा सूचना तथा तथ्याङ्क व्यवस्थित र अध्यावधिक गर्न आवश्यक व्यवस्था गर्ने ।

### १८.६.अपेक्षित उपलब्धी

अपाङ्गता सम्बन्धी अध्ययन र अनुसंधानमा वृद्धि हुनेछ र योजना निर्माणमा पर्याप्त तथ्यगत आधारहरू प्राप्त हुनेछन् ।

अपाङ्गता भएका व्यक्तिहरूको बारेमा विस्तृत तथ्याङ्क स्थानीय तथा राष्ट्रिय दुवै तहमा अध्यावधिक हुनेछ

तथ्याङ्क अध्यावधिक गर्ने र सङ्कलन गर्ने काम तथा प्रणालीहरूमा सूचना प्रविधिको उपयोग भई सूचना तथा तथ्याङ्क व्यवस्थापन चुस्त, छिटो र छरितो हुनेछ ।

## १८.७.कार्ययोजना

| क्रम | कृयाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | अपाङ्गता सम्बन्धी छुट्टै विस्तृत सर्भेक्षण गर्ने | योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायहरू | २०७५ साल | सर्भेक्षण प्रतिवेदन |
| २ | सरकार लगायत विभिन्न संघ संस्था वा निकायहरूले गरेका अपाङ्गता सम्बन्धी | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय | राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न | २०७४ साल | स्थापना गरिएको सूचना केन्द्र, सूचना केन्द्रका सेवा सर्त र कार्यविधि । |

| | | | | | |
|---|---|---|---|---|---|
| | सर्भेक्षण, अध्ययन र अनुसन्धानहरूबाट प्राप्त सूचना, तथ्याङ्कहरूलाई व्यवस्थित तथा पारदर्शी गर्ने र नियमित विश्लेषण गर्ने एक अपाङ्गता सम्बन्धी राष्ट्रिय सूचना केन्द्रको स्थापना गर्ने । | | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायहरू | | |
| ३ | गैर सरकारी क्षेत्र वा विश्वविद्यालयहरुलाई अपाङ्गता सम्बन्धी अध्ययन अनुसंधानमा संलग्न गराउने तथा प्रोत्साहन गर्ने । | शिक्षा मन्त्रालय | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायहरू | निरन्तर कार्यक्रम | विश्वविध्यालय र गैर सरकारी क्षेत्रमा कार्यरत अध्ययन तथा अनुसंधान केन्द्रहरू मार्फत सरकारले गरेका अपाङ्गता सम्बन्धी अध्ययन तथा अनुसंधानहरू । |
| ४ | जनगणनामा अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क र सूचनालाई अझ स्पष्ट र विस्तृत वनाउन प्रश्नावलीमा थप सुधार गर्ने, जनचेतना कार्यक्रम तथा तालिममा थप सुधार गर्ने । | केन्द्रीय तथ्याङ्क विभाग | राष्ट्रिय योजना आयोग, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायहरू | २०७६ साल | |
| ५ | हरेक जिल्लामा अपाङ्गता सम्बन्धी तथ्याङ्क र सूचनाहरू नियमित अध्यावधिक गर्ने प्रणाली र संयन्त्र स्थापित गर्ने | महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, महिला तथा बालबालिका कार्यालय । | अन्य स्थानीय सरकारी निकायहरू र जिल्लामा अपाङ्गता सम्बन्धी काम गर्ने संस्थाहरू, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र अपाङ्गता क्षेत्रमा काम गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायहरू | २०७३ साल देखि | जिल्लामा स्थापित सूचना प्रणाली, संयन्त्र, अध्यावधिक गरिएका सूचनाहरू । उपयोग गरिएको सफ्टवेयर, अनलाइन डाटावेस प्रणाली |
| ६ | अपाङ्गता परिचयपत्र वितरणको अभिलेखलाई सफ्टवेयर मार्फत राख्ने व्यवस्था गर्ने । र अनलाइन डाटावेस निर्माण गरि सोझै केन्द्रमा अध्यावधिक हुने व्यवस्था गर्ने । | महिला तथा बालबालिका कार्यालय | स्थानीय स्तरमा अपाङ्गता क्षेत्रमा काम गरिरहेका संघ संस्थाहरू | २०७३ साल देखि | उपयोग गरिएको सफ्टवेयर, सूचना अध्यावधिक गर्ने प्रणाली र संयन्त्र |
| ७ | विभिन्न निकायहरूमार्फत विभिन्न सेवा सुविधाहरू | विभिन्न विषयगत | समन्वय : महिला | २०७३ साल देखि | सेवाग्राहिहरूको अभिलेखमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | पाउने सेवा ग्राहिहरूको विवरणमा अपाङ्गता भएका व्यक्तिहरूको विवरण अलग्गै छुट्याएर राख्ने व्यवस्था गर्ने गराउने । | मन्त्रालयहरू, सबै स्थानीय निकायहरू र गैर सरकारी संस्थाहरू | बालबालिका तथा समाजकल्याण मन्त्रालय | | अपाङ्गता भएका व्यक्तिहरूको अलग्गै छुट्टिने गरि सूचना र तथ्याङ्क राख्ने प्रणाली र उपकरणहरू प्रयोगमा ल्याएको । |

दोस्रो मस्यौदा

## खण्ड तीन

## नीति तथा कार्ययोजनाको कार्यान्वयन प्रकृया

### ३.१. नीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

क) यो नीति तथा कार्ययोजनाको कार्यान्वयनमा विभिन्न विषयगत मन्त्रालयहरू, विभागहरू र तीनका स्थानीय निकायहरूको समान दायित्व तथा जिम्मेवारी रहनेछ ।

ख) यस नीति तथा कार्ययोजनाको कार्यान्वयनको लागि हरेक विषयगत मन्त्रालयऽ विभाग र स्थानीय निकायहरूले आफ्नो कार्यक्षेत्र भित्र पर्ने विषयहरू अन्तर्गत निर्माण गर्ने बार्षिक तथा आवधिक कार्यक्रम कार्यनीति वा रणनीतिहरूले अपाङ्गता भएका व्यक्तिहरूका लागि लक्षित तथा समावेशी दुवै प्रकृतिका कार्यक्रमहरू समावेश गर्नुपर्नेछ ।

ग) राष्ट्रिय योजना आयोगले निर्माण गर्ने विभिन्न आवधिक योजना र कार्यक्रमहरू निर्माण गर्ने क्रममा विभिन्न मन्त्रालयहरूले पेश गरेका कार्यक्रम तथा कार्ययोजनाहरू यस नीति तथा कार्ययोजना अनुसार भएको छ भनि सुनिश्चित गर्नुपर्नेछ ।

घ) विभिन्न मन्त्रालय तथा विभागहरूले आफू मातहतका कार्यक्रमहरू कार्यान्वयन गर्ने निकायहरूलाई सेवाग्राहीहरूको तथ्याङ्क राख्दा अपाङ्गता भएका व्यक्तिहरूको समेत तथ्याङ्क राख्न स्पष्ट निर्देशन दिनुपर्नेछ र स्थानीय निकायहरूले सोहि अनुरूपमा काम गर्नुपर्नेछ ।

ङ) अपाङ्गता क्षेत्रमा काम गर्न चाहने वा गरिरहेका विभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी निकाय, राष्ट्रिय गैर सरकारी निकायहरू, अपाङ्गता भएका व्यक्तिका संस्थाहरू, निजी क्षेत्रहरू सबैले यसै नीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा योगदान पुग्नेगरि नीति, कार्यक्रम, योजना र रणनीतिहरू बनाइ काम गर्नुपर्नेछ ।

### ३.२. स्रोत परिचालन

क) यस नीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको लागि सबै विषयगत मन्त्रालयहरू मार्फत उपलब्ध आर्थिक तथा प्राविधिक स्रोतहरूको परिचालन गरिनेछ ।

ख) अपाङ्गता क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी निकाय, राष्ट्रिय गैर सरकारी निकाय र नेपाल सरकारका विभिन्न निकायबीचको आर्थिक तथा प्राविधिक सहकार्यमा जोड दिइनेछ ।

मस्यौदा

मस्यौदा

ग) यस नीति तथा कार्ययोजना मार्फत अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धीको प्रभावकारी कार्यान्वयन गराउन संयुक्त राष्ट्रिसंघीय निकायहरूको संलग्नता बढाइनेछ ।

घ) अपाङ्गताको परिप्रेक्षबाट सरकारको दिगो विकास लक्ष प्राप्तीको लागि यस नीति तथा कार्ययोजनालाई एक महत्वपूर्ण आधार बनाइनेछ र द्विपक्षीय विकास निकायहरूलाई अपाङ्गता क्षेत्रमा लगानी गर्न अभिप्रेरित गरिनेछ ।

ङ) अपाङ्गता भएका व्यक्तिहरूको रोजगारी, सहायक समाग्री उत्पादन, पहुँचयुक्त पर्यटन, पहुँचयुक्त भौतिक संरचना निर्माण, पहुँचयुक्त सडक निर्माण  तथा यातायात व्यवस्थापन आदिमा नीजि क्षेत्रको संलग्नता बढाउने ।

च) अपाङ्गत भएका व्यक्तिहरुको लागि सरकारी, नीजि क्षेत्र, गैर सरकारी क्षेत्र आदिले प्रवर्द्धन गरेका विभिन्न प्रविधि र राम्रा अभ्यासहरूलाई थप विकास र विस्तार गर्न।

## ३.३. अनुगमन तथा मुल्याङ्कन

## क) अनुगमन

१. राष्ट्रिय योजना आयोगका सचिवको संयोजकत्वमा केन्द्रीय स्तरमा १५ सदस्यीय एक समावेशी राष्ट्रिय नीति तथा कार्ययोजना अनुगमन समिति गठन गरिनेछ । यो समिति २०७३ साल भित्रमा गठन गरिनेछ ।

२. क१ मा गठित अनुगमन समितिमा शिक्षा, स्वास्थ्य, संघीय मामिला तथा स्थानीय विकास र अर्थ मन्त्रालय लगायत विभिन्न विषयगत मन्त्रालयका सह सचिव स्तरीय प्रतिनिधित्व रहनेछ जसमा कम्तिमा राष्ट्रिय अपाङ्ग महासंघ लगायत अपाङ्गता अधिकारको लागि काम गरिरहेका विभिन्न संघसंस्थाका ५ जना प्रतिनिधि रहनेछन् ।

३. अनुगमन गर्दा यस नीति तथा कार्ययोजनामा निर्धारण गरिएका अनुगमन सूचकहरूलाई मुख्य आधार बनाइनेछ र नियमित अनुगमन गर्न र आवश्यक सूचना सङ्कलनको लागि  आवश्यक पद्दति र प्रकृयाहरू माथि क१ मा उल्लेखित समितिले २०७४ साल भित्रमा निर्धारण गरिसक्नेछ  ।

४. विभिन्न मन्त्रालयहरूले चौमासिक रूपमा अनुमगन समितिमा नीति तथा कार्ययोजनाको कार्यान्वयनको प्रतिवेदन पेश गर्नेछन जसको लागि  आवश्यक समन्वय महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय अन्तर्गत रहेको अपाङ्गता अधिकार समन्वय साखाले गर्नेछ ।

५. अनुगमन समितिको बैठक प्रत्येक चौमासिक अवधिमा वस्नेछ र नीति तथा कार्ययोजनाको कार्यान्वयन प्रगतिको समिक्षा गरि विभिन्न मन्त्रालयहरूलाई पृष्ठपोषण गर्नेछ ।

६. अनुगमन समितिले आवश्यकता अनुसार हरेक वर्य कम्तिमा वर्षको २ पटक नीति तथा कार्ययोजनाको कार्यान्वयनको स्थलगत अनुगमन गर्नेछ र प्रतिवेदन तयार गरि अपाङ्गता अधिकार राष्ट्रिय निर्देशन समितिमा पेश गर्नेछ ।

७. जिल्ला स्तरमा निति तथा कार्ययोजनाको कार्यान्वयनको नियमित अनुगमन गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ५ सदस्यीय जिल्ला अनुगमन समिति गठन गरिनेछ र उक्त अनुगमन समितिमा जिल्ला स्थित अपाङ्गता भएका व्यक्तिका प्रतिनिधि संस्थाका कम्तिमा २ जना प्रतिनिधि रहनेछन ।

## ख) मुल्याङ्कन

१. अपाङ्गता अधिकार राष्ट्रिय निर्देशन समितिले कम्तिमा वर्षको एक पटक विभिन्न विषयगत मन्त्रालय तथा सरोकारवाला निकायहरूका प्रतिनिधिहरू सम्मिलित बार्षिक समिक्षा गोष्ठिको आयोजना गरि नीति तथा कार्ययोजनाको कार्य प्रगतिको मुल्याङ्कन गर्नेछ । यसको लागि आवश्यक समन्वय महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय अन्तर्गतको अपाङ्गता अधिकार समन्वय साखाले गर्नेछ ।

२. प्रत्येक ४ वर्षमा स्वतन्त्र विज्ञहरूको समुहद्वारा नीति तथा कार्ययोजनाको कार्यान्वयन र प्रगतिको मुल्याङ्कन गरिनेछ ।

# ३.४. प्रतिवेदन

क) प्रत्येक विषयगत मन्त्रालयहरूले यस नीति तथा कार्ययोजना अनुसार भए गरेका काम र प्रगतिको हरेक चौमासिक अवधिको प्रतिवेदन राष्ट्रिय अपाङ्गता अधिकार निर्देशन समितिमा पेश गर्नुपर्नेछ । प्रतिवेदन सङ्कलनको लागि आवश्यक समन्वय महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय अन्तर्गतको अपाङ्गत अधिकार समन्वय साखाले गर्नेछ ।

ख) अपाङ्गता अधिकार राष्ट्रिय निर्देशन समितिले हरेक वर्ष राष्ट्रिय नीति तथा कार्ययोजनाको समग्र प्रगति प्रतिवेदन तयार गरि सार्वजनिक गर्नेछ ।